# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३

मानननीय मन्त्रिस्तरीय निर्णयबाट मिति २०८३/०५/११ मा स्वीकृत।

आ.व.२०८३/२०८४

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

## संक्षिप्त शब्दावली

आ.व. - आर्थिक वर्ष
एकाइ - शिक्षा विकास तथा समन्वय एकाइ
प्र.अ. - प्रधानाध्यापक
मन्त्रालय - सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
महाशाखा - मन्त्रालयको सम्बन्धित महाशाखा
वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति
स्थानीय तह - महानगरपालिका/नगरपालिका/गाउँपालिका

# विषयसूची

**खण्ड-एक**......................................................................................................१
**कार्यक्रमको परिचय तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन**...............................१
१.१ पृष्ठभूमिः ......................................................................................................१
१.२ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको लक्ष्य ..........................................१
१.३ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्र.......................................२
१.४ सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयको संगठनात्मक स्वरुप..........................३
१.५ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्यविवरण....................................४
१.६ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका महाशाखाहरू......................५
१.७ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहत तथा सम्बद्ध कार्यालय/निकायहरू.....५
१.८ कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ का उद्देश्यहरुः..........................................५
१.९ कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शनः ..........................................................५
१.१० कार्यक्रम कार्यान्वयनमा ध्यान दिनुपर्ने विषयहरुः...............................................६
१.११ वित्तीय व्यवस्थापन सम्वन्धीः..........................................................................७
१.१२ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी.....................................८
**खण्ड-दुई**......................................................................................................९
**वार्षिक विकास कार्यक्रम कार्यान्वयन क्षेत्रगत मापदण्ड** (२०८३/०८४) ...............................९
१. प्रशासन तथा योजना महाशाखा ...........................................................................१०
   क. प्रशासन, योजना तथा अनुगमन शाखा..............................................................१०
   ख. श्रम तथा रोजगार शाखा...............................................................................१७
२. सामाजिक विकास महाशाखा ...............................................................................२८
३. शिक्षा विकास महाशाखा (शिक्षा विकास निर्देशनालय)...............................................४६
४. उच्च शिक्षा तथा संस्कृति महाशाखा.....................................................................५९
५. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा .......................................................७१
६. युवा तथा खेलकुद महाशाखा..............................................................................७८
   क. युवा शाखा ...............................................................................................७८
   ख. खेलकुद शाखा............................................................................................८४
७. शिक्षा तालिम केन्द्र ..........................................................................................८७
८. प्रदेश सङ्ग्रहालय.............................................................................................९१

९. रोजगार सूचना केन्द्र ........ ९४
१०. एकीकृत सेवा कार्यालयहरू........ १०७
क. सामाजिक विकास तर्फः........ १०७
ख. शिक्षा, संस्कृति, युवा तथा खेलकुद तर्फ........ १२०
११. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (कास्की, पर्वत)........ १२८
१२. दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर)........ १३४
**अनुसूचीहरुः........ १३८**
क. प्रशासन, योजना तथा अनुगमन शाखाः........ १३८
ख. श्रम तथा रोजगार शाखा........ १४२
ग. सामाजिक विकास महाशाखा........ १४६
घ. शिक्षा विकास महाशाखा........ १५१
ङ. उच्च शिक्षा तथा संस्कृति महाशाखा........ १६९
च. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा........ १८४
छ. प्रदेश सङ्ग्रहालय........ १८७
ज. एकिकृत सेवा कार्यालय........ १८९

# खण्ड-एक

# कार्यक्रमको परिचय तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन

## १.१ पृष्ठभूमिः

नेपालको संविधानले राज्यको पुनर्संरचना मार्फत संघ, प्रदेश र स्थानीय तहमा अधिकारको विभाजन गरेको छ । तीन तहको सरकार वीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था छ । संविधानको अनुसूची ५ देखि ९ सम्म तीन तहका सरकारको एकल र साझा अधिकार व्यवस्था रहेको छ। सोहि बमोजिम मन्त्रालयले शिक्षा, विज्ञान प्रविधि, युवा तथा खेलकुद, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, सामाजिक समावेशीकरण, श्रम तथा रोजगार, भाषा, कला तथा संस्कृति, सामाजिक सुरक्षा तथा संरक्षण लगायतका क्षेत्रमा प्रदेशस्तरीय नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दछ। सामाजिक न्याय, समानता, समावेशिता र अवसरको समान पहुँच सुनिश्चित गर्दै पिछडिएका तथा सीमान्तकृत वर्गको सशक्तीकरण, युवाको क्षमता तथा नेतृत्व विकास, सीप र उद्यमशीलता प्रवर्द्धन, रोजगारीका अवसर विस्तार, खेलाडी तथा खेलकुद प्रतिभाको पहिचान र विकास, मौलिक भाषा, कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन तथा बालमैत्री र ज्येष्ठ नागरिकमैत्री समाज निर्माणमा मन्त्रालयले कार्य गर्दै आएको छ। साथै, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र क्षमता विकासमार्फत सामाजिक क्षेत्रका कार्यक्रमलाई प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउँदै समावेशी, सक्षम, सिर्जनशील र समृद्ध गण्डकी प्रदेश निर्माणमा योगदान पुऱ्याउनु मन्त्रालयको प्रमुख उद्देश्य हो।

प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घीय सरकार र स्थानीय तहसँगको समन्वयमा आफ्ना वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यक्रमलाई पारदर्शी, सरल, उत्तरदायी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले कार्य सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ को अधिकार प्रयोग गरी सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट **"सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३"** स्वीकृत गरिएको छ ।

## १.२ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको लक्ष्य

यस मन्त्रालयको मूल उद्देश्य गण्डकी प्रदेशका नागरिकको शिक्षा, भाषा, संस्कृति, श्रम रोजगार, सीप विकास, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, युवा तथा खेलकुद लगायत मन्त्रालयसँग सम्वन्धित विभिन्न विषयको कानून, नीति, नियम, मापदण्ड निर्माण तथा कार्यक्रमको कार्यान्वयनवाट समग्र सामाजिक क्षेत्रको विकास गरी स्वस्थ, शिक्षित, सक्षम र उद्यमशील नागरिक तयार गरी प्रदेशको विकासमा योगदान गर्दै समाजवाद उन्मुख समृद्ध प्रदेशको निर्माणमा योगदान पुऱ्याउनु हो। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको लक्ष्य देहाय अनुसार रहेको छः

- क. प्राविधिक शिक्षामा जोड दिइ प्रदेशलाई आवश्यक जनशक्ति उत्पादन गरी शैक्षिक वेरोजगार घटाउने।
- ख. उद्यमशीलता प्रर्वद्धन गर्दै रोजगारी र स्वरोजगारीको अवसर श्रृजना गर्ने।
- ग. हिंसा रहित स्वच्छ र सुसंस्कृत समाज निर्माण गर्ने।
- घ. श्रम शोषण रहित सभ्य समाज निर्माण गर्ने।
- ङ. सिमान्तकृत तथा अल्पसंख्यक नागरिकहरूलाई संरक्षण गर्ने।
- च. भाषा, धर्म, संस्कृति र पुरातत्व क्षेत्रको संरक्षण, सम्वर्द्धन र अभिलेखीकरण गर्ने।
- छ. युवा जनशक्तिलाई प्रदेशको विकासमा प्रवाहीकरण गर्ने।
- ज. अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने।
- झ. सूचना प्रविधिको माध्यमबाट प्रभावकारी सेवा प्रवाह गरी समृद्ध प्रदेश निर्माणको लक्ष्य हासिल गर्ने ।

## १.३ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्र

**यस मन्त्रालयको स्थापना २०७४ माघ २८ गते भएको हो। प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४ (संशोधन २०८१/५/१६) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार रहेको छ।**

क. **शिक्षाः** शैक्षिक योजना, उच्च शिक्षा, विज्ञान प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा

ख. **संस्कृतिः** धर्म, भाषा, संस्कृति तथा पुरातत्व

ग. **सामाजिक विकासः** महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सामाजिक न्याय

घ. **श्रम तथा रोजगार**

ङ. **युवा तथा खेलकुद**

१.४ सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयको संगठनात्मक स्वरुप



## १.५ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको कार्यविवरण

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण,
५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता विकास र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,
७. माध्यमिक तहको परीक्षा व्यवस्थापन,
८. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,
९. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
१०. लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
११. महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,
१२. लैङ्गिक उत्तरदायी बजेट तथा परीक्षण,
१३. वालावालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, वाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थापना,
१४. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,
१५. समाज कल्याण र संघसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,
१६. लोपोन्मुख, सीमान्तकृत, गरिव, ज्येष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
१७. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य
१८. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय तहसँग समन्वय,
१९. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी,
२०. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२१. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
२२. प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन एवम् व्यवस्थापन,
२३. प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक साँस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण,
२४. धर्म परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन
२५. रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२६. श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन,
२७. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,
२८. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,
२९. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन,
३०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, सर्वेक्षण र जनशक्ति विकास र उपयोग,
३१. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

३२. प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,
३३. युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,
३४. खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
३५. खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,
३६. प्रदेश खेलकुद परिषद सम्बन्धी,
३७. जिल्ला खेलकुद विकास समिति सम्बन्धी,
३८. युवा र खेलकुद सम्बन्धी अन्य गतिविधि।

## १.६ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका महाशाखाहरू

क. शिक्षा विकास महाशाखा
ख. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा
ग. उच्च शिक्षा तथा संस्कृति महाशाखा
घ. प्रशासन तथा योजना महाशाखा
ङ. युवा तथा खेलकुद महाशाखा
च. सामाजिक विकास महाशाखा

## १.७ सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहत तथा सम्बद्ध कार्यालय/निकायहरू

१. एकीकृत सेवा कार्यालयहरू (११ वटा)
२. शिक्षा तालिम केन्द्र, दमौली
३. प्रदेश सङ्ग्रहालय, पोखरा-९, नयाँबजार
४. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, कास्की
५. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, पर्वत
६. रोजगार सूचना केन्द्र, पोखरा
७. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, पोखरा
८. प्रदेश खेलकुद परिषद्, पोखरा
९. गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा
१०. गण्डकी विश्वविद्यालय, पोखरा
११. त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास समिति, विनयीत्रिवेणी, नवलपरासी (व.सु.पूर्व)
१२. मनकामना क्षेत्र विकास समिति, गोरखा

## १.८ कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३ का उद्देश्यहरुः

क. आ.व. २०८३/०८४ को वार्षिक विकास कार्यक्रमहरू समयमै प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने,
ख. कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,
ग. कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने,
घ. सम्बन्धित सरोकारवालाहरूलाई वार्षिक कार्यक्रम तथा कार्यान्वयन प्रक्रिया सम्बन्धमा सुसूचित गर्ने।

## १.९ कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शनः

गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८३/०८४ तथा सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९, प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९, भ्रमण खर्च नियमावली २०६४ लगायत सम्बद्ध कानून/कार्यविधिको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

## १.१० कार्यक्रम कार्यान्वयनमा ध्यान दिनुपर्ने विषयहरु:

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड अध्ययन गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लिखित प्रावधानको पालना र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालय/निकाय प्रमुखको हुनेछ। कार्यक्रमसंग सम्बन्धित शाखाको कर्मचारीले कार्यक्रम कार्यान्वयनमा सहयोगी भूमिका खेल्नेछ।

३. प्रत्येक कार्यक्रमको कार्यान्वयन सम्बन्धमा कार्यक्रम सञ्चालनको प्रकिया, सहभागीको विवरण, खर्चको बाँडफाँट, श्रोतव्यक्ति लगायतका विषय एकिन हुने गरी अवधारणा पत्र स्वीकृत गर्नु/गराउनु पर्नेछ ।

४. प्रस्ताव सङ्कलन तथा मूल्याङ्कन गरी कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा प्रचलित कानूनमा तोकिए बमोजिम बाहेक **कम्तिमा १५ (पन्ध्र)** दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय लगायत अन्य सम्बद्ध निकायहरूबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी सञ्चालन गर्नु पर्नेछ।

६. कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृतिको आधारमा वाह्य विज्ञ/प्राविधिक सेवा लिनुपर्ने अवस्थामा सूचीकृत विज्ञ/सेवाप्रदायकहरूमध्येबाट आवश्यकता अनुसार सेवा लिन सकिनेछ।

७. कार्यालयले वार्षिक कार्यतालिका सहितको कार्ययोजना तर्जुमा गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कुनै कार्यक्रम तोकिएको समयभित्र कार्यान्वयन हुन नसक्ने अवस्थामा सो को कारण र विकल्प सहित मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

८. शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने तालिम कार्यक्रमका लागि चालू आ.व. मा विकास गरिने स्रोत सामग्री/प्याकेजहरू मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ। संघीय सशर्तका कार्यक्रमहरुको कार्यान्वयन संघीय कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम हुनेछ।

९. कार्यक्रम वितरण तथा सञ्चालन गर्दा भौगोलिक सन्तुलन, लक्षित वर्गको हित, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण, हरित वातावरण प्रर्वद्धनलाई ध्यान दिनुपर्नेछ।

१०. विद्यालय वा संघ संस्थाहरुमा कार्यक्रम कार्यान्वयन गर्दा विपद् व्यवस्थापन बाहेक अन्य कार्यक्रम दोहोरो नपर्ने गरी छनौट गर्नुपर्नेछ।

११. सवै कार्यालय/निकायहरुले मन्त्रालयले तोकेको ढाँचामा मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा भौतिक तथा वित्तीय प्रगति विवरण अवधि समाप्त भएको ७ दिन भित्र मन्त्रालयमा अनिवार्य पठाउनु पर्नेछ।

१२. यस मापदण्डको कुनै विषयमा अस्पष्टता भएमा मन्त्रालयले आवश्यक सहजीकरण गर्नेछ।

१३. मन्त्रालय र मातहतका निकायहरूवाट अनुदान प्राप्त गर्ने विद्यालय, क्याम्पस तथा अन्य संघ संस्थाहरूले नियमानुसार विल भरपाई र स्रेस्ता राखी वार्षिक लेखा परीक्षण गराउनुपर्नेछ ।

१४. यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्ने निकायबाट सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सम्बन्धित निकायका अन्य कर्मचारीले सहयोग गर्नुपर्नेछ।

१५. पूँजीगत प्रकृतिका आधुनिक पुस्तकालय तथा ई-लाईब्रेरी व्यवस्थापन, आईसिटी पूर्वाधार व्यवस्थापन आदि कार्यक्रमका लागि मन्त्रालयले स्वीकृत गरेको स्पेशिफिकेशन बमोजिम खरिद गर्नु पर्नेछ।

१६. स्थानीय तहभित्र कार्यान्वयन हुने बिभिन्न कार्यक्रमहरुको जानकारी कार्यक्रम कार्यान्वयन पूर्व नै सम्बन्धित स्थानीय तहलाई दिने र स्थानीय तहबाट समेत अनुगमन गर्ने व्यवस्था मिलाउने।

**नोटः प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।**

## १.११ वित्तीय व्यवस्थापन सम्वन्धीः

१. एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरूप खर्च लेख्ने व्यवस्था मिलाउने।

२. आर्थिक कारोवारको लेखाङ्कन गर्दा सक्कल बिल भरपाई लगायत आवश्यक कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने। भौतिक निर्माणसम्बन्धी कार्यहरू सम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने।

३. कार्यक्रमहरूको भुक्तानी गर्दा दोहोरोपन नभएको सुनिश्चित गरेर मात्र भुक्तानी गर्ने (दै.भ्र.भ/ कार्यक्रम/अनुदान आदि)।

४. प्रदेश सरकार/स्थानीय तहले वित्तीय हस्तान्तरण भएको सशर्त अनुदानका कार्यक्रमको महालेखा परीक्षक कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने छ। साथै लेखा परीक्षणबाट औंल्याइएका बेरुजुको समयमै फछ्र्यौट तथा सम्परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ।

५. मन्त्रालय अन्तर्गतका महाशाखा, तालिम केन्द्र, निकाय तथा कार्यालयहरूबाट कार्यक्रम कार्यान्वयन गर्दा भुक्तानीका लागि आवश्यक अनिवार्य कागजातहरूको सूचीः

**क. अनुसन्धानात्मक कार्यक्रम**

- मापदण्डमा तोकिएबमोजिमका समितिको बैठकका निर्णयहरू
- अनुसन्धानको क्रममा सम्पादन भएका विभिन्न कार्य/क्रियाकलापहरु देखिने दस्तावेज (प्रतिवेदन, अनुसन्धान साधन, प्रश्नावली आदि)
- अनुसन्धानको अन्तिम प्रतिवेदन

**ख. क्षमता विकास, अभिमुखीकरण तथा सहजीकरण लगायतका कार्यक्रम**

- सहभागीहरूको उपस्थिति विवरण,
- सहभागिताको पत्र,स्वीकृत भ्रमण आदेश,
- सहभागीहरूको दैनिक तथा भ्रमण खर्च, यातायात खर्च/ईन्धन खर्चको विल र भरपाई,
- सहजकर्ता, संयोजक, प्रतिवेदक, सहयोगीको हाजिरी र भरपाई,
- हल भाडा, खाना, खाजा, स्टेशनरी, मसलन्दसँग सम्बन्धित बिल भरपाई,
- सहजकर्ताको प्रस्तुतीकरण कार्यपत्र (Word File/ प्रति सेसन ७५० शव्द नघटाई),
- कार्यक्रमको कार्यतालिका, कार्यक्रम सम्पन्न प्रतिवेदन,
- म.ले.प. फारम २०२ बमोजिमको भुक्तानी सिफारिस।

ग. **चालू/चालू शिर्षकमा रहेका पुँजीगत प्रकृतिका** (प्रारम्भिक बालबिकास, सिक्दै कमाउदै, प्राबिधिक विद्यालयमा प्रयोगशाला सुदृढीकरण, गण्डकी डिजिटल शिक्षा, स्रोत कक्षा व्यवस्थापन अनुदान, सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नती, विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान, गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम (मागमा आधारित), गण्डकी प्रदेशका सङ्ग्रहालयहरूलाई प्रोत्साहन अनुदान, सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई स्तरोन्नतिका लागि अनुदान (E-Learning समेत), जेष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रम सञ्चालन, अपाङ्गता भएका व्यक्तिहरुलाई हेरचाह गर्ने संस्थाहरुलाई सञ्चालन अनुदान, अडियो लाइब्रेरी, गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र, शिशु स्याहार केन्द्र) **कार्यक्रम**

- भुक्तानी मागको निवेदन,
- सम्झौता बमोजिमको विद्यालय/संस्था व्यवस्थापन समितिको खर्च अनुमोदन सहित भुक्तानीका लागि माग गरेको निर्णय,
- कोटेशन माग, मूल्याङ्कन, स्वीकृति एवम् सम्झौताको प्रमाणित कागजातहरू,
- प्राविधिकको कार्यसम्पन्न प्रमाणित प्रतिवेदन र स्थानीय तहको सिफारिस,
- सक्कल बिल र भरपाईहरू (२० हजार भन्दा बढीको भ्याट वील),
- सामग्री खरिदको खरिद आदेश र प्रमाणित दाखिला प्रतिवेदन,
- सामग्री खरिद गरेको अवस्थामा दाखिला गरेको जिन्सी खाताको फोटोकपी,
- कार्यक्रममा संलग्न व्यक्तिको प्रमाणित हाजिरी,

- प्रमाणित डोर हाजिरी फाराम,
- कार्य सम्पन्न भएको तस्विरहरू,
- ढुवानीको लागि गाडी भाडामा लिएको भए बिल बुक र सवारी चालक अनुमति पत्रको प्रमाणित प्रतिलिपी,
- संस्थाको पान नं. र बैंक विवरण खुल्ने चेकको फोटोकपी,
- जिल्लास्तर/स्थानीय तहको स्वीकृत दररेटको प्रमाणित प्रतिलिपी,
- फोटो सहितको अनुगमन प्रतिवेदन,
- कार्यक्रम फरफारक गरिदिने पत्र।

**नोटः कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्नुपर्ने अवस्थामा प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरूको सूची (अनुसूचीमा उल्लेख भएबमोजिम) सहित सूचना प्रकाशन गर्नुपर्नेछ।**

## १.१२ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी

क. यस कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन गर्नुपरेमा मन्त्रालयको निर्णय अनुसार गर्न सकिनेछ।

ख. कार्यक्रमको ढाँचा परिवर्तन गर्नुपर्ने भएमा वा थप आर्थिक दायित्व सिर्जना हुने अवस्था बाहेकका अन्य परिमार्जन/संशोधन सम्बन्धित महाशाखा/कार्यालय प्रमुखले गर्न सक्नेछ।

# खण्ड-दुई
## वार्षिक विकास कार्यक्रम कार्यान्वयन क्षेत्रगत मापदण्ड (२०८३/०८४)

१. प्रशासन तथा योजना महाशाखा

२. सामाजिक विकास महाशाखा

३. शिक्षा विकास महाशाखा (शिक्षा विकास निर्देशनालय)

४. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा

५. उच्च शिक्षा तथा संस्कृति महाशाखा

६. युवा तथा खेलकुद महाशाखा

७. शिक्षा तालिम केन्द्र

८. प्रदेश सङ्ग्रहालय

९. रोजगार सूचना केन्द्र

१०. एकीकृत सेवा कार्यालयहरू

११. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (कास्की, पर्वत)

## १. प्रशासन तथा योजना महाशाखा

### क. प्रशासन, योजना तथा अनुगमन शाखा

### १. मिडियासँग सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, २०८३

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.५.१८५ | २२५२२ | १ | पटक | ७०० | सबै |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयमा आर्थिक वर्ष ०८३/०८४ मा रहेका स्वीकृत वार्षिक कार्यक्रमका साथै मन्त्रालयबाट सम्पादन भएका तथा सम्पादन हुने विभिन्न क्रियाकलापहरूको बारेमा सरोकारवालाहरूमा जानकारी गराई मन्त्रालयको प्रभावकारिता अभिवृद्धि गर्नको लागि प्रदेश अन्तर्गत सञ्चालित विभिन्न मिडिया/ रेडियोबाट कार्यक्रमको संकलन/प्रसारण तथा अन्तर्कृया गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो। मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि ,२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमको प्रचारप्रसार गरी प्रभावकारिता बृद्धि गर्ने। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | प्रशासन तथा योजना महाशाखा। |
| बजेट बाँडफाँट | • Press Meet सञ्चालन तथा व्यवस्थापन खर्च २ लाख<br>• टेलिभिजनबाट हुने प्रशारणका लागि रु ३ लाख<br>• रेडियोबाट हुने प्रशारणका लागि रु १ लाख<br>• श्रव्य दृश्य प्रचार प्रसार सामाग्री निर्माण रु १ लाख |
| कार्यक्रम संचालन प्रक्रिया | • प्रदेश स्तरका मिडिया एवं रेडियोहरूसँग समन्वय<br>• कार्यक्रम सञ्चालनको प्रारूप एवं तालिका तयारी<br>• मिडिया /रेडियोसँग जानकारीमूलक सूचनाहरु प्रसारण गर्न सम्झौता गर्ने<br>• कार्यक्रम सञ्चालन/अन्तर्क्रिया<br>• प्रतिवेदन तयार/भुक्तानी<br>मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुहरुमा मिडियाहरुसँगको समन्वयमा अन्तरक्रिया,छलफल र सेमिनार समेत सञ्चालन गर्न सकिनेछ । |
| अपेक्षित प्रतिफल | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका वार्षिक कार्यक्रम/गतिविधिहरूको प्रचारप्रसार भई प्रभावकारिता अभिवृद्धि भएको हुने। |

## २. सामाजिक विकास मन्त्रालयको स्थिति प्रतिवेदन तयारी तथा प्रकाशन

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.५.१८७ | २२५२२ | १ | पटक | ४०० | पहिलो दोस्रो तेस्रो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत वर्षभरि सम्पादित नीतिगत, कार्यक्रमगत तथा प्रशासनिक गतिविधिहरूको अभिलेखीकरण, प्रगति विश्लेषण र समग्र कार्यसम्पादनको तथ्याङ्क एकै स्थानमा व्यवस्थित रूपमा अद्यावधिक गर्ने कार्यलाई थप परिष्कृत र आधिकारिक बनाउनुपर्ने देखिएको छ। मन्त्रालयको कार्यसम्पादनमा पारदर्शिता कायम गर्न, आगामी योजना तथा नीति निर्माणका लागि भरपर्दो आधार तयार पार्न र सरोकारवालाहरूलाई आधिकारिक तथ्याङ्क तथा सूचना सहज रूपमा उपलब्ध गराउन<br>स्थिति प्रतिवेदन (Status Report) तयारी तथा प्रकाशन गर्न आवश्यकता रहेको। सुशासनको प्रवर्द्धन गर्ने उद्देश्यले **सामाजिक विकास मन्त्रालयको स्थिति प्रतिवेदन तयारी तथा प्रतिवेदन प्रकाशन** कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न  मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि ,२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | यस मन्त्रालय र अन्तर्गतका कार्यालय/निकायले सम्पादन गरेका कार्यक्रमहरुको एकमुष्ट अभिलेखिकरण गरी प्रकाशन गर्ने। |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा |
| बजेट बाँडफाँट | बैठक खर्च, भ्रमण खर्च, खाजा/ खाना खर्च, सवारी साधन भाडा/ इन्धन, छपाई लगायत अन्य खर्च |
| कार्यक्रम संचालन प्रक्रिया | • अवधारणा पत्र सहित तयारी।<br>• सूचना प्रकाशन<br>• प्रस्ताव संकलन मूल्याँकन र छनौट<br>• प्रस्तावकसँग सम्झौता<br>• प्रस्तावकले मातहतका निकाय/कार्यालयसँगको समन्वयमा आवश्यक तथ्याँकहरु संकलन गरी तोकिएको प्रारुप अनुसार प्रतिवेदन तयार गर्ने।<br>• प्राप्त प्रतिवेदन उपर छलफल तथा  प्रस्तुती<br>• भूक्तानी<br>• परामर्श सेवा प्रदायक संस्थासँग समेत सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने। |
| अपेक्षित प्रतिफल | स्थिति प्रतिवेदन प्रकाशन भएको हुने। |

**३. कर्मचारीहरुको क्षमता /दक्षता बृद्धि/पुनर्ताजगी/ अभिमुखीकरण तालिम/ IT सम्बन्धी/ English Language/ सकारात्मक सोच/योगा/ Meditation आदि सम्बन्धी कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.६.३.३१ | २२५११ | २ | पटक | ७५० | पहिलो दोस्रो तेस्रो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | कुनै पनि संस्थाको प्रभावकारी सञ्चालन, सेवा प्रवाहको गुणस्तर तथा संस्थागत लक्ष्य प्राप्तिका लागि दक्ष, सक्षम, जिम्मेवार र उत्प्रेरित जनशक्तिको महत्वपूर्ण भूमिका रहन्छ। बदलिँदो कार्य वातावरण, प्रविधिको तीव्र विकास, सेवाग्राहीका बढ्दो अपेक्षा तथा कार्यसम्पादनमा आएको विविधतासँगै कर्मचारीहरूको ज्ञान, सीप, क्षमता र कार्यदक्षतालाई समयानुकूल रूपमा अभिवृद्धि गर्दै लैजानु आवश्यक हुन्छ। यसै सन्दर्भमा कर्मचारीहरूको विद्यमान ज्ञान, सीप तथा दक्षतालाई थप सुदृढ गर्दै उनीहरूलाई आफ्नो कार्यक्षेत्रमा अझ प्रभावकारी, जिम्मेवार र परिणाममुखी बनाउन क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्न आवश्यक देखिएको हो। प्रस्तावित तालिमले कर्मचारीहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्नुका साथै संस्थाको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएकोले मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि ,२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। | | | | | |
| कार्यक्रमको उद्देश्य | कर्मचारीहरुको पेशागत दक्षता बढाउँदै कार्यालयको कार्यसम्पादनको गुणस्तर र सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्ने। | | | | | |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा | | | | | |
| बजेट बाँडफाँट | प्रशिक्षक/ प्रशिक्षण खर्च, खाजा/ खाना लगायत विविध खर्च | | | | | |
| कार्यक्रम संचालन प्रक्रिया | • अवधारणा पत्र तयार गर्ने<br>• तालिम आवश्यकता पहिचान (Training Needs Assessment) गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।<br>• प्रशिक्षक वा स्रोत व्यक्ति छनोट/व्यवस्था गर्ने वा प्रशिक्षक/प्रशिक्षण संस्थासँग सम्झौता गर्ने।<br>• कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्ने। | | | | | |
| अपेक्षित प्रतिफल | कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको हुने । | | | | | |

४. मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन सम्बन्धी मातहतका कार्यालय तथा निकायलाई अभिमुखिकरण कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.८.२९१ | २२५२२ | २ | पटक | १००० | प्रथम |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | मन्त्रालयले तर्जुमा गरेको वार्षिक बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षको सुरुवाती चरणबाटै प्रभावकारी ढङ्गले कार्यान्वयनमा लैजानु सम्बन्धित निकायको दायित्व हो।मन्त्रालयबाट स्वीकृत भएका वार्षिक कार्यक्रम, बजेट, कार्यविधि र निर्देशिकाका प्रावधानहरूप्रति मातहतका सबै कार्यालय तथा निकायहरूमा समान बुझाइ कायम गर्नु यसको मुख्य पृष्ठभूमि हो। सार्वजनिक कोषबाट हुने खर्चमा पारदर्शिता, मितव्ययिता, र उत्तरदायित्व सुनिश्चित गर्दै तोकिएको समयमै निर्धारित लक्ष्यहरू हासिल गर्न **मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धी मातहत कार्यालय तथा निकायलाई अभिमुखीकरण कार्यक्रम** राखिएकोले सो कार्यक्रम सहज रुपमा कार्यान्वयनका लागि मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि ,२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | मातहतका निकाय/कार्यालयलाई स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम, कार्यान्वयनका प्रक्रिया, कार्यविधि, भूमिका तथा जिम्मेवारीबारे जानकारी गराई कार्यक्रम सञ्चालनमा एकरूपता, समन्वय र प्रभावकारिता अभिवृद्धि गर्दै प्रभावकारी, गुणस्तरीय र समयमै कार्यान्वयन सुनिश्चित गर्ने। |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा |
| बजेट बाँडफाँट | अनुगमन भ्रमण खर्च, इन्धन, स्टेशनरी, यातायात, खाजा/खाना, लगायत विविध खर्च |
| कार्यक्रम संचालन प्रक्रिया | • अवधारणा पत्र तयार गर्ने।<br>• प्रशिक्षक/स्रोत व्यक्तिको व्यवस्था गर्ने।<br>• मातहतका निकाय/कार्यालयलाई कार्यक्रममा सहभागिताको लागि पत्राचार गर्ने।<br>• अभिमुखीकरण कार्यक्रम संचालन गर्ने |
| अपेक्षित प्रतिफल | मातहतका निकाय/कार्यालयका कर्मचारीहरुको वार्षिक कार्यक्रम सम्बन्धमा अभिमुखिकरण भएको हुने। |

### ५. विभिन्न दिवसीय कार्यक्रम तथा अभियान सञ्चालन

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२५.५९७ | २२५२२ | १ | पटक | १००० | सबै |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरू मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा **"विभिन्न दिवसीय कार्यक्रम तथा अभियान सञ्चालन "** समावेश गरिएको छ। उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो सञ्चालन मापदण्ड/कार्यविधि तयार गरेको हो। |
| कार्यक्रमको उद्देश्य | सम्बन्धित दिवसको महत्व, सान्दर्भिकता तथा सन्देशलाई आम नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याई जनचेतना अभिवृद्धि गर्नु तथा सरोकारवालाबीच सहकार्य, सहभागिता र उत्तरदायित्व प्रवर्द्धन गर्ने। |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | कार्यक्रमसँग सम्बन्धित महाशाखा। |
| बजेट बाँडफाँट | मन्त्रालयबाट कार्यान्वयन हुने दिवस तथा अभियान सञ्चालन र व्यवस्थापन खर्च प्रति दिवस बढीमा रु ५०,०००।- (अक्षरूपी पचास हजार मात्र) खर्च गर्न सकिनेछ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • सरोकारवालाहरूसँग समन्वयात्मक बैठक तथा तयारी गर्ने,<br>• दिवस तथा अभियानात्मक कार्यक्रम सञ्चालन गर्ने,<br>• समीक्षा तथा प्रतिवेदन । |
| अपेक्षित प्रतिफल | समाजमा विभिन्न सामाजिक रूपान्तरण, जनचेतना अभिवृद्धि र अधिकारसम्बन्धी विषयहरूलाई सम्बोधन गर्न वर्षभरि विभिन्न दिवसीय कार्यक्रम तथा अभियानहरू सञ्चालन हुने। |

## ६. मातहत निकायहरुबाट कार्यान्वयन भएका सिपमूलक तथा व्यावसायिक तालिमहरुको प्रभाव अध्ययन र तथ्याङ्क सङ्कलन

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.७.४५ | २२५२२ | १ | पटक | ५०० | सबै |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । श्रम गर्न योग्य हरेक नागरिकलाई काम गर्न पाउने अवसर सुनिश्चितताको लागि स्व/रोजगारमूलक व्यावसायिक तालिमहरूको अवसर उपलब्ध हुन जरूरी हुन्छ। यसैको सन्दर्भमा यस मन्त्रालय र मन्त्रालय मातहत निकायहरूले विगतका आ.व.हरूदेखि विभिन्न सिपमूलक तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्दै आएको हुनाले उक्त तालिमहरूले उद्देश्यअनुरूपको परिणाम दिए/नदिएको सन्दर्भमा प्रभाव अध्ययन गरी प्राप्त भएको प्रतिवेदनको आधारमा भावी कार्यक्रमहरू प्रक्षेपण गर्न वाञ्छनीय भएकोले सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०८१, को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड बनाईएको छ । |
| कार्यक्रमको उद्देश्य | • मन्त्रालय र मातहत निकायहरूबाट तालिम प्राप्त गर्नेहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम प्राप्त व्यक्तिहरूले प्राप्त गरेको रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम पाएपछि रोजगार/ स्वरोजगार/उद्यमी भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• तालिम प्राप्त बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• प्राप्त तथ्याङ्क र प्रतिवेदनहरूको समीक्षा गरी भावी कार्ययोजना तय गर्ने । |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा |
| सहयोगी निकाय | • व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र तथा एकिकृत सेवा कार्यालयहरू<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान / स्थानीय तह |
| बजेट बाँडफाँट | • कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च, दैनिक भ्रमण भत्ता, खाजा खाना, इन्धन लगायतका विविध खर्च<br>• फाराम र प्रतिवेदन तयारी तथा छपाई |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • अवधारणा पत्र तयारी,<br>• कार्यक्रम प्रस्ताव स्वीकृती,<br>• प्रभाव मूल्याङ्कनकर्ता छनौट गर्ने,<br>• मन्त्रालय मातहतका तालिम प्रदायक निकायहरूबाट अनुसूची-१ बमोजिम गत तीन आ.व.मा तालिम लिएकाहरूको तथ्याङ्क सङ्कलन गर्ने,<br>• प्रभाव अध्ययन गर्नका लागि जिल्ला छनौट गर्ने,<br>• तोकिएको जिल्लामा पुगी तालिम लिएका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी रोजगार, स्वरोजगार र बेरोजगार रहेका व्यक्तिहरूको विवरण अनुसूची-२, ३ र ४ 'बमोजिमको सङ्कलन गर्ने,<br>• संकलित तथ्याङ्कहरूको विश्लेषण र प्रकाशन गर्ने,<br>• मन्त्रालय मातहत निकायलाई कार्यक्रम हस्तान्तरण गरी कार्यान्वयन गर्न सकिने। |
| अपेक्षित प्रतिफल | • मन्त्रालय र मातहत निकायहरूबाट उपलब्ध गराइएका तालिमहरूबाट लाभान्वित भएकाहरूको तथ्याङ्क प्राप्त भई अभिलेखीकरण भएको हुने। |

### ७. सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुको बजेट तर्जुमा

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२५.५८६ | २२५२२ | १ | पटक | ६०० | दोस्रो तेस्रो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | बजेट सरकारको आगामी आर्थिक वर्षमा प्राप्त हुने आम्दानी तथा गरिने खर्चको अनुमान मात्र नभई राज्यका आर्थिक, सामाजिक तथा विकाससम्बन्धी नीति र प्राथमिकतालाई कार्यान्वयन गर्ने प्रमुख वित्तीय साधन हो। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई आफ्नो अधिकारक्षेत्रभित्र वित्तीय अधिकार प्रयोग गर्दै वार्षिक बजेट निर्माण गर्ने अधिकार प्रदान गरेको छ। हाल बजेट तर्जुमाको प्रमुख कानुनी आधारका रूपमा **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६** र सम्बन्धित नियमावली रहेका छन्। यसले बजेट तर्जुमा, मध्यकालीन खर्च संरचना, स्रोत अनुमान, बजेट सीमा निर्धारण, कार्यक्रम छनोट तथा वित्तीय उत्तरदायित्वलाई व्यवस्थित गर्ने आधार प्रदान गरेको छ।<br>संघ, प्रदेश र स्थानीय तहले आ—आफ्नो संवैधानिक तथा कानुनी अधिकारक्षेत्रअनुसार बजेट निर्माण र कार्यान्वयन गर्छन्। यसका लागि **अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुनी प्रबन्धहरू महत्वपूर्ण आधारका रूपमा रहेका छन्। बजेट तर्जुमा गर्दा आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना, उपलब्ध स्रोत, विकासका प्राथमिकता तथा दिगो विकासका लक्ष्यलाई आधार बनाउने व्यवस्था छ। बजेट तर्जुमा प्रणाली **संवैधानिक व्यवस्था, कानुनी प्रबन्ध, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, स्रोतको उपलब्धता र सरकारका नीति तथा प्राथमिकता** मा आधारित रहेको देखिन्छ। तसर्थ आगामी आर्थिक वर्ष २०८४।८५ को लागि बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो सञ्चालन मापदण्ड/कार्यविधि तयार गरेको हो। |
| कार्यक्रमको उद्देश्य | मन्त्रालयको नीति, लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक कार्यक्रमसँग सामञ्जस्य कायम गर्दै कार्यक्रम तथा आयोजनाको प्राथमिकताका आधारमा आवश्यक वित्तीय स्रोतको यथार्थपरक अनुमान, न्यायोचित विनियोजन र मितव्ययी, पारदर्शी, प्रभावकारी तथा नतिजामुखी परिचालन सुनिश्चित गर्नुका साथै वित्तीय अनुशासन, जवाफदेहिता, सुशासन र अपेक्षित प्रतिफल हासिल गर्न सहयोग पुर्‍याउनु। |
| जिम्मेवार निकाय | प्रशासन तथा योजना महाशाखा |
| बजेट बाँडफाँट | अनुगमन भ्रमण खर्च, इन्धन, यातायात, खाजा/खाना, बैठक खर्च लगायत विविध खर्च |
| कार्यक्रम संचालन प्रक्रिया | • बजेट तर्जुमा समिति गठन<br>• मन्त्रालयको मध्यमकालिन खर्च संरचना, सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम तयार गर्ने<br>• आगामी आ. व. २०८४।८५ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने। |
| अपेक्षित प्रतिफल | मन्त्रालयको आ. व. २०८४/८५ को बजेट तथा कार्यक्रम तर्जुमा भएको हुने |

## ख. श्रम तथा रोजगार शाखा

### १. योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी सरोकारवालाहरुबीच प्रदेशस्तरिय कार्यशाला, २०८३

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.८.१८२ | २२५२२ | ४ | पटक | ९०० | दोश्रो/तेस्रो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | हरेक मुलुकका नागरिक एवं श्रमजिविहरुलाई जीवनको प्रारम्भ देखि अन्तिम अवस्थासम्म विभिन्न किसिमका आर्थिक एंव सामाजिक समस्याहरु आई पर्दछन । यस्ता समस्याहरु मानिसको कावु वाहिरको परिस्थितिका कारण श्रजना हुने गर्दछन र उनीहरु आफै यस्ता समस्याहरु सहज ढंगले समाधान गर्न असमर्थ रहन्छन । तसर्थ राज्यले आफ्ना नागरिकहरुको जीवनमा मानविय असावधानी र प्राकृतिक प्रकोपका कारण आइपर्ने असामान्य एंव अनियन्त्रित अवस्थावाट जोगाउन तथा आर्थिक एंव गैर आर्थिक सहयोग एवं संरक्षणका कार्यक्रमहरु मार्फत आफ्ना नागरिकहरुलाई सुरक्षा प्रदान गर्न यस्ता कार्यक्रमहरु गर्दछ । नेपालको संविधानमा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था रहेको छ । योगदानकर्ताहरुलाई उनिहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने उद्धेश्यले मन्त्रालयको वार्षिक कार्यक्रममा रहेको सो कार्यक्रम कार्यान्वयनका लागि, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशले यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | श्रमिकका समस्याहरुको सहजढंगले समाधान गर्न र संभाव्य जोखिमबाट उत्पन्न हुने असहज परिस्थिति (बृद्धावस्था, बिरामी, सुत्केरी भई आय आर्जन गर्न नसकेको अवस्था र बेरोजगार भएको अवस्थामा सुविधा प्रदान गरी नागरिकको जिवन निर्वाहमा सहजता ल्याउनु) को सामाधान गर्न योगदानकर्ताहरुलाई उनिहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने साथै सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन उत्प्रेरित गर्ने यस कार्यक्रमको उद्धेश्य रहेको छ । |
| सहयोगी निकाय वा संस्थाहरु | • स्थानीय तह<br>• श्रम तथा रोजगार कार्यालय<br>• सामाजिक सुरक्षा कोषको कार्यालय<br>• जिल्लास्थित प्रदेश कार्यालयहरू<br>• आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरु |
| कार्य जिम्मेवारी | • श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहभागी | • कास्की जिल्लास्थित प्रदेश मन्त्रालय/कार्यालयका प्रशासन र लेखा प्रमुखहरु<br>• उद्योग बाणिज्य संघका प्रमुख तथा प्रतिनिधिहरु, अनौपचारिक क्षेत्रका रोजगारदाता तथा श्रमिकहरु, निजी विद्यालय/क्याम्पस, श्रमिक संगठनहरुका आधिकारिक ट्रेड युनियनहरु<br>• जिल्ला स्थित प्रदेश कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुख तथा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख, प्रशासन हेर्ने कर्मचारी। |
| बजेट बाँडफाँड | • पूर्व तयारी बैठक खर्च, खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/अभिमुखीकरण/गोष्ठी संचालन, सहजीकरण भत्ता, कर्मचारी दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु |
| कार्यक्रम संचालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• कार्यक्रम संचालनको लागि पूर्व तयारी बैठक, श्रोत व्यक्ति पहिचान |

| | |
|---|---|
| | • कार्यक्रम संचालनको स्थान तथा मिति निर्धारण<br>• सहभागीहरुलाई समन्वय तथा पत्राचार<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • औपचारिक तथा अनौपचारिक क्षेत्रको सामाजिक सुरक्षा कोषमा आबद्वता वृद्धि हुने<br>• योगदानकर्ताको जीवनमा आइपर्ने आर्थिक सामाजिक समस्याहरुको न्यूनीकरण<br>• राज्यको नागरिकप्रति र रोजगादाताको श्रमिकप्रतिको उत्तरदायित्व बहन हुने<br>• श्रमिक तथा नागरिकलाई गुणस्तरीय जीवन बाँच्न पाउने नैसर्गिक अधिकारको प्रत्याभूति हुने<br>• योगदानकर्ताको आयको सुरक्षा र सुरक्षित जीवनको सुनिश्चितता रहने। |

## २. स्थानीय तहको समन्वयमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम, २०८३

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.९.९ | २२५२२ | ३ | पटक | ५ लाख | तेस्रो |

| विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभुमि | वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूबाट बर्षेनी अर्वौं रुपैयाँ विप्रेषण भित्रिने गरेको छ। नेपालका धेरै परिवार विप्रेषणमा आश्रित रहेका छन् र नेपालको अर्थतन्त्रमा समेत विप्रेषणको महत्वपुर्ण योगदान रहदै आएको छ।तर प्राप्त विप्रेषणको सहि ढंगले उपयोग हुन नसक्दा बैदेशिक रोजगारीमा जाने व्यक्तिले आफ्नो अधिकांश उर्जाशील समय विदेशमै बिताउनु पर्ने बाध्यता रहेको छ।त्यसैगरी स्वदेशमै रोजगारी गर्ने श्रमिकका परिवारहरूले पनि आफ्नो आम्दानीको सदुपयोग गर्न नसक्दा आफ्नो कमाईले दैनिक दुई छाक टार्न वाहेक अतिरिक्त प्रगति हासिल गर्न नसकिरहेको अवस्था छ।दैनिक ज्यालादारी तथा रोजगारीमा आश्रित परिवारलाई आम्दानीको सहि उपयोगका लागि घरायसी बजेट बनाउने, आय व्ययको हिसाबकिताव राख्ने, नियमित रुपमा बचत गर्ने जस्ता ज्ञान र सीपको अत्यन्त आवश्यकता पर्दछ।आन्तरिक आम्दानी र बैदेशिक विप्रेषणको सहि ढंगले उपयोग गर्न ज्ञान र सीपको अभिवृद्धि गराउने अभिप्रायका साथ आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रममा स्थानीय तहको समन्वयमा **बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम** राखिएकोले सो कार्यक्रम सहज रुपमा कार्यान्वयनका लागि मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| उद्देश्य | • बैदेशिक रोजगारसँग सम्बन्धित व्यक्ति र परिवारको पारिवारिक बजेटको वार्षिक योजना तयार गर्न सिकाउने,<br>• खर्चमा मितव्ययिता अपनाउने र फजुल खर्च गर्न निरुत्साहित गर्ने,<br>• अल्पकालीन, मध्यकालीन र दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउने,<br>• जिवन चक्रमा विभिन्न आवश्यकता पुरा गर्न र भविष्यमा आउन सक्ने चुनौती व्यवस्थापन गर्न सक्ने ज्ञान र सिप प्रदान गर्ने,<br>• विप्रेषण आयलाई आयआर्जन र उत्पादनशील क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गर्ने। |
| कार्य जिम्मेवारी | श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहयोगी निकाय वा संस्थाहरु | • स्थानीय तह<br>• श्रमिक रिटर्नी आप्रवासी संजाल<br>• रोजगार सूचना केन्द्र तथा एकीकृत सेवा कार्यालयहरू |

| | |
|---|---|
| | • आवश्यकता अनुसार सामी जिल्ला कार्यक्रम संयोजक, सुरक्षित आप्रवासन सहयोग एकाई तथा वैदेशिक रोजगार बोर्ड, सरोकारवाला विज्ञ र संघसंस्थाहरुबाट पनि प्राविधिक सहयोग लिन सकिने, |
| बजेट बाँडफाँट | प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार कर्मचारी दैनिक भ्रमण खर्च, खाजा/खाना प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• स्रोत व्यक्ति पहिचान गर्ने<br>• स्थान तथा मिति निर्धारण<br>• सहभागीलाई समन्वय र पत्रचार गर्ने<br>• छलफल तथा अन्तरकृया गर्ने विषयबस्तु तयारी<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी<br>• नोट : वित्तीय साक्षरता कार्यक्रम सञ्चालन नभएका स्थानीय तहलाई प्राथमिकता दिइ प्रदेशका ३ स्थानीय तहमा संचालन गरिने। |
| अपेक्षित प्रतिफल | • वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवार तथा स्वदेशमै रोजगारी गर्ने श्रमिक तथा तिनका परिवारहरूले आफ्नो आम्दानी सहि सदुपयोग गर्ने तथा फजुल खर्च गर्न नहुने बारेमा वित्तीय ज्ञान हासिल गरेका हुनेछन्।<br>• वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको सुरक्षित माध्यमबाट प्राप्त हुन सहयोग पुग्नेछ।<br>• वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्यको लगानीमा विविधिकरण हुनेछ। |

**३. सुरक्षित आप्रवासन सम्बन्धी (रिटर्नी स्वयंसेवक तथा अन्य कर्मचारी) को पुनर्ताजगी तालिम,२०८३**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (हजारमा) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.९.१९ | २२५२२ | २ | पटक | ५०० | तेस्रो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्थानीय स्तरमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालन हुँदै आएको छ। यस कार्यक्रमलाई समुदायस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न अग्रपंक्तिमा खटिने रिटर्नी स्वयंसेवकहरू तथा आप्रवासी स्रोतकेन्द्र/उपकेन्द्रमा कार्यरत अन्य कर्मचारीहरू मुख्य आधारस्तम्भ हुन्। उनीहरूले वैदेशिक रोजगारीका क्रममा आउने जटिलता, ठगी नियन्त्रण, सुरक्षित आप्रवासनका उपायहरू, वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको अभिलेखीकरण, मनोसामाजिक परामर्श तथा पुनःएकीकरणसम्बन्धी सेवाहरू निरन्तर प्रदान गर्दै आएका छन्। वैदेशिक रोजगारीको फेरिँदो कार्यशैली, श्रम बजारका बदलिँदो परिस्थिति, नयाँ नीतिगत तथा कानुनी व्यवस्था, प्रविधिको बढ्दो प्रयोग र सेवाग्राहीका परिवर्तित समस्याहरूको समयसापेक्ष सम्बोधन गर्न कार्यरत जनशक्तिको क्षमता निरन्तर अद्यावधिक (Update) गरिरहनु पर्छ। लामो समयदेखि कार्यक्षेत्रमा कृयाशील रहेका कर्मचारी तथा स्वयंसेवकहरूलाई उनीहरूले सम्पादन गर्ने कार्यमा थप व्यावसायिकता, एकरुपता र कार्यदक्षता ल्याउन पुनर्ताजगी तालिमको टड्कारो आवश्यकता पर्दछ। अग्रपंक्तिमा कार्यरत जनशक्तिको कार्यकुशलता, उत्प्रेरण र सेवाप्रवाहको गुणस्तर अभिवृद्धि गर्दै स्थानीय स्तरमा सुरक्षित आप्रवासन कार्यक्रमलाई अझ बढी नतिजामूलक बनाउने उद्देश्यका साथ आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रममा "**सुरक्षित आप्रवासनसम्बन्धी (रिटर्नी स्वयंसेवक तथा अन्य** | | | | | | |

| | |
|---|---|
| | **कर्मचारी) को पुनर्ताजगी तालिम, २०८३"** समावेश गरिएको छ। सोही प्रयोजनका लागि, मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१** ले दिएको अधिकार प्रयोग गरी कार्यरत जनसङ्ख्याको क्षमता सुदृढ गर्न यो **पुनर्ताजगी तालिम सञ्चालन मापदण्ड** तयार गरेको हो। |
| कार्यक्रमको उद्देश्य | • सूचना तथा परामर्शको कार्यलाई प्रभावकारी बनाउने<br>• रिटर्नी स्वयंसेवकहरुले पुर्याउदै आएको सूचना सम्प्रेषण, संजाल निर्माण लगायतको कार्यमा थप सक्रियता ल्याउने ।<br>• बैदेशिक रोजगारीमा हुने ठगी न्यूनिकरण, उद्धार र राहत रकम प्राप्तिमा प्रभावकारी सहयोग पुर्याउने<br>• सहभागी कर्मचारीहरुको आपसी सिकाइ तथा अनुभव आदान प्रदान गराउने। |
| सहयोगी निकाय वा संस्थाहरु | • स्थानीय तह<br>• श्रम तथा रोजगार कार्यालय<br>• सुरक्षित आप्रवासन कार्यक्रम प्रदेश कार्यक्रम सहयोग एकाइ<br>• वैदेशिक रोजगार बोर्ड सचिवालय |
| कार्य जिम्मेवारी | श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहभागीहरु | • सूचना तथा परामर्शकर्ताहरु,<br>• रिटर्नी स्वयमसेवकहरु,<br>• वित्तीय साक्षरता सहजकर्ता,<br>• मनोसामाजिक परामर्शकर्ता तथा अन्य सम्बन्धित कर्मचारीहरु |
| बजेट बाँडफाँट | गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड अनुसार सहभागी दैनिक भ्रमण भत्ता, यातायात खर्च, खाजा, खाना, स्टेशनरी, सहजकर्ताको पारिश्रमिक, इन्धन लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| कार्य सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन गरिने स्थान, मिति र जिल्लाहरु चयन<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • सुरक्षित आप्रवासनसँग सम्वन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने ।<br>• कर्मचारीहरुको आपसी सिकाइ तथा अनुभव आदानप्रदानले कार्य सम्पादनमा सघाउ पुग्ने।<br>• श्रम आप्रवासनको क्षेत्रमा भएका नयाँ तथा अद्यावधिक जानकारी प्राप्त हुने। |

## ४. सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समिक्षा तथा समन्वय बैठक, २०८३

| **ब.उ.शी.नं.** | **क्रियाकलाप नं.** | **खर्च शीर्षक** | **लक्ष्य** | **इकाई** | **विनियोजित रकम (हजारमा)** | **अवधि (त्रैमासिक)** |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२५.५९२ | २२५२२ | २ | पटक | ५०० | पहिलो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | सुरक्षित आप्रवासन कार्यक्रम सबै स्थानीय तहमा सघन रुपमा सञ्चालन नभएको तर सबै स्थानीय तहमा यस सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता र महत्व देखिएकाले कार्यक्रम सञ्चालन भई सकेका स्थानीय तहहरुको अनुभव हासिल गरी सञ्चालन हुन बाकि रहेका स्थानीय तहहरुमा अनुभव/सिकाई आदानप्रदान र कार्यक्रमको अभिमुखिकरण गर्ने। गत आर्थिक वर्षको स्वीकृत कार्यक्रम के कसरी कार्यान्वयन गरिए र संचालन | | | | | |

| | |
|---|---|
| | गर्दा के कस्ता कठीनाइ रहे, प्रगति विवरण के कस्तो रह्यो र हाल सुरक्षित बैदेशिक रोजगारी कार्यक्रम कार्यान्वयनमा रहेको अवस्थाको समिक्षा/मूल्यङ्कन गर्न आवश्यक रहेकोले आ.ब. २०८३/०८४ को बजेट तथा कार्यक्रममा स्थानीय तह र यससँग सम्बन्धित सरोकारवालाहरुसँग **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरिय समिक्षा तथा समन्वय बैठकको कार्यक्रम** यो मापदण्ड निर्माण गरेको छ। |
| सहयोगी निकाय वा संस्थाहरु | • जिल्ला प्रशासन/ईलाका प्रशासन कार्यालय<br>• स्थानीय तह<br>• रोजगार सूचना केन्द्र<br>• एकीकृत सेवा कार्यालयहरू<br>• सुरक्षित आप्रवासन प्रदेश सहयोग एकाई |
| कार्य जिम्मेवारी | श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहभागीहरु | • मन्त्रालयका कर्मचारीहरु,<br>• एकीकृत सेवा कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुख,<br>• सामी कार्यक्रमका कर्मचारीहरु,<br>• सूचना तथा परामर्शकर्ताहरु। |
| बजेट बाँडफाँट | सहभागी दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, खाजा, खाना, स्टेशनरी, लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृती<br>• पूर्व तयारी वैठक सञ्चालन,<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन गरिने स्थान र मिति चयन<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी। |
| अपेक्षित प्रतिफल | • सुरक्षित आप्रवासन कार्यक्रमको सिकाई आदान प्रदान भई चालु आ.व.का कार्यक्रम सञ्चालनमा सरोकारवालाहरुवीच साझा बुझाई हुने।<br>• आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रको कार्यालय सञ्चालनको निम्ति एकीकृत सेवा कार्यालय मार्फत विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन हुने।<br>• सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहलाई संस्थागत गर्नमा सहयोग पुग्ने। |

## ५. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम, २०८३

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (हजारमा) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.७.२५.५९४ | २२५२२ | १ | पटक | १५०० | पहिलो/दोस्रो/तेस्रो/चौथों |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | वैदेशिक रोजगारीको क्रममा विदेशमा सीप, दक्षता र पूँजी आर्जन गरी स्वदेश फर्किएका नेपाली श्रमिकहरूसँग रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय अर्थतन्त्रको विकासमा जोड्नु वर्तमान समयको प्रमुख आवश्यकता हो। वैदेशिक रोजगारीबाट प्राप्त अनुभव र वित्तीय स्रोतलाई सदुपयोग गर्दै उनीहरूलाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न, आत्मनिर्भर बन्न र उद्यमशीलता विकासतर्फ आकर्षित गर्न सरकारले विभिन्न कार्यक्रमहरू | | | | | |

| | |
|---|---|
| | सञ्चालन गर्दै आएको छ। विदेशमा विभिन्न क्षेत्रमा काम गरी फर्किएका श्रमिकहरूसँग बहुमूल्य सीप र पूँजी भए तापनि स्पष्ट व्यावसायिक योजनाको अभाव, लगानीका अवसरहरूको पहिचान गर्न नसक्नु, वित्तीय पहुँचको कठिनाइ र बजार व्यवस्थापनसम्बन्धी ज्ञानको कमीले गर्दा उनीहरूले स्वदेशमै सहज रूपमा व्यवसाय सञ्चालन गर्न सकिरहेका छैनन्। यसले गर्दा स्वदेश फर्किएका अधिकांश जनशक्ति पुनः वैदेशिक रोजगारीतर्फ नै फर्किने वा अनुत्पादक क्षेत्रमा सीमित हुनुपर्ने बाध्यता कायम रहेको छ। नेपालको संविधान, २०७२ को धारा ५१ (झ) को (६) मा फर्किएका श्रमिकहरूको सीप र पूँजीलाई देशको उत्पादन र उत्पादकत्व वृद्धिसँग जोड्न, आयात प्रतिस्थापन गर्न तथा स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न राज्यको नीतिगत प्राथमिकता रहेको छ। यसै वास्तविकतालाई आत्मसात गर्दै, आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई स्वदेशमै उद्यमशीलता विकास र व्यवसाय सुरु गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यका साथ "**वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई व्यवसाय सुरु गर्न प्रोत्साहन कार्यक्रम, २०८३**" समावेश गरिएको छ। उक्त कार्यक्रमलाई लक्षित वर्गसम्म पारदर्शी, व्यवस्थित, मितव्ययी र प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउन स्पष्ट कार्यविधि तथा मार्गदर्शनको आवश्यकता पर्दछ। सोही प्रयोजनका लागि मन्त्रालयले "**बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा** ४१ ले दिएको अधिकार प्रयोग गरी फर्किएका श्रमिकहरूलाई स्वदेशमै उद्यमशील बनाउन र उनीहरूको आर्थिक सहभागिता सुनिश्चित गर्न यो **प्रोत्साहन कार्यक्रम सञ्चालन मापदण्ड** तयार गरेको हो। |
| कार्यक्रमको उद्देश्य | • वैदेशिक रोजगारीबाट सीप, दक्षता र पूँजी आर्जन गरी स्वदेश फर्किएका नेपाली श्रमिकहरूलाई स्वदेशमै उद्यमशीलता विकास तथा व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने,<br>• स्वरोजगारको माध्यमबाट उनीहरुलाई सक्षम बनाउँदै राष्ट्रिय अर्थतन्त्रमा सहभागिता गराउने। |
| कार्य जिम्मेवारी | • श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहभागीहरु | • श्रम स्वीकृती लिई वैदेशिक रोजगारी (खाडी मुलुक र मलेशिया) बाट फर्केका श्रमिक |
| बजेट बाँडफाँट | बढिमा एक लाखको दरले, |
| कार्य सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृती<br>• पुर्व तयारी, छनौटका आधार तयार<br>• अनुसूची -५ बमोजिमको ढाँचामा निवेदन माग गर्न सूचना प्रकाशन<br>• प्रस्ताव मूल्याङ्कन समिति गठन र प्रस्तावहरुको मूल्याङ्कन<br>• अनुसूची-६ बमोजिम मूल्याङ्कन तथा छनौटका लागि देहाय बमोजिमको समिति रहने छ।<br>क) प्रशासन तथा योजना महाशाखा प्रमुख -संयोजक<br>ख) श्रम तथा रोजगार कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य<br>ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य<br>घ) गण्डकी प्रदेश आप्रवासी श्रमिक सञ्जालको अध्यक्ष/प्रतिनिधि -सदस्य<br>ङ) श्रम तथा रोजगार शाखा प्रमुख -सदस्य सचिव<br>• आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ।<br>• छनौटका आधार<br>○ विदेशबाट फर्केको ५ बर्ष पुरा नभएको<br>○ आफ्नो वा परिवार (पति/पत्नी) को नाममा व्यवसाय दर्ता गरी सञ्चालन गरेको<br>○ प्रदान गरेको रोजगारी संख्या (परिवार बाहेक),<br>○ स्थानीय साधन र स्रोतको प्रयोगको अवस्था,<br>○ उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्र |

| | |
|---|---|
| | ○ उद्यम/व्यवसायको दिगोपना<br>○ प्रदुषण व्यवस्थापन<br>• योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धता भएकोलाई प्राथमिकता दिइने<br>• मूल्याङ्कनबाट छनौट भएका प्रस्तावहरुको सूचना प्रकाशन,<br>• छनौट भएका प्रस्तावकहरुसँग सम्झौता र अनुगमन ।<br>• प्रतिवेदन तयारी/भुक्तानी । |
| आवश्यक कागजातहरु | • अनुसूची-५ को ढाँचा बमोजिमको आवेदन फाराम,<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,<br>• राहदानीको प्रमाणपत्रको प्रतिलिपी (विदेशबाट फर्केको आधार पुष्टी हुने कागजात),<br>• व्यवसाय दर्ता/नविकरण प्रमाणपत्र,<br>• स्थायी लेखा नं. (PAN),<br>• कर चुक्ता प्रमाणपत्र,<br>• सम्वन्धित स्थानीय तह/वडाको सिफारिस (विगत २ आ.व.मा अन्य निकायबाट अनुदान लिए/नलिएको)<br>• अनुसूची-७ बमोजिमको स्वघोषणा पत्र,<br>• सूचनामा उल्लेखित अन्य आवश्यक कागजातहरु। |
| भुक्तानीका आधार | • भुक्तानी निवेदन,<br>• सम्झौता पत्र,<br>• सम्झौता बमोजिमको खर्चको बिल भरपाईहरु<br>• तस्विर सहितको स्थालगत अनुगमन प्रतिवेदन,<br>• आवश्यकता अनुसारका अन्य कागजात। |
| अपेक्षित प्रतिफल | • वैदेशिक रोजगारीबाट अनुभव, सीप, दक्षता र पूँजी आर्जन गरी स्वदेश फर्किएका नेपाली श्रमिकहरू स्वदेशमै उद्यमशीलता विकास तथा व्यवसाय सञ्चालन गर्न प्रेरित हुने,<br>• पटक-पटक वैदेशिक रोजगारीमा जानुपर्ने बाध्याताको न्यूनिकरण हुने,<br>• वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले उद्यम र स्वरोजगारको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउने अवस्थाको सिर्जना हुने। |

**६. आप्रवासी स्रोतकेन्द्र/उपकेन्द्रमा कार्यरत सूचना तथा परामर्शकर्तालाई तनाव व्यवस्थापन तालिम, २०८३**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.६.३.८४ | २२५११ | १ | पटक | ५०० | पहिलो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालयमा सञ्चालित आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्रहरूले आप्रवासी श्रमिक र तिनका परिवारलाई आवश्यक पर्ने सूचना, परामर्श, न्यायमा पहुँच तथा मनोसामाजिक परामर्श सेवा प्रभावकारी रूपमा प्रदान गर्दै आएका छन्। यी केन्द्रहरूमा कार्यरत **सूचना तथा परामर्शकर्ताहरू** अग्रपंक्तिमा रहेर सेवा प्रवाह गर्ने मुख्य जनशक्ति हुन्। उनीहरूले दैनिक रूपमा वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका, विदेशमा अलपत्र परेका, शारीरिक तथा मानसिक हिंसा भोगेका, मृतक श्रमिकका आफन्तहरूका पीडादायी कथाहरू तथा गम्भीर प्रकृतिका गुनासोहरू सुन्नुपर्ने हुनाले उच्च मनोसामाजिक दबाब र तनावमा काम गर्न बाध्य छन्। निरन्तर रूपमा यस्ता प्रकारका पीडा र मानवीय संकटका घटनाहरूसँग साक्षात्कार हुनुपर्ने हुँदा परामर्शकर्ताहरूमा दिर्घकालीन तनावको उच्च जोखिम रहन्छ। तनाव व्यवस्थापनको अभावमा उनीहरूको निर्णय क्षमता, | | | | | | |

| | |
|---|---|
| | संवेदनशीलता र सेवाप्रवाहको गुणस्तरमा समेत प्रत्यक्ष असर पर्न सक्छ। कर्मचारीहरूको मानसिक तथा शारीरिक स्वास्थ्य प्रवर्द्धन गर्दै कार्यस्थललाई तनावमुक्त र अनुकूल बनाउन नियमित रूपमा तनाव व्यवस्थापन तालिम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ। यसै वास्तविकतालाई आत्मसात गर्दै, आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्रमा कार्यरत सूचना तथा परामर्शकर्ताहरूको क्षमता विकास र मानसिक सुदृढीकरणका लागि आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रममा **"आप्रवासी स्रोतकेन्द्र/उपकेन्द्रमा कार्यरत सूचना तथा परामर्शकर्तालाई तनाव व्यवस्थापन तालिम"** कार्यक्रम समावेश गरिएको छ। यस तालिम कार्यक्रमलाई लक्षित जनसङ्ख्यामा प्रभावकारी, व्यवस्थित र नतिजामूलक ढङ्गले कार्यान्वयनमा ल्याउन स्पष्ट मार्गदर्शनको आवश्यकता पर्दछ। सोही प्रयोजनका लागि, मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१** ले दिएको अधिकार प्रयोग गरी परामर्शकर्ताहरूको कार्यक्षमता र मानसिक स्वास्थ्य सुदृढ गर्न यो **तनाव व्यवस्थापन तालिम सञ्चालन मापदण्ड** तयार गरेको हो। |
| कार्यक्रमको उद्देश्य | • आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्रहरूमा कार्यरत सूचना तथा परामर्शकर्ताहरूको मानसिक स्वास्थ्य प्रवर्द्धन गर्ने,<br>• सेवा प्रवाहको कार्यस्थलमा हुने तनावलाई प्रभावकारी ढङ्गले व्यवस्थापन गर्न सक्षम बनाउने,<br>• सेवा प्रवाहको गुणस्तरलाई दिगो तथा प्रभावकारी बनाउने । |
| कार्य जिम्मेवारी | श्रम तथा रोजगार शाखा,सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| बजेट बाँडफाँट | सहभागी दैनिक भ्रमण भत्ता, यातायात खर्च, खाजा, खाना, स्टेशनरी, सहजकर्ताको पारिश्रमिक, इन्धन, लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| कार्यक्रम संचालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृती<br>• कार्यक्रम सञ्चालनको लागि पूर्व तयारी बैठक<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन गरिने स्थान, मिति र जिल्लाहरु चयन<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| सहभागी | • सूचना तथा परामर्शकर्ताहरु<br>• जिल्ला कार्यक्रम संयोजकहरु र सम्वन्धित अन्य कर्मचारीहरु |
| सहयोगी निकाय | • स्थानीय तह<br>• एकिकृत सेवा कार्यालय<br>• सुरक्षित आप्रवासन प्रदेश सहयोग एकाई<br>• प्रादेशिक जनस्वास्थ्य केन्द्र<br>• वैदेशिक रोजगार बोर्ड। |
| अपेक्षित प्रतिफल | • परामर्शकर्ताहरुले दैनिक कार्यसम्पादनको क्रममा उत्पन्न हुने मानसिक तनावका लक्षणहरू आफैं पहिचान गरी स्वस्थ कार्यशैली अवलम्बन गर्नेछन।<br>• तनावमुक्त, मानसिक रूपमा स्वस्थ र ऊर्जावान् परामर्शकर्ता मार्फत प्रभावकारी सेवा प्रवाह हुनेछ।<br>• कर्मचारीहरूको मनोबल उच्च हुने हुँदा संस्थागत वातावरण सुदृढ बन्नेछ र कार्यस्थलमा उनीहरूका बीचको समन्वय तथा कार्यसन्तुष्टिमा सकारात्मक प्रभाव पर्नेछ। |

**७. आन्तरिक/वैदेशिक रोजगारी व्यवस्थापन र कार्यान्वयनमा अन्तरप्रदेश सिकाई/अनुभव आदानप्रदान, २०८३**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (हजारमा) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.६.२५.५७० | २२५२२ | १ | पटक | ३०० | पहिलो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | रोजगारी, श्रम बजार व्यवस्थापन र सुरक्षित आप्रवासनको क्षेत्रमा तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय तह) को समन्वय र सहकार्य अपरिहार्य रहेको छ। विशेषगरी वैदेशिक रोजगारीको व्यवस्थापन, आन्तरिक रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास, तथा सुरक्षित आप्रवासन कार्यक्रमहरूको कार्यान्वयनमा विभिन्न प्रदेशहरूले आफ्नै विशिष्ट नीति, कार्यविधि, असल अभ्यास प्रयोगहरू गर्दै आएका छन्। यस किसिमको विविधता र अभ्यासहरूबाट एकअर्काका अनुभव सिक्दै उत्कृष्ट अभ्यासहरूलाई ग्रहण गर्नुपर्ने आवश्यकता छ। विभिन्न प्रदेशहरूबीच रोजगारी व्यवस्थापन, गुनासो सुनुवाइ, श्रमिकहरूको पुनःएकीकरण, स्थानीय तहसँगको सहकार्य र सेवाप्रवाहका क्रममा अपनाइएका मोडलहरूमा भिन्नता रहन सक्छ। एक प्रदेशमा सफल भएका अभ्यासहरूलाई अर्को प्रदेशमा संस्थागत गर्न, देखिएका चुनौतीहरूको सामूहिक रूपमा सामना गर्न तथा प्रशासनिक एवं कार्यगत क्षमतामा एकरुपता ल्याउन अन्तरप्रदेश स्तरमा सिकाइ र अनुभव आदानप्रदानको चौतारी वा मञ्च निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ। प्रदेश सरकारहरूबीचको सहकार्यलाई मजवुत बनाउँदै आन्तरिक तथा वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याहरूको साझा समाधान खोज्न र प्रभावकारी नीति तथा कार्यक्रम कार्यान्वयनमा गति दिन आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रममा **"आन्तरिक/वैदेशिक रोजगारी व्यवस्थापन र कार्यान्वयनमा अन्तर प्रदेश सिकाइ/अनुभव आदानप्रदान"** कार्यक्रम समावेश गरिएको छ। यस सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रमलाई व्यवस्थित, मितव्ययी, र नतिजामूलक ढङ्गले सञ्चालन गर्न स्पष्ट कार्यविधि तथा मार्गदर्शनको आवश्यकता पर्दछ। सोही प्रयोजनका लागि, मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा** ४१ ले दिएको अधिकार प्रयोग गरी प्रदेशहरूबीचको सहकार्य र सिकाइलाई संस्थागत गर्न यो **सञ्चालन मापदण्ड** तयार गरेको हो। | | | | | | |
| कार्यक्रमको उद्देश्य | • विभिन्न प्रदेशहरूमा आन्तरिक तथा वैदेशिक रोजगारी व्यवस्थापन, सुरक्षित आप्रवासन र श्रम प्रशासनको क्षेत्रमा भएका असल अभ्यास, सिकाइ र अनुभवहरूको आदानप्रदान हुने,<br>• नीतिगत तथा कार्यान्वयनगत क्षमतामा अभिवृद्धि गर्नु र अन्तरप्रदेश सहकार्यलाई सुदृढ बनाउने। | | | | | |
| कार्य जिम्मेवारी | • श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | | | | | |
| सहभागी | • आन्तरिक तथा वैदेशिक रोजगारसँग सम्बन्धित कर्मचारीहरु | | | | | |
| बजेट बाँडफाँट | • सहभागी दैनिक भ्रमण खर्च, यातायात खर्च, इन्धन, स्टेशनरी लगायत विविध खर्च | | | | | |
| कार्यक्रम संचालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृती<br>• पुर्व तयारी<br>• कम्तिमा दुई प्रदेशको श्रम तथा रोजगार हेर्ने मन्त्रालय, आप्रवासी स्रोतकेन्द्र तथा उपकेन्द्रहरुमा अध्ययन, सिकाई अनुभव आदान प्रदान सम्बन्धी अन्तरक्रिया | | | | | |
| अपेक्षित प्रतिफल | • विभिन्न प्रदेशहरूमा आन्तरिक तथा वैदेशिक रोजगारी व्यवस्थापन, सुरक्षित आप्रवासन र पुनःएकीकरणको क्षेत्रमा गरिएका सफल प्रयोग तथा असल अभ्यासहरू एक-अर्कामा हस्तान्तरण र संस्थागत हुनेछन्। | | | | | |

| | |
|---|---|
| | • आन्तरिक र वैदेशिक रोजगारीका क्षेत्रमा भोगिरहेका साझा समस्याको सामूहिक समीक्षा भई व्यवहारिक र प्रभावकारी समाधानका उपायहरू पहिचान हुनेछन्।<br>• प्राप्त सिकाइ र अनुभवलाई नीति निर्माण र सेवा प्रवाहमा उपयोग गर्ने अवसर प्राप्त हुने। |

**८. गण्डकी प्रदेशका उत्कृष्ट रोजगारदाताहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम, २०८३**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (हजारमा) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११ | २.६.२५.५९५ | २२५२२ | १ | पटक | ५०० | पहिलो/दोस्रो/तेस्रो/चौथों |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानको धारा ३३ ले रोजगारको हक तथा धारा ३४ ले श्रमिकको हकलाई मौलिक हकको रूपमा सुनिश्चित गर्दै प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरेको छ। श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको प्रभावकारी कार्यान्वयनमार्फत श्रम बजारलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउनु राज्यको दायित्व हो। संविधान र प्रचलित कानुनको मर्मअनुसार गण्डकी प्रदेशभित्र सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायहरूमा मर्यादित श्रम अभ्यासको प्रवर्द्धन गर्न, श्रमिकको अधिकार संरक्षण गर्न र प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रको योगदानको उच्च कदर गर्न यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रममा **"उत्कृष्ट रोजगारदाताहरूलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम"** समावेश गरिएको छ।<br>उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयले **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ बमोजिमको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • उद्योग, प्रतिष्ठान तथा व्यवसायहरूमा श्रम ऐन, नियमावली र श्रमिकका अधिकारहरूको पालना गराउँदै सुरक्षित, स्वास्थ्यवर्धक र मर्यादित कार्यवातावरण (Decent Work Environment) को संस्कृति स्थापित गर्नु।<br>• राज्यको महत्वपूर्ण नीति, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा रोजगारदाता र श्रमिक दुवैको अनिवार्य आबद्धतालाई प्रोत्साहन र यसको प्रभावकारी कार्यान्वयन गर्ने संस्थाहरूलाई पहिचान गरी पुरस्कृत गर्नु।<br>• प्रदेशको आर्थिक वृद्धि, उत्पादन, सेवा प्रवाह र स्वदेशी रोजगारी सृजनामा महत्वपूर्ण योगदान पुऱ्याउने निजी क्षेत्र तथा रोजगारदाताहरूको कदर गर्दै उनीहरूको मनोबल उच्च पार्नु। |
| कार्य जिम्मेवारी | • श्रम तथा रोजगार शाखा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय |
| सहभागीहरु | • गण्डकी प्रदेशका विभिन्न क्षेत्रका रोजगारदाताहरु |
| बजेट बाँडफाँट | • सर्वोत्कृष्ट रोजगारदाता पुरस्कार रु १,००,०००/- १ जनालाई<br>• उत्कृष्ट रोजगारदाता पुरस्कार रु ७५०००/- को दरले थप ३ जनालाई गरी २२५,०००/-<br>• सम्मान तथा प्रमाणपत्र, खाजा/खाना, दैनिक भ्रमण भत्ता, यातयात/ईन्धन, बैठक भत्ता, स्टेशनरी, र अनुगमन लगायत अन्य विविध खर्चहरु। |
| कार्यक्रम संचालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृती<br>• पुर्व तयारी/समिति गठन<br>• सूचना प्रकाशन |

| | |
|---|---|
| | • प्रस्ताव संकलन, मूल्याङ्कन, व्यवसायको अनुगमन, छनौट, कार्यक्रम सञ्चालन<br>• छनौटका आधार<br>○ उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्र<br>○ रोजगारी सिर्जना/जनशक्ति व्यवस्था<br>○ पूँजी लगानी<br>○ स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग<br>○ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्वता<br>○ स्थानीय तहमा सामाजिक उत्तरदायित्व बहन<br>○ कार्यस्थलको सुरक्षा<br>○ वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन<br>• अनुसूची-८ बमोजिम मूल्याङ्कन तथा छनौटका लागि देहाय बमोजिमको समिति रहने छ।<br>क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा-संयोजक<br>ख) अधिकृत प्रतिनिधि, श्रम तथा रोजगार कार्यालय, पोखरा-सदस्य<br>ग) प्रतिनिधि, उद्योग वाणिज्य महासंघ/संघ -सदस्य<br>घ) प्रतिनिधि, संयुक्त ट्रेड युनियन महासंघ-सदस्य<br>ङ) शाखा प्रमुख, श्रम तथा रोजगार शाखा -सदस्य सचिव<br>• आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ। |
| अपेक्षित प्रतिफल | • प्रदेश भित्र उद्योग सञ्चालन गरी योगदान गरेका उत्कृष्ट रोजगारदाताहरु सम्मानित भएका हुनेछन। |

## २. सामाजिक विकास महाशाखा

### १. प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति बैठक सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | पटक | ३ | ३९० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०८२ को दफा २५ मा भएको व्यवस्था बमोजिम गठित प्रदेशस्तरीय निर्देशन समिति मार्फत अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय अपाङ्गता निर्देशन समितिको नियमित बैठक संचालन गर्नु ।<br>• अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा र यातायात खर्च लगायत बैठक व्यवस्थापन खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा सदस्यहरुसँग समन्वय गर्ने ।<br>• प्रदेशस्तरीय अपाङ्गता निर्देशन समितिमा बैठकको स्थान, मिति र समय तय गर्ने।<br>• बैठक संचालन तथा प्रतिवेदन तयार गर्ने । |
| प्रगति सूचक | ३ वटा वैठक सम्पन्न भएको हुनेछ । |

### २. प्रदेश बाल अधिकार समिति वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | पटक | ३ | २०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७८ मा भएको व्यवस्था वमोजिम गठित समितिलाई प्रभावकारी रुपमा परिचालन गरी बालअधिकारका सवालहरुलाई सम्बोधन गर्नुका साथै प्रदेश बाल अधिकार समितिको वैठक सञ्चालन गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय बाल अधिकार समितिको नियमित वैठक सञ्चालन गर्नु<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा र यातायात खर्च लगायत बैठक सञ्चालन खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेश बालअधिकार समितिका सदस्यहरुसँग समन्वय गर्ने ।<br>• प्रदेश बाल अधिकार समिति वैठकको स्थान, मिति र समय तय गर्ने।<br>• वैठक सञ्चालन तथा प्रतिवेदन तयार गर्ने । |
| प्रगति सूचक | ३ वटा वैठक सम्पन्न भएको हुने। |

### ३. प्रदेश ज्येष्ठ नागरिक समिति गठन तथा वैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | पटक | ३ | २०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर र सद्भाव अभिवृद्धि गर्नको लागि संघीय सरकारबाट तर्जुमा भएको ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ को दफा १४ (क) मा प्रत्येक प्रदेशमा ज्येष्ठ नगारिकको हेरविचार, स्याहार सुसार र सामाजिक सुरक्षा प्रदान गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश ज्येष्ठ नागरिक समिति गठन गर्न सक्नेछ भन्ने व्यवस्था भए वमोजिम प्रदेश ज्येष्ठ नागरिक समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्न तथा ज्येष्ठ नागरिकका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • प्रदेशस्तरीय ज्येष्ठ नागरिक समिति गठन गर्नु ।<br>• समितिको नियमित बैठक सञ्चालन गर्नु।<br>• ज्येष्ठ नागरिकका सवालहरुलाई प्रभावकारी रुपमा सम्वोधन गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा र यातायात खर्च लगायत बैठक व्यवस्थापन सम्बन्धी खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • प्रदेशस्तरीय ज्येष्ठ नागरिक समिति गठन गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।<br>• समिति बैठक सञ्चालनका लागि सदस्यहरुसँग समन्वय गर्ने<br>• समिति वैठकको स्थान, मिति र समय तय गर्ने<br>• वैठक संचालन तथा प्रतिवेदन तयार गर्ने । |
| प्रगति सूचक | ३ वटा वैठक सम्पन्न भएको हुने । |

### ४. जातीय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तिकरण समितिको बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | पटक | ३ | २४० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | जातीय आधारमा दलित माथि हुने हिंसा, भेदभाव, छुवाछुत, बहिष्करण, बञ्चितिकरण, प्रतिबन्ध, निष्कासन जस्ता भेदभाव जन्य कार्यको अन्त्य गरी आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक तथा शैक्षिक अधिकारको उपयोग गर्दै दलित समुदायको सशक्तिकरण, विकास र समान मानवीय मर्यादा कायम राखी समतामूलक समाजको निर्माण गर्न गण्डकी प्रदेशले जारी गरेको गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२ को दफा ७ बमोजिमको समितिलाई परिचालन गर्न तथा दलित अधिकार सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • समितिको नियमित बैठक सञ्चालन गर्नु।<br>• दलित अधिकार सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा र यातायात लगायत बैठक व्यवस्थापन सम्बन्धी खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • समिति बैठक सञ्चालनका लागि सदस्यहरुसँग समन्वय गर्ने ।<br>• समिति बैठकको स्थान, मिति र समय तय गर्ने ।<br>• वैठक सञ्चालन तथा प्रतिवेदन तयार गर्ने । |
| प्रगति सूचक | ३ वटा वैठक सम्पन्न भएको हुने । |

## ५. जिल्ला सेवा केन्द्र निर्देशक समिति बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | पटक | ३ | २०० | पहिलो/ दोस्रो/ तेस्रो |
| शीर्षक | विवरण | | | |
| पृष्ठभूमि | लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाबाट सिर्जित असरको न्यूनिकरण गरी प्रभावितलाई सामाजिक न्यायको प्रत्याभूति गराउन नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरेका विभिन्न प्रतिबद्धता कार्यान्वयन गर्न तथा गण्डकी प्रदेश सरकारले जारी गरेको हिंसा प्रभावितको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ को दफा ६ बमोजिमको समितिलाई परिचालन गर्न तथा लैङ्गिक हिंसा सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। | | | |
| कार्यक्रमको उद्देश्य | • समितिको नियमित बैठक सञ्चालन गर्नु।<br>• लैङ्गिक हिंसा सम्बन्धी सवालहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्नु । | | | |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा | | | |
| बजेट बाँडफाँट | बैठक भत्ता, खाना, खाजा र यातायात लगायत बैठक व्यवस्थापन सम्बन्धी खर्च | | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • समिति बैठक सञ्चालनका लागि सदस्यहरुसँग समन्वय गर्ने<br>• समिति बैठकको स्थान, मिति र समय तय गर्ने<br>• बैठक सञ्चालन तथा प्रतिवेदन तयार गर्ने । | | | |
| प्रगति सूचक | ३ वटा बैठक सम्पन्न भएको हुने । | | | |

## ६. गण्डकी महिला सशक्तिकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (हजारमा.रु) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | १००० | तेस्रो त्रैमासिक |
| शीर्षक | विवरण | | | |
| पृष्ठभूमि | नेपालको संविधानले महिला अधिकार, समानता तथा समावेशी विकास सुनिश्चित गरेको छ । गण्डकी प्रदेश सरकारले महिला सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता, सामाजिक रुपान्तरण तथा लैङ्गिक समानताको प्रवर्धनलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सन्दर्भमा गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई विभिन्न विधामा उल्लेखनीय योगदान पुर्याउने गण्डकी प्रदेश भित्रका २५ वर्ष उमेर पुरा भएका महिलाहरुलाई सम्मान एवम् प्रोत्साहन गर्न यो कार्यक्रम समावेश गरिएको हो। | | | |
| कार्यक्रमको उद्देश्य | • विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने महिलाहरुको पहिचान, सम्मान तथा हौसला अभिवृद्धि गर्नु<br>• महिलाको नेतृत्व, सिर्जनशिलता, उद्यमशीलता र नवप्रर्वतनलाई प्रोत्साहन गर्नु<br>• आगामी पुस्तालाई सकारात्मक प्रेरणा प्रदान गर्नु | | | |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा | | | |
| बजेट बाँडफाँड | सम्मान पत्र तथा प्रोत्साहन रकम, खाजा/खाना, वैठक भत्ता, यातायात खर्च लगायत कार्यक्रम व्यवस्थापन सम्बन्धी खर्चहरु | | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमका विधाहरुलाई आधार लिइनेछः<br>○ महिला अधिकार संरक्षण तथा प्रवर्धन<br>○ बाल अधिकार संरक्षण तथा प्रवर्धन<br>○ ज्येष्ठ नागरिकको सम्मान तथा संरक्षण<br>○ अपाङ्गता अधिकार प्रवर्धन | | | |

| | |
|---|---|
| | ○ दलित हक अधिकार संरक्षण तथा प्रवर्धन<br>○ मानव बेचविखन तथा ओसार पसार नियन्त्रण<br>○ लैङ्गिक हिंसा न्यूनिकरण<br>○ एकल महिला अधिकार संरक्षण तथा प्रवर्धन<br>○ विज्ञान प्रविधि तथा नवर्प्रवतन<br>○ सामाजिक सेवा तथा मानवसेवा<br>○ लैङ्गिक संवेदनशिल पत्रकारिता<br>○ अन्य<br>• सूचना प्रकाशन<br>• अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन सङ्कलन<br>• निवेदन साथ पेश गर्नुपर्ने कागजातः<br>○ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>○ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि<br>○ सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>○ सम्बन्धित विधामा विगत ५ वर्षदेखि गरेको योगदान खुल्ने सरकारी निकायबाट प्रमाणित कागजात (कार्यक्षेत्र समेत खुलाउने-गाउँपालिका, नगरपालिका, महानगरपालिका, जिल्ला प्रदेश)<br>○ यस भन्दा अगाडि सरकारी निकायबाट प्रोत्साहन तथा सम्मान प्राप्त गरेको भए सो सम्बन्धित कागजात<br>○ विगत ५ वर्षमा सम्बन्धित विधामा गरेका महत्वपुर्ण कार्यहरुको वर्ष अनुसार छुट्टाछुट्टै विवरण (सम्भव भए सम्म फोटो समेत संलग्न गर्ने)<br>○ गैर सरकारी संस्थामा आबद्ध भए आवद्धता खुल्ने प्रमाणित कागजात<br>○ अन्य विवरण भए खुलाउने<br>• कुनै पनि सरकारी सेवामा संलग्न रहेका महिला कर्मचारी यो कार्यक्रममा सहभागी हुन पाउनेछैनन् ।<br>• प्राप्त निवेदनको मूल्याङ्कन छनौट तथा सिफारिस गर्नका लागि तपसिल बमोजिमको मूल्याङ्कन छनौट तथा सिफारिस समिति रहनेछः-<br>क) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा -संयोजक<br>ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा -सदस्य<br>ग) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य<br>घ) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य<br>ङ) मन्त्रालयले तोकेको महिला विकास अधिकृत -सदस्य<br>च) सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव<br>• समितिमा आवश्यकता अनुसार विभिन्न विधाका व्यक्तिहरुलाई समेत विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ।<br>• समितिले अनुसूची-१० बमोजिमका आधारमा मूल्याङ्कन, छनौट तथा प्रोत्साहन रकम सहित मन्त्रालयलाई सिफारिस गर्नुपर्नेछ ।<br>• समितिले उल्लेखित प्रत्येक विधाको लागि १/१ जना मात्र छनौट गर्नुपर्नेछ।<br>• मूल्याकङ्न, छनौट तथा सिफारिस सम्बन्धमा आवश्यक पर्ने अन्य विषय समितिले निर्धारण गर्न सक्नेछ।<br>• समितिको सिफारिसको आधारमा प्रोत्साहन तथा सम्मान कार्यक्रम मन्त्रालयले आयोजना गर्नेछ । |
| प्रगति सूचक | विभिन्न विधाका कम्तिमा १० जना महिलाहरु सम्मानित तथा प्रोत्साहित भएका हुनेछन्। |

## ७. अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामग्री सहयोग

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०८२ को दफा २० तथा नियमावली २०८३ को नियम ५ मा भएको व्यवस्थाको कार्यान्वयन मार्फत अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री उपलब्ध गराई उनीहरुको दैनिक जिवनयापनलाई सहज बनाउन यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गर्नु ।<br>• अपाङ्गता भएका व्यक्तिको गमनशीलता अभिवृद्धि गरी दैनिक जिवनयापन सहज बनाउनु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | सहायक सामग्री सहयोगका लागि आवश्यक सम्पुर्ण खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • अपाङ्गता सम्बन्धी निर्देशन समितिको बैठकबाट सहयोग गरिने सहायक सामग्रीको पहिचान गर्ने ।<br>• आवश्यकता अनुसार माग सङ्कलन गर्ने ।<br>• संघिय सरकारको कार्यक्रमसँग तादाम्यता हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने । |
| प्रगति सूचक | कम्तिमा २० जना अपाङ्गता भएका व्यक्तिले सहायक सामग्री प्राप्त गरेका हुनेछन्। |

## ८. अन्तरजातीय विवाह प्रोत्साहन, संरक्षण तथा पुनर्स्थापना

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले समानता, सामाजिक न्याय, विभेद रहित समाज तथा जातीय छुवाछुतको अन्त्यलाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरेको छ । गण्डकी प्रदेश दलित अधिकार सम्बन्धी ऐन, २०८२ मा भएका व्यवस्थाको कार्यान्वयन गरी गण्डकी प्रदेश भित्रको दलित तथा गैरदलित समुदायबीच भएको अन्तरजातीय विवाहको कारणले पारिवारिक र सामाजिक वहिष्करणमा परेका दम्पत्ती तथा अन्तरजातीय विवाह गरी परम्परागत रितिरिवाज र सामाजिक तथा साँस्कृतिक रुपान्तरणमा उदाहरणीय कार्य गरेका दम्पत्तीहरुलाई संरक्षण, प्रोत्साहन तथा आवश्यकता अनुसार पुनर्स्थापना गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | अन्तरजातीय विवाहको कारणले पारिवारिक र सामाजिक वहिष्करणमा परेका दम्पत्तीहरुलाई संरक्षण, प्रोत्साहन तथा आवश्यकता अनुसार पुनर्स्थापना गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | अन्तरजातीय विवाहको कारणबाट पारिवारिक सामाजिक बहिष्करणमा परेका दम्पत्तिलाई संरक्षण प्रोत्साहन तथा पुनर्स्थापना गर्दा लाग्ने खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | क) प्रोत्साहन कार्यक्रमः<br>• प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमको प्रकृया अवलम्बन गरिनेछः<br>• अन्तरजातीय विवाह गरेको ५ वर्ष पुरा भएका दम्पत्तिले देहायका कागजात संलग्न गरी अनुसूची-११ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछः<br>○ दुवै जनाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>○ विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>○ अन्तरजातीय विवाह पश्चात गरेको महत्वपुर्ण कार्यको विवरण |

| | |
|---|---|
| | ○ यस भन्दा अगाडि सरकारी निकायबाट प्रोत्साहन तथा सम्मान प्राप्त गरेको भए सो सम्बन्धित कागजात<br>• स्थानीय तहले प्रदेश सरकारलाई सिफारिस गर्दा जातिय भेदभाव तथा छुवाछुत अनुगमन र दलित सशक्तिकरण स्थानीय समितिको निर्णय वा स्थानीय तहको सिफारिसका अतिरिक्त देहायका आधारमा एक दम्पत्तीलाई सिफारिस गरी निज दम्पत्तीले पेश गरेका कागजात समेत संलग्न गरी प्रदेश मन्त्रालयमा पठाउनुपर्नेछः<br>○ सम्बन्धित स्थानीय तहमा रोजगार तथा स्वरोजगार सिर्जनामा योगदान गरेको<br>○ समुदायको उत्थान, विकास र सशक्तिकरणमा उल्लेखनीय कार्य गरेको<br>○ अन्तरजातीय विवाह गरेको कम्तिमा ५ वर्ष पुरा भएको<br>• स्थानीय तहबाट सिफारिस भई आएका कागजातहरुको अध्ययन तथा रकम सिफारिस गर्नका लागि तपसिल बमोजिमको प्रोत्साहन रकम सिफारिस समिति रहनेछः<br>क. महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा -संयोजक<br>ख. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा/प्रतिनिधि - सदस्य<br>ग. अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य<br>घ. शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. महिला विकास अधिकृत, सम्बन्धित महाशाखा - सदस्य<br>च. शाखा प्रमुख, सम्बन्धित शाखा - सदस्य सचिव<br>• समितिमा आवश्यकता अनुसार विज्ञ व्यक्तिहरुलाई समेत विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।<br>• कागजातहरुको अध्ययन तथा रकम सिफारिस सम्बन्धमा आवश्यक पर्ने अन्य विषय समितिले निर्धारण गर्न सक्नेछ ।<br>• समितिको सिफारिसको आधारमा प्रोत्साहन तथा सम्मान कार्यक्रम मन्त्रालयले आयोजना गर्नेछ।<br>ख) संरक्षण तथा पुनर्स्थापनाका लागि देहायका कार्यहरु गरिनेछः<br>अन्तरजातीय विवाह गरेका कारण परिवारिक तथा सामाजिक वहिष्करणमा परि तत्काल संरक्षण नभएमा गम्भीर मानवीय जोखिम हुन सक्ने देखिएमा स्थानीय तहको सिफारिसको आधारमा बढीमा पच्चीस हजार सम्म संरक्षण बापतको रकम उपलब्ध गराइनेछ । साथै पुनर्स्थापना गर्नुपर्ने अवस्थामा जिल्ला सेवा केन्द्र र दीर्घकालीन पुनर्स्थापना केन्द्रसँग आवश्यक समन्वय गरिनेछ । |
| प्रगति सूचक | • अन्तरजातीय विवाह गरेका दम्पत्तीहरु कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |

## ९. सांकेतिक भाषा सम्बन्धी अध्ययन तथा अनुसन्धान

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | सांकेतिक भाषा श्रवण तथा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा सूचना सञ्चार तथा सार्वजनिक सेवामा पहुँचको प्रमुख माध्यम हो । समयको विकासक्रमसँगै विज्ञान, प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटन, कानून, प्रशासन तथा डिजिटल सेवासँग सम्बन्धित नयाँ शब्दहरुको प्रयोग बढ्दै गएको छ । विद्यमान नेपाली सांकेतिक भाषामा यस्ता धेरै शब्दहरुको संकेत उपलब्ध नभएको अवस्था छ । नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिको समान अधिकार सुनिश्चित गरेको छ । गण्डकी प्रदेश सरकारबाट जारी भएका अपाङ्गता सम्बन्धी ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम नयाँ सांकेतिक शब्दहरुको पहिचान तथा प्रमाणिकरण गरी बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सार्वजनिक तथा निजी जिवनमा सञ्चारको सहज पहुँच पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको छ । |

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरमा आवश्यक नयाँ सांकेतिक शब्दहरुको अध्ययन, पहिचान, विकास, प्रमाणिकरण तथा अभिलेखीकरण गर्नु<br>• स्थानीय आवश्यकता र प्रयोगका आधारमा सांकेतिक भाषा विकास गर्नु<br>• सांङ्केतिक भाषामा एकरुपता कायम गर्नु |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | सांकेतिक भाषा सम्बन्धि अध्ययन तथा अनुसन्धान कार्यका लागि लाग्ने सम्पुर्ण खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • साङ्केतिक भाषाको नयाँ शब्दहरुको आवश्यकताको पहिचानको लागि सम्बन्धित सरोकारवाला संस्थासँग समन्वय<br>• कार्यक्रम कार्यान्वयनको प्रारुप तयार<br>• कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | नयाँ शब्द पहिचान, प्रमाणीकरण, अभिलेखीकरण तथा अभिमुखीकरण भएको हुने । |

## १०. दलित अधिकार सम्बन्धी कानुनको कार्यान्वयन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले समानता, सामाजिक न्याय, विभेद रहित समाज तथा जातीय छुवाछुतको अन्त्यलाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरेको छ । गण्डकी प्रदेश दलित अधिकार सम्बन्धी ऐन, २०८२ तथा नियमावली, २०८३ मा भएको दलित समुदायको हक अधिकार सुनिश्चतता, वृत्ति विकास, उत्थान, सशक्तिकरण, क्षमता अभिवृद्धि, जातीय हिंसा, भेदभाव तथा छुवाछुतको अन्त्य लगायतका विषयमा स्थानीय तह सरोकारवाला निकायसँग ऐन तथा नियमावलीमा भएका प्रावधानका विषयमा अन्तरक्रिया तथा छलफल गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | स्थानीय तह सरोकारवाला निकायसँग ऐन तथा नियमावलीमा भएका प्रावधानका विषयमा अन्तरक्रिया तथा छलफल गर्नु। |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • स्थानीय तहहरुसँग समन्वय<br>• कार्यक्रमको सञ्चालनको प्रारुप तयार गर्ने<br>• कार्यक्रम सञ्चालनको लागि स्थान, मिति र समय तय गर्ने<br>• कार्यक्रम सञ्चालन तथा प्रतिवेदन तयार गर्ने ।<br>• आवश्यकता अनुसार स्थानीय तहसँग साझेदारीतामा समेत कार्यक्रम सञ्चालन गर्न सकिने |
| प्रगति सूचक | कम्तिमा ३ वटा स्थानमा कार्यक्रम सञ्चालन भएको हुने । |

## ११. दलित समुदाय लक्षित सशक्तिकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले समानता, सामाजिक न्याय, विभेद रहित समाज तथा जातीय छुवाछुतको अन्त्यलाई मौलिक अधिकारको रुपमा सुनिश्चित गरेको छ । गण्डकी प्रदेश दलित अधिकार सम्बन्धी ऐन, २०८२ तथा नियमावली, २०८३ मा भएको दलित समुदायको हक अधिकार सुनिश्चतताका लागि दलित समुदायको आर्थिक सशक्तिकरण मा सहयोग पुर्‍याउन यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | दलित समुदायको आर्थिक सशक्तिकरणका लागि उद्यमशीलता प्रवर्द्धन गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम व्यवस्थापन तथा सञ्चालन सम्बन्धी सम्पुर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | संघ सशर्त अनुदान तर्फको खर्च शिर्षक २२५२२ क्रियाकलाप नं २.७.२५.६१४ मा समावेश कार्यक्रमको कार्यविधि प्राप्त भए पश्चात मन्त्रालयमा छलफल तथा निर्णय गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने। |
| प्रगति सूचक | दलित समुदायको आर्थिक सशक्तिकरणमा भएको हुने । |

## १२. दलित समुदायको परम्परागत पेशा र व्यवसायको यान्त्रिकरण तथा आधुनिकिकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई काम गर्ने अवसर सुनिश्चित गर्न विद्यमान जनशक्तिलाई दक्ष र व्यवसायिक बनाउन आवश्यक छ । दलित समुदायको आर्थिक शसक्तिकरणमा टेवा पुर्‍याउने उद्धेश्यले दलित समुदायसँग सम्बन्धित परम्परागत पेशा र व्यवसायको यान्त्रिकरण तथा आधुनिकीकरणका लागि प्रविधि तथा उपकरण सहयोगका माध्यमबाट रोजगारी तथा स्वरोजगारी सिर्जना गरी उद्यम व्यवसायमा सहयोग पुर्‍याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | दलित समुदायको परम्परागत पेशा र व्यवसायको यान्त्रिकरण तथा आधुनिकीकरण गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालनका लाग्ने सम्पुर्ण खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • अनुसूची-१२ बमोजिमको ढाँचामा प्रस्ताव आव्हान<br>• प्रस्ताव मुल्यांकन छनौट तथा सिफारिस समिति<br>क) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा -संयोजक<br>ख) महाशाखा प्रमुख/प्रतिनिधि, प्रशासन तथा योजना महाशाखा -सदस्य<br>ग) शाखा प्रमुख/प्रतिनिधी, आर्थिक प्रशासन शाखा -सदस्य<br>घ) अधिकृत प्रतिनिधि, उद्योग तथा पर्यटन मन्त्रालय -सदस्य<br>ङ) शाखा प्रमुख, महाशाखा अन्तर्गतका शाखा -सदस्य<br>• समितिले अनुसूची-१३ बमोजिमका आधारमा प्रस्तावहरुको मूल्याङ्कन छनौट तथा सिफारिस गर्नेछ।<br>• समितिले अनुदान प्राप्त गर्ने व्यक्तिलाई बढीमा १ लाख सम्म सिफारिस गर्न सक्नेछ ।<br>• अभिमुखिकरण, सम्झौता तथा कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | कम्तिमा ८ जना दलित समुदायका व्यक्तिको परम्परागत पेशा र व्यवसायको यान्त्रिकरण तथा आधुनिकीकरणमा सहयोग पुग्नेछ । |

## १३. प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय बैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको बारेमा मन्त्रालयले आवश्यक जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा समन्वय, सहकार्य र परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | प्रदेशभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आवद्ध गर्ने। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • समन्वय बैठक तयारी तथा सञ्चालन,<br>• मन्त्रालय तथा सम्बन्धित संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको जानकारी तथा सुझाव सङ्कलन<br>• प्रतिवेदन तयार तथा समीक्षा |
| प्रगति सुचक | १ वटा समन्वय बैठक सञ्चालन भएको हुने । |

## १४. अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तिकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ३५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संघ तथा प्रदेश सरकारले जारी गरेका ऐन तथा नियमावलीहरुले अपाङ्गता भएका व्यक्तिको समान अधिकार, सम्मानजनक जिवन, पहुँचयुक्त सेवा तथा समावेशी विकासलाई सुनिश्चित गरेका छन् । प्रदेश सरकारबाट जारी भएका ऐन तथा नियमावलीको कार्यान्वयन मार्फत अपाङ्गता अधिकार सुनिश्चित गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम मार्फत अपाङ्गता अधिकार सुनिश्चित गर्नु। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालनका लागि लाग्ने सम्पुर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • प्रदेश स्तरीय अपाङ्गता निर्देशन समितिको बैठकबाट अनुमोदन वा निर्णय<br>• अपाङ्गता भएका किशोरकिशोरीलाई लक्षित गरी विद्यालय स्तरमा यौन तथा प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम (स्थानीय तहको स्वास्थ्य शाखा वा प्रदेश स्वास्थ्य सँगको साझेदारीमा गर्न सकिने)<br>• अपाङ्गता सहायक सामग्री तथा प्रविधि वितरण<br>• अपाङ्गताको क्षेत्रमा काम गर्ने जिल्ला तहका संस्थासँगको अन्तरक्रिया तथा क्षमता विकास<br>• संघीय सशर्त खर्च शिर्षक नं २२५२२ क्रियाकलाप नं. २.७.२५.६०५ मा समावेश भएको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममा संघ सरकारसँगको लागत साझेदारी<br>• अपाङ्गता ऐन कार्यान्वयनका लागि सेवा प्रदायक निकायसँग अन्तरक्रिया<br>• कार्यक्रम कार्यान्वयन । |
| प्रगति सुचक | अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण सम्बन्धि कम्तिमा ५ वटा कार्यक्रम सञ्चालन भएको हुने । |

## १५. सामाजिक विकासको क्षेत्रमा क्रियाशिल गैसस र संघ संस्थाहरुसँगको समन्वय र साझेदारी कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १० | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय तथा साझेदारी गरी कार्यक्रममा दोहोरोपनाको अन्त्य गर्दै स्रोतको प्रभावकारी परिचालन मार्फत सामाजिक विकासका क्षेत्रसँग सम्बन्धित विभिन्न सूचकहरुमा सबलीकरण लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | प्रदेशभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय तथा कार्यक्रममा साझेदारी<br>• कार्यक्रम कार्यान्वयन |
| प्रगति सुचक | कम्तिमा १० वटा संस्थाहरुसँगको साझेदारीतामा कार्यक्रम सम्पन्न भएको हुने । |

## १६. प्रदेश बाल परिषद् पुनर्गठन तथा बैठक सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | बजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १।३ | ६०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश बालबालिका सम्बन्धि ऐन तथा नियमावलीमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि प्रदेश बाल परिषद्को कार्यकाल पश्चात् नयाँ सञ्जाल गठन तथा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| कार्यक्रमको उद्देश्य | • प्रदेश बाल परिषदको पुनर्गठन र नियमित बैठक सञ्चालन गर्नु ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुऱ्याउनु । |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट वाँडफाँट | खाजा तथा खाना, यातायात, वैठक भत्ता, दैनिक भ्रमण खर्च, स्टेशनरी, दैनिक भ्रमण भत्ता लगायतका खर्च |
| सञ्चालन गरिने क्रियाकलाप | • बालबालिका सम्बन्धी ऐन तथा नियमावली बमोजिमका कार्यहरु गर्ने<br>• एकीकृत सेवा कार्यालय तथा जिल्ला बालक्लव सञ्जालसँग समन्वय तथा सहकार्य<br>• प्रदेश बाल परिषद पुनर्गठन कार्यक्रमको लागि स्थान, मिति र समय तय<br>• प्रदेश बाल परिषद्को पुर्नगठन कार्यक्रममा प्रतिनिधित्व गर्ने बालबालिकाहरु पठाउन एकीकृत सेवा कार्यालय र जिल्ला बालक्लव सञ्जाललाई अनुरोध ।<br>• प्रदेश बाल परिषद्को पुनर्गठनका लागि आवश्यक तयारी<br>• छनौट भएका बालबालिकाहरुको भेला, पुनर्गठन तथा अभिमुखिकरण<br>• प्रदेश बाल परिषद्को नियमित बैठक सञ्चालन |
| प्रगति सूचक | • १५ सदस्यीय प्रदेश बाल परिषद्को पुनर्गठन हुने ।<br>• प्रदेश बाल परिषद्को कम्तिमा ३ वटा बैठक सम्पन्न हुने । |

## १७.गण्डकी प्रदेशका महिला पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | पछिल्लो समय सूचना र प्रविधिमा भएको विकाससंगै यसको प्रयोग, चुनौति र महत्वलाई दर्शाउन विभिन्न सामाजिक गतिविधिहरुको उत्पादन तथा प्रशारणमा मिडियालाई सकारात्मक र रचनात्मक बनाउनुका साथै मन्त्रालयको कार्यक्षेत्रसँग ( लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, लैङ्गिक हिंसा न्यूनिकरण, मानब बेचबिखन तथा ओसार पसार नियन्त्रण, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत) सम्बन्धित विषयमा सत्य र तथ्यपरक सूचना तथा सामग्री उत्पादन र सम्प्रेषणका लागि महिला पत्रकारलाई प्रोत्साहित गरी तथ्य र विश्लेषणका आधारमा संवेदनशिल हुन अभिप्रेरित गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | महिला पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्नु । |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी खर्चहरु |
| सञ्चालन गरिने क्रियाकलाप | • प्रेस रजिष्टारको कार्यालय, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश, कास्की शाखा, सञ्चारिका समूह र सरोकारवालाहरुसँग समन्वय<br>• कम्तिमा दुई (२) दिनको कार्यक्रम सञ्चालन गर्नको लागि मोडालिटी तयार<br>• कार्यक्रमको मिति र समय निर्धारण<br>• कार्यक्रम सञ्चालन |
| प्रगति सूचक | कम्तिमा ३० जना महिला पत्रकारहरुको क्षमता अभिवृद्धि भएको हुनेछ । |

## १८. अपाङ्गता मैत्री संरचना निर्माणका लागि स्थानीय तहका इञ्जिनियहरुका लागि कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ६८० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी विभिन्न ऐन, कानुन, भवन निर्माण सम्बन्धी आचार संहिता तथा समावेशी विकास सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक नीतिहरुले सार्वजनिक संरचनाहरुलाई अपाङ्गता मैत्री बनाउन जोड दिएका छन् । हालसम्म पनि सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायत सार्वजनिक भवनहरु सबैका लागि पहुँचयुक्त छैनन् । यसका लागि प्रदेश तथा स्थानीय तहमा कार्यरत इञ्जिनियर तथा प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरी योजना निर्माण डिजाइन निर्माण कार्य तथा अनुगमन प्रकृयालाई समेत अपाङ्गता मैत्री बनाउनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • प्राविधिक जनशक्तिहरुलाई अपाङ्गता मैत्री संरचना निर्माण सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी गराउनु<br>• सार्वजनिक भवन तथा पूर्वाधारको डिजाइन र निर्माणमा अपाङ्गता मैत्री अवधारणा लागु गर्न सक्षम बनाउनु |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण खर्च । |

| | |
|---|---|
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • स्थानीय तहहरुसँग समन्वय<br>• कार्यक्रम सञ्चालनको मिति समय निर्धारण<br>• तपसिल बमोजिमका विषयहरुका छलफल तथा प्रशिक्षणः<br>○ अपाङ्गता सम्बन्धी संघीय तथा प्रादेशिक कानुनी व्यवस्थाको जानकारी<br>○ अपाङ्गता मैत्री भवन तथा पूर्वाधार निर्माण सम्बन्धी कानूनहरुको जानकारी<br>○ न्याम, रेलिङ, लिफ्ट, शौचालय, संकेत प्रणाली, पार्किङ तथा पैदल मार्गको डिजाइन सम्बन्धी<br>○ सार्वजनिक भवनहरुको पहुँच परिक्षण सम्बन्धी अभ्यास<br>○ समुह कार्य तथा डिजाइन अभ्यास<br>○ कार्ययोजना निर्माण |
| प्रगति सूचक | कम्तिमा ४० जना प्राविधिक जनशक्तिको विकास भएको हुने । |

## १९. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका लागि सशक्तीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधानले समानता, अविभेद, सामाजिक न्याय तथा मानवअधिकारको प्रत्याभूति गरेको छ । साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरुको सम्मान, सुरक्षा, समान अवसर र सार्वजनिक सेवामा पहुँच सुनिश्चित गर्न विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु बनेका छन्  तथापि व्यवहारिक रुपमा उल्लेखित समुदायका व्यक्तिहरुको पहिचान, सामाजिक तथा पारिवारिक वहिष्करण, विभेद, हिंसा, रोजगारीमा न्यून पहुँच, स्वास्थ्य तथा शिक्षामा असमान पहुँच जस्ता समस्याहरुको सम्बोधनका लागि सरोकारवालासँगको समेत सहभागितामा अन्तरक्रिया गरी भावी कार्यदिशा तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | संघ, प्रदेश स्थानीय तथा गैरसरकारी संस्था लगायत सरोकारवाला निकायहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु प्रतिको संवेदनशीलता तथा सकारात्मक सोच विकास गर्नु । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन गर्दा लाग्ने सम्पुर्ण खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • सरोकारवाला संस्थासँग समन्वय<br>• कार्यक्रम सञ्चालनको प्रारुप तयारी<br>• कार्यक्रमको मिति समय र स्थान निर्धारण<br>• कार्यक्रम सञ्चालन |
| प्रगति सुचक | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिको सामाजिक मर्यादामा सहयोग पुग्ने । |

## २०. स्थानीय तहका महिला बालबालिका शाखा हेर्ने कर्मचारीहरुको क्षमता विकास कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | ४ | ९०० | पहिलो, दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानीय तहको महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक क्षेत्र हेर्ने शाखाले महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति  लगायतको क्षेत्रमा सम्पादन गरिरहेका कार्यहरुको सन्दर्भमा अनुभव आदान प्रदान, अन्तरक्रिया तथा समन्वय र सहकार्यमार्फत  कार्यसम्पादन स्तर वृद्धि गराउनका लागि यो कार्यक्रम समावेश गरिएको हो। |

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | स्थानीय तहको महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक क्षेत्र हेर्ने शाखाबीच अनुभव आदान प्रदान, अन्तरक्रिया, समन्वय र सहकार्यको वृद्धि गर्न । |
| कार्य जिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँड | खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर, पानी, इन्धन लगायत विविध शिर्षकहरुमा खर्च गरिने |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • स्थानीय तहसँग समन्वय<br>• कार्यक्रमको प्रारुप तयारी<br>• कार्यक्रम सञ्चालनको मिति समय र स्थान निर्धारण<br>• कार्यक्रम सञ्चालन |
| प्रगति सुचक | स्थानीय तहका महिला बालबालिका क्षेत्र हेर्ने कर्मचारी क्षमता अभिवृद्धि भई कार्यसम्पादनस्तर वृद्धि भएको हुने |

## २१. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति बैठक तथा क्षमता विकास कार्यशाला

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ३ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण र सामाजिक न्याय सुनिश्चितता गर्न तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्न गण्डकी प्रदेश सरकारद्वारा जारी भएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मा भएको व्यवस्थाको कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • गण्डकी प्रदेशको लैङ्गिक उत्तरदायी बजेट परीक्षणको स्वमुल्यांकन गर्ने गराउने ।<br>• गण्डकी प्रदेश सरकारको योजना र बजेट लैससासको दृष्टिकोणले लैङ्गिकमैत्री बनाउने कार्यमा सहयोग गर्ने ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ को व्यवस्था कार्यान्वयन गर्ने। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | बैठक भत्ता, कार्यपत्र प्रस्तुति, खाजा खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • समितिका सदस्यहरुलाई पत्राचार तथा समन्वय<br>• क्षमता विकास कार्यक्रम तथा बैठक सञ्चालन |
| प्रगति | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरुको कम्तिमा ३ पटक बैठक तथा १ पटक क्षमता विकास कार्यक्रम सम्पन्न भएको हुने । |

## २२. स्थानीय तहहरुसँग अपाङ्गता अधिकार कार्यान्वयन अन्तक्रिया (राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | ७०० | पहिलो/ दोस्रो/ तेस्रो |
| शीर्षक | विवरण | | | |
| पृष्ठभूमि | नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संघ तथा प्रदेश सरकारले जारी गरेका ऐन तथा नियमावलीहरुले अपाङ्गता भएका व्यक्तिको समान अधिकार, सम्मानजनक जिवन, पहुँचयुक्त सेवा तथा समावेशी विकासलाई सुनिश्चित गरेका छन् । प्रदेश सरकारबाट जारी भएका अपाङ्गता सम्बन्धी ऐन तथा नियमावलीमा व्यवस्था भएका स्थानीय तहसँग सम्बन्धित अधिकार तथा जिम्मेवारीहरुको कार्यान्वयनका लागि मन्त्रालयले राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशसँग समन्वय गरी कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको छ । | | | |
| कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार कार्यान्वयन प्रति स्थानीय तहलाई उत्तरदायी र जिम्मेवार बनाउनु । | | | |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा | | | |
| बजेट बाँडफाँट | बैठक भत्ता, कार्यपत्र प्रस्तुति, खाजा खर्च लगायतका खर्च। | | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • सम्बन्धित संस्थासँग कम्तिमा १० प्रतिशत साझेदारी सहितको विस्तृत प्रस्ताव माग<br>• प्रस्ताव माथि छलफल<br>• सम्झौता तथा कार्यक्रम सञ्चालन | | | |
| प्रगति सूचक | ८५ वटै स्थानीय तहसँग अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयनका सम्बन्धमा अन्तरक्रिया भएको हुने । | | | |

## २३. बालमैत्री स्थानीय शासन प्रवर्धन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ४ | १५०० | पहिलो/ दोस्रो/ तेस्रो |
| शीर्षक | विवरण | | | |
| पृष्ठभूमि | नेपालको संविधान, बालबालिका सम्बन्धी संघीय तथा प्रादेशिक ऐन तथा कानुन, स्थानीय सरकार सञ्चालन ऐन, बालमैत्री स्थानीय शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तथा निर्देशिकाहरुले बालबालिकाको सर्वोत्तम हित, संरक्षण, विकास, सहभागिता तथा अविभेदको सिद्धान्तलाई आत्मसात गरेका छन् । स्थानीय तहले योजना तर्जुमा बजेट विनियोजन सेवा प्रवाह तथा विकास निर्माणका सम्पुर्ण प्रकृयामा बाल अधिकारका सवाललाई प्राथमिकता राख्नुपर्ने कानुनी व्यवस्था छ । यद्यपी कतिपय स्थानीय तहहरुमा बालमैत्री शासनका सूचकहरुको कार्यान्वयनमा चुनौती रहनुका साथै बाल सहभागिता संस्थागत हुन नसकेको वर्तमान सन्दर्भमा स्थानीय तहको क्षमता अभिवृद्धि गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि यो कार्यक्रम समावेश गरिएको हो। | | | |
| कार्यक्रमको उद्देश्य | बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु । | | | |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा | | | |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्दा लाग्ने सम्पुर्ण खर्च । | | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • स्थानीय तह, जिल्ला बाल अधिकार समिति, जिल्ला स्तरिय अनुगमन समिति एकीकृत सेवा कार्यालय जिल्ला बालक्लव सञ्जालसँग सदस्यहरुलाई समन्वय<br>• कार्यक्रमको मिति समय र स्थान निर्धारण तथा कार्यक्रम सञ्चालन | | | |
| प्रगति सूचक | बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कम्तिमा ४ वटा कार्यक्रम सञ्चालन भएको हुने । | | | |

## २४. दीर्घकालिन पुनर्स्थापना केन्द्र तथा जिल्ला सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई मनोसामाजिक परामर्श तथा घटना व्यवस्थापन तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेश सरकारले लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित महिला तथा बालिकाको लागि संरक्षण, पुनर्स्थापना एवम् पुनर्एकीकरणका लागि प्रदेशस्तरमा दीर्घकालीन पुनर्स्थापना केन्द्र तथा ८ जिल्लामा हिंसा प्रभावितहरुका लागि अल्पकालिन आश्रयसहितको जिल्ला सेवा केन्द्र सञ्चालनमा ल्याएको छ । उक्त केन्द्रहरुमा कार्यरत कर्मचारीहरु तथा संरक्षणको क्षेत्रमा प्रत्यक्ष जोडिने स्थानीय तहका बालकल्याण अधिकारीहरुलाई पीडित तथा प्रभावितहरुको मनोसामाजिक अवस्थाको आंकलन गरी पीडितमैत्री बनाउन तथा घटनाहरुको न्यायिक निरुपणका लागि व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • प्रदेशद्वारा सञ्चालित जिल्ला सेवा केन्द्र तथा दीर्घकालीन पुनर्स्थापना केन्द्रका कर्मचारीको क्षमता अभिवृद्धि गर्नु।<br>• लैङ्गिक हिंसासँग सम्बन्धित घटनाहरुको न्यायिक निरुपणका लागि व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • दीर्घकालीन पुनर्स्थापना केन्द्र, जिल्ला सेवा केन्द्र तथा स्थानीय तहहरुसँग समन्वय<br>• कार्यक्रम सञ्चालनका लागि मिति, समय र स्थान तय<br>• कार्यक्रम सञ्चालन तथा प्रतिवेदन तयारी<br>उल्लेखित कार्यक्रम सञ्चालन गर्दा राष्ट्रिय बाल अधिकार परिषदसँग समन्वय र साझेदारी गर्न सकिनेछ। |
| प्रगति सुचक | हिंसा प्रभावितको संरक्षणमा संलग्न कर्मचारीहरुको क्षमता विकास भएको हुनेछ। |

## २५. स्थानीय तहमा बाल संरक्षण प्रणाली सुदृढीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधान, बालबालिका सम्बन्धी संघीय तथा प्रादेशिक कानून बाल अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी एवम् बालबालिका सम्बन्धी राष्ट्रिय नीतिले प्रत्येक बालबालिकाको बाच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गरेको छ । गण्डकी प्रदेश भित्रका केही स्थानीय तहहरुमा बाल संरक्षण सम्बन्धी मापदण्ड तर्जुमा भई सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन भइरहेको भएतापनि बालसंरक्षण प्रणालीको संस्थागत सुदृढीकरणका लागि एकरुपता हुने गरी एकीकृत कार्यविधि तथा मापदण्ड तर्जुमा हुन नसक्दा बाल संरक्षण तथा बाल मैत्री स्थानीय शासन प्रवर्द्धनमा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । यस सन्दर्भमा गण्डकी प्रदेश भित्रका स्थानीय तहहरुलाई लक्षित गरी बाल संरक्षण प्रणालीको लागि एकीकृत कार्यविधि तथा बाल संरक्षण मापदण्ड तर्जुमा गरी सो को कार्यान्वयन मार्फत बाल संरक्षण प्रणाली संस्थागत विकास तथा सुदृढिकरणका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • स्थानीय तहमा बाल संरक्षण प्रणालीको एकरुपता कायम गर्नु<br>• बाल संरक्षण सम्बन्धी संस्थागत संरचना र जिम्मेवारी स्पष्ट गर्नु<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सहयोग पुऱ्याउनु । |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा र राष्ट्रिय बाल अधिकार परिषद |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण खर्चहरु । |

| | |
|---|---|
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | • विद्यमान नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन<br>• सरोकारवालासँग समन्वय<br>• कार्यविधि तथा मापदण्डको मस्यौदा तयारी<br>• सुझाव संकलन तथा परिमार्जन<br>• कार्यविधि तथा मापदण्डको स्विकृती, अभिमुखिकरण<br>**कार्यविधि तथा मापदण्डमा मुख्यतया देहायका विषयहरु समावेश गरिनेछः**<br>○ बाल संरक्षणको अवधारणा र सिद्धान्त<br>○ संस्थागत संरचना तथा जिम्मेवारी<br>○ स्थानीय बाल क्लव तथा स्थानीय बाल अधिकार समिति गठन तथा परिचालन<br>○ बालमैत्री स्थानीय शासनका संस्थागत संरचना तथा कार्यजिम्मेवारी<br>○ बालबालिका माथि हुने विभिन्न जोखिमहरुको व्यवस्थापन<br>○ बालकोष स्थापना तथा सञ्चालन<br>○ जोखिमका रहेका बालबालिकाको उद्दार, संरक्षण तथा पुनर्स्थापना<br>○ तथ्याकं व्यवस्थापन तथा अभिलेखिकरण |
| प्रगति सुचक | स्थानीय तहमा बालबालिका सम्बन्धी एकीकृत कार्यविधि तथा बाल संरक्षण मापदण्ड कार्यान्वयन भएको हुनेछ। |

**२६. लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया एवं समिक्षा कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | संख्या | २ | ३०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको न्याय प्रकृयामा सहज पहुँच पुर्याई न्याय प्राप्तिको अनुभूति दिलाउने उद्देश्यले गण्डकी प्रदेशका बाग्लुङ, पर्वत, म्याग्दी, गोरखा, तनहुँ, लमजुङ, स्याङ्जा र नवलपुर जिल्लामा विगत वर्षहरुदेखि स्थानीय तहसँगको सहकार्यमा संचालन गरिएको अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी आगामी कार्यदिशा समेत तय गर्नका लागि उल्लेखित निकायका प्रमुख, पदाधिकारी, प्रतिनिधिहरुको सहभागितामा अन्तर्क्रिया गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच र नियन्त्रणका लागि सेवा केन्द्रहरुबाट सम्पादन भएका कार्यहरुको समिक्षा गरी सुधारका उपायहरु पहिल्याउने । |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा |
| बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापनमा लाग्ने सम्पुर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन सञ्चालन प्रक्रिया | • कार्यक्रमको प्रारुप तयारी<br>• कार्यक्रमका सहभागी- जिल्ला सेवा केन्द्रका पदाधिकारी र कार्यक्रम संचालन गरिने जिल्लाका स्थानीय तहका जनप्रतिनिधि<br>• कार्यक्रम सञ्चालन |
| प्रगति सुचक | लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि न्यायमा पहुँच अभिवृद्धिमा सहयोग पुग्ने। |

## २७.   बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात र डाउन सिन्ड्रोम भएका बालबालिकाको शिक्षण सिकाइ तथा हेरचाह सहायता

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | १५०० | पहिलो/ दोस्रो/ तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि संघीय तथा प्रादेशिक ऐन कानून तथा समावेशी शिक्षा सम्बन्धी नीतिहरुले सबै बालबालिकालाई गुणस्तरीय र समान शैक्षिक अवसर सुनिश्चित गर्ने व्यवस्था गरेका छन्। बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात र डाउन सिन्ड्रोम भएका बालबालिकाको शिक्षण सिकाइ तथा हेरचाह सहायताका लागि आवश्यक शैक्षिक सामग्री, सहायक उपकरण, विशेष शिक्षण विधि तथा दक्ष जनशक्तिको अभावका कारण उनीहरुको सिकाइ उपलब्धी अपेक्षित हुन नसकेको सन्दर्भमा उल्लेखित लक्षित वर्गका बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरुलाई अनुदान उपलब्ध गराइ बालबालिकाहरुको शिक्षण सिकाइ तथा हेरचाहमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात र डाउन सिन्ड्रोम भएका बालबालिकाको शिक्षण सिकाइमा सहयोग पुऱ्याउनु। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा तथा कार्यक्रम कार्यान्वयन गर्ने संस्थाहरु |
| बजेट बाँडफाँट | कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन सञ्चालन प्रक्रिया | • पोखरा महानगरपालिका तथा सरोकारवाला निकायहरुसँग मन्त्रालयमा समन्वयात्मक बैठक सञ्चालन।<br>• कार्यक्रम कार्यान्वयनको प्रारुप तयार ।<br>• कार्यक्रम कार्यान्वयन। |
| प्रगति सुचक | बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात र डाउन सिन्ड्रोम भएका बालबालिकाको शिक्षण सिकाइमा सहयोग पुगेको हुने । |

## २८.   राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेशसँगको समन्वयमा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि केयर टेकर व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | संख्या | १ | ३३६ | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई दैनिक जीवनयापनलाई सहज बनाउन व्यक्तिगत सरसफाई, स्वास्थ्य, हेरचाह, शिक्षा, सार्वजनिक जिवनमा सहभागिता जस्ता क्षेत्रमा व्यक्तिगत सहयोगीको व्यवस्था गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश मार्फत कार्यक्रम कार्यान्वयन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको छ । |
| कार्यक्रमको उद्देश्य | पूर्ण अशक्त तथा अति अशक्त शारीरिक अपाङ्गता भएका व्यक्तिको सार्वजनिक जीवनयापनमा सहयोग पुऱ्याउने। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेश |
| बजेट वाँडफाँट | १ (एक) जना केयर टेकरको मासिक तलव कार्यालय सहयोगी प्रथम स्तरले पाउने सुरु तलब स्केल बराबरको रकम रु. २७,१७२ हुनेछ । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (क) कार्यक्रम सञ्चालन प्रक्रियाः सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग<br>• संस्था दर्ता र नविकरण प्रमाणपत्र, विधानको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र |

| | |
|---|---|
| | • केयर टेकरको आवश्यकता तथा कार्य जिम्मेबारी सहितको कार्यक्रम कार्यान्वयन योजना<br>• गत आ.व.को सोही कार्यक्रम कार्यान्वयनको बार्षिक प्रगति प्रतिवेदन<br>• व्यक्तिगत सहयोगीको योग्यताः<br>○ व्यक्तिगत सहयोगी परिचालन सम्बन्धी तालिम प्राप्त गरेको व्यक्ति<br>○ उमेर हदः न्युनतम १८ बर्ष उमेर पुरा गरेको र ४० बर्ष ननाघेको<br>○ व्यक्तिगत सहयोगीको रुपमा कार्यअनुभव भएको व्यक्तिलाई प्राथमिकता दिन सकिने<br>○ संस्थाले अघिल्लो आर्थिक बर्षमा यस मन्त्रालयको सोही कार्यक्रम मार्फत व्यक्तिगत सहयोगी नियुक्त गरेको तथा निज कर्मचारीलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिन उपयुक्त ठानेमा निजलाई २०८३ श्रावण १ गतेदेखिको मासिक पारिश्रमिक भुक्तानी गर्न सकिनेछ ।<br>(ख) यसरी भुक्तानी गर्दा निज कर्मचारीले २०८३ श्रावण १ गते देखि हाजिर भएको कार्य गरेको प्रमाणित कागजात पेश गर्नुपर्नेछ । |
| प्रगति सूचक | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश मार्फत पूर्ण तथा अति अशक्त शारीरिक अपाङ्गता भएका व्यक्तिको सार्वजनिक जिवन यापनमा सहजता भएको हुने । |

## २९. राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेशसँगको समन्वयमा वहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि दोभाषे व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३३६ | पहिलो दोस्रो तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार सम्बन्धी अवरोधलाई सहयोग पुऱ्याउन राष्ट्रिय वहिरा महासंघ नेपाल गण्डकी प्रदेशमार्फत कार्यान्वयन गर्ने गरी सांकेतिक भाषा दोभाषे व्यवस्थापन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • वहिरा अपाङ्गता भएका व्यक्तिहरुको संचार प्रकृयामा सहजता ल्याउने। |
| कार्यजिम्मेवारी | सामाजिक विकास महाशाखा र राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेश |
| बजेट बाँडफाँट | १ (एक) जना सांकेतिक भाषा दोभाषेको लागि मासिक तलव कार्यालय सहयोगी प्रथम स्तरले पाउने सुरु तलब स्केल बराबरको रकम रु. २७,१७२ हुनेछ । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | (क) सम्बन्धित संस्थाबाट देहायका कागजातहरु सहित विस्तृत प्रस्ताव माग<br>• संस्था दर्ता प्रमाणपत्र, विधान, नवीकरणको प्रतिलिपी<br>• पान दर्ता प्रमाण पत्र र करचुक्ता पत्र<br>• सांङ्केतिक भाषा दोभाषेको आवश्यकता तथा कार्य जिम्मेवारी सहितको कार्यक्रम कार्यान्वयन योजना<br>• गत आ.व.को सोही कार्यक्रम सम्बन्धी बार्षिक प्रगति प्रतिवेदन<br>सांकेतिक भाषा दोभाषेको योग्यताः<br>• सांकेतिक भाषा सम्बन्धी तालिम प्राप्त गरी स्पष्ट दोहोरो सञ्चार गर्न सक्ने व्यक्ति<br>• उमेर हदः न्युनतम १८ बर्ष उमेर पुरा गरेको र ४० बर्ष ननाघेको<br>• सार्वजनिक कार्यक्रमहरुमा सांकेतिक भाषा सम्बन्धी दोहोरो सञ्चारको कार्यअनुभव भएको व्यक्तिलाई भर्ना लिन सकिने।<br>(ख) सम्झौता तथा कार्यान्वयन । |
| प्रगति सुचक | • राष्ट्रिय बहिरा महासंघ नेपाल गण्डकी प्रदेश मार्फत बहिरा अपाङ्गता भएका व्यक्तिहरुलाई सार्वजनिक कार्यक्रमहरुमा सञ्चार सहजिकरण भएको हुने । |

## ३. शिक्षा विकास महाशाखा (शिक्षा विकास निर्देशनालय)

### १. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.१७८) शैक्षिक तथ्याङ्क सङ्कलन र प्रकाशन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३५० | दोस्रो |

**उद्देश्यः शैक्षिक तथ्याङ्क सङ्कलन एवम् व्यवस्थापनका लागि स्थानीय तहको क्षमता विकास गर्नु एवम् प्रदेशस्तरीय शैक्षिक तथ्याङ्क प्रकाशन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र सहितको कार्ययोजना तयार गर्ने।<br>२. समिति गठनः प्रदेशस्तरीय शैक्षिक तथ्याङ्क (विद्यालय शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षा, पुस्तकालय आदि) संकलन, विश्लेषण र प्रकाशन सम्बन्धी कार्यका लागि तपसिल बमोजिम समिति गठन गर्ने ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. महाशाखा प्रमुखले मनोनयन गरेको विज्ञ - सदस्य<br>ग. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशाखा - सदस्य<br>ङ. तथ्याङ्क अधिकृत - सदस्य सचिव<br>३. क्षमता विकास कार्यक्रम सञ्चालनः शैक्षिक तथ्याङ्क सङ्कलन र व्यवस्थापनका विषयमा क्षमता विकास गर्न आवश्यक भएका स्थानीय तहको विवरण सङ्कलन गरी स्थानीय तहसँगको सहकार्यमा IEMIS व्यवस्थापनमा संलग्न हुनुपर्ने प्र.अ./शिक्षक/कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | बैठक व्यवस्थापन खर्च, खाजा, खाना, स्टेशनरी, मसलन्द, यातायात र दैनिक तथा भ्रमण खर्च, प्रतिवेदन लगायत कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन खर्च | कार्यक्रम शाखा | शैक्षिक तथ्याङ्क प्रतिवेदन र कार्यक्रम सम्पन्न प्रतिवेदन |

### २. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२२३) माध्यमिक विद्यालयमा STEM ल्याब स्थापना र सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४५०० | दोस्रो र तेस्रो |

**उद्देश्यः विद्यालयमा STEM ल्याब स्थापना र स्तरोन्नती गरी विद्यार्थीलाई विज्ञान, गणित, प्रविधि र ईञ्जिनियरिङ विषयमा रुचि जगाउने साथै सिकाइ सक्षमता हासिल गर्न सहयोग पुऱ्याउनु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव माग गर्नेः सार्वजनिक सूचना प्रकाशन गरी माध्यमिक विद्यालयहरूसँग प्रस्ताव आव्हान गर्ने र उक्त प्रस्तावको ढाँचा अनुसूची -१४ बमोजिम हुनेछ<br>२. प्रस्ताव मूल्याङ्कन एवम् सिफारिसः प्रस्तावहरू अध्ययन गरी अनुसूची-१५ बमोजिमका आधारमा मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन एवम् सिफारिस समिति रहनेछः<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य | क. प्रति विद्यालय रु. ४ लाखका दरले अनुदान,<br>ख. प्रस्ताव मूल्याङ्कन, अभिमुखीकरण र अनुगमन लगायतका खर्च रु. १ लाख | शिक्षा विकास महाशाखा र छनौटमा परेका विद्यालयहरू | ११ वटा विद्यालयमा स्थापित ल्याब। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. लेखा प्रमुख, शिक्षा विकास महाशाखा - सदस्य<br>घ. विज्ञ, महाशाखा प्रमुखले तोकेको १ जन - सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>३. प्रस्ताव मूल्याङ्कन नहुनेः देहाय बमोजिमका विद्यालयहरूको प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश नगर्ने ।<br>क. संघ, प्रदेश र सम्बन्धित स्थानीय तहबाट यस पूर्व र चालू वर्षमा STEM ल्याब स्थापनाका लागि अनुदान उपलव्ध भएका विद्यालयहरू<br>ख. कक्षा (६-१०) सम्ममा प्रतिकक्षा मनाङ, मुस्ताङ र गोरखाको चुमनुब्री गापाको हकमा १० र अन्यको हकमा औषत १५ जनाभन्दा कम विद्यार्थी भएका विद्यालयहरू<br>ग. नमूना विद्यालय विकास कार्यक्रममा समावेश भएका विद्यालयहरु ।<br>४. साझेदारी गर्नुपर्नेः खरिद व्यवस्थापन गर्दा फर्निचर, रङरोगन, पानी, बिजुली र अन्य मर्मत व्यवस्थापन साझेदारी बापतको रकमबाट गर्नुपर्नेछ ।<br>५. प्राथमिकता निर्धारणः<br>क. साझेदारी गर्न प्रतिबद्ध विद्यालयहरू,<br>ख. जिल्लागत प्रतिस्पर्धाका आधारमा विद्यालय छनौट गरिनेछ । यदि कुनै जिल्लाको कुनै पनि विद्यालय छनौट हुन नसकेमा उच्चतम् अंक प्राप्त गर्ने विद्यालयलाई क्रमशः प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछ ।<br>६. अभिमुखीकरण एवम् सम्झौताः कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ, गणित/विज्ञान शिक्षकका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्नुपर्नेछ । | | | |

**३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२४८) असल अभ्यास प्रवर्द्धन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४५० | दोस्रो |

**उद्देश्यः विद्यालयले गरेका असल अभ्यासहरू (Best Practices) साझा गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. विद्यालयले सञ्चालन गर्ने क्रियाकलापका आधारमा असल अभ्यासहरु संकलन गर्नका लागि भिडियो डकुमेन्ट्रि निर्माण गरी प्रचार प्रसार गर्ने। | भिडियो डकुमेन्ट्रि तयारी र प्रशारणसँग सम्बन्धित खर्च। | योजना तथा कार्यक्रम शाखा | कार्यक्रम सम्पन्न प्रतिवेदन |

**४. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२५०) शिक्षा दिवस कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो |

**उद्देश्यः शिक्षा दिवसको अवसरमा विभिन्न कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणापत्र तयारीः शिक्षा दिवशको अवसरमा सञ्चालन गरिने विभिन्न कार्यक्रम (शैक्षिक बहस, पुरस्कार वितरण, प्रतियोगिता लगायत) सम्बन्धी अवधारणा पत्र तयार गर्ने।<br>२. समिति गठनः कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न तपसिल बमोजिमको समिति रहनेछ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखाको अधिकृत, उच्च शिक्षा शाखा, मन्त्रालय -सदस्य<br>ग. लेखा प्रमुख, शिक्षा विकास महाशाखा –सदस्य<br>घ. अधिकृत, महाशाखा प्रमुखले तोकेको १ जना प्रतिनिधि - सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>३. समितिको मुख्य जिम्मेवारीः<br>क. मूल समारोह आयोजनासँग सम्बन्धित पूर्व तयारी सम्बन्धी कामहरू सम्पन्न गर्ने,<br>ख. आवश्यकता अनुसार उपसमितिहरू गठनका लागि महाशाखा प्रमुख समक्ष सिफारिस गर्ने,<br>ग. मूल समारोह आयोजना, कार्यक्रम सञ्चालन, पुरस्कार तथा प्रमाणपत्र वितरण सम्बन्धी कार्य गर्ने।<br>घ. प्रतिवेदन तयारी र प्रकाशन। | पुरस्कार, प्रमाणपत्र, प्रतियोगिता, शैक्षिक वहस, बैठक व्यवस्थापन खर्च खाजा/खाना, बैठक व्यवस्थापन, पुरस्कार, प्रमाणपत्र, मसलन्द, हल भाडा, यातायात र दैनिक तथा भ्रमण खर्च लगायत कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन खर्च | योजना तथा कार्यक्रम शाखा | कार्यक्रम सम्पन्न प्रतिवेदन |

**५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२८८) साधारण तथा प्राविधिक धार सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५००० | सबै |

**उद्देश्यः विद्यार्थीहरूमा उद्यमशीलता एवं स्वावलम्बनको विकास गर्दै सिकाइलाई आयसँग जोड्न सहयोग पुऱ्याउनु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव माग गर्नेः सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची -१६ बमोजिमको ढाँचामा सामुदायिक विद्यालयहरूसँग प्रस्ताव आव्हान गर्ने। विद्यालयले प्रस्ताव पेश गर्दा अनुसूची-१७ बमोजिम हुनेछ।<br>२. प्रस्ताव मूल्याङ्कन एवम् सिफारिसः अनुसूची -१८ बमोजिमका आधारमा प्रस्ताव मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन एवम् सिफारिस समिति रहनेछः<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य | १. आ.व. २०८२/०८३ मा कार्यक्रम सञ्चालन भएका विद्यालयका लागि कार्यप्रगती र प्रस्तावको औचित्यको | १. शिक्षा विकास महाशाखा<br>२. छनौट मा परेका | अनुदान प्राप्त निरन्तरता दिनुपर्ने १७ वटा र चालू आ.वमा छनौट |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. लेखा प्रमुख - सदस्य<br>घ. महाशाखा प्रमुखले तोकेको १ जना विज्ञ - सदस्य<br>ङ. कार्यक्रम शाखाको शाखा अधिकृत - सदस्य सचिव<br>३. प्रस्ताव मूल्याङ्कन नहुनेः कक्षा (८-१०) मा प्रतिकक्षा औषत हिमाली जिल्लामा १० र अन्य जिल्लामा १५ जना भन्दा कम विद्यार्थी भएका विद्यालय।<br>४.प्राथमिकता निर्धारणः<br>क. साझेदारी गर्न प्रतिबद्ध विद्यालयहरू,<br>ख. प्रस्ताव छनौट गर्दा प्रदेशको सबै क्षेत्रलाई समानुपातिक रुपमा प्राथमिकता दिने।<br>ग. जिल्लागत प्रतिस्पर्धाका आधारमा विद्यालय छनौट गर्नुपर्नेछ । यदि कुनै जिल्लाको कुनै पनि विद्यालय छनौट हुन नसकेमा उच्चतम् अंक प्राप्त गर्ने विद्यालयलाई क्रमशः छनौट गर्नुपर्नेछ ।<br>घ. विद्यालयहरूले प्रस्ताव पेश गर्दा अधिकतम् विद्यार्थी लाभान्वित हुने, दीर्घकालीन फाईदा हुने, विद्यालयमा हरित वातावरण सृजना हुने, अधिकतम लाभ हुने प्रकृतिका क्रियाकलापलाई प्राथमिकता दिनुपर्नेछ।<br>५. बजेट खर्च गर्न सकिने क्षेत्रहरुः<br>क. उत्पादनमूलक कार्यका लागि अस्थायी संरचना निर्माणमा बढीमा २०% मात्र लगानी गर्न सकिने,<br>ख. उत्पादनमूलक कामका लागि आवश्यक पर्ने औजार, उपकरण<br>ग. उत्पादन क्षेत्र घेराबार तर्फः अधिकतम् १०% रकम मात्र (अति आवश्यक भएकोमा मात्र)<br>घ. कच्चा पदार्थ,बीउ बिजन खरिद,<br>ङ. विज्ञहरूसँग परामर्श, अभिमुखीकरण र तालिम खर्च (सम्बन्धित विद्यालयमा विज्ञ शिक्षक नभएको अवस्थामा मात्र खर्च गर्न पाईनेछ भने विज्ञ सेवा लिँदा आधिकारिक निकायबाट कम्तिमा ६ महिनाको तालिम लिएको वा कम्तिमा तह दुई बराबरको प्रमाणपत्र भएको व्यक्ति हुनुपर्नेछ।)<br>च. विद्यार्थी र प्रशिक्षकका लागि खाजा खर्च (काम गरेका दिनका लागि मात्र)<br>६. समिति गठन गर्नुपर्नेः विद्यालयले कार्यक्रम कार्यान्वयनका लागि उपसमिति गठन गरी परिचालन गर्नुपर्नेछ ।उपसमिति गठन गर्दा विद्यालय व्यवस्थापन समितिको १ जना सदस्य र हयशिक्षक- विद्यार्थी २/२ जना हुने गरी गठन गर्नुपर्नेछ ।<br>७. बिउ पुँजीः अनुदानबाट प्राप्त रकम उत्पादन सुरु भई प्राप्त आम्दानीलाई कम्तिमा अनुदान बराबर कोषमा रहने गरी बिउ पुँजीको रुपमा संरक्षण गर्दै कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।<br>८. भेला आयोजनाः विद्यालयले कार्यक्रम सुरु गर्नुपूर्व अभिभावक र स्थानीय समुदायले उपस्थितिमा गरी भेला आयोजना गरी जानकारी गर्नुपर्नेछ । | आधारमा प्रति विद्यालय रू. १ लाख ५० सम्म हजारसम्म<br>२. चालू आ.व.मा छनौट हुने विद्यालयका लागि ३ लाख सम्म<br>३. सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, अभिमुखीकरण र अनुगमन | विद्यालय हरू,<br>३. स्थानीय तह | हुने विद्यालय |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ९. मेला आयोजना गर्नुपर्नेः विद्यालयले उत्पादन गरेका सामग्रीहरूको बिक्री वितरणका लागि स्थानीय समुदायलाई सूचना गरी समय समयमा मेला आयोजना गर्ने।<br>१०. विद्यालयहरुले प्रगति प्रतिवेदन पेश गर्ने ढाँचा अनुसूची- १९ बमोजिम हुनेछ।<br>१०. अभिमुखीकरण एवम् सम्झौताः कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ. र विद्यालयले मनोनयन गरेका एक जना फोकल शिक्षकका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्नुपर्नेछ । | | | |

**६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३२२) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र तथा वृत्ति परामर्श कार्यक्रम सञ्चालन (प्रदेश सरकार)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रू.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय/पटक | १ | ४५० | सबै |

**उद्देश्यः माध्यमिक तहका विद्यार्थी तथा युवाहरूका लागि वृत्ति मार्गनिर्देशन सेवा प्रदान गर्नुका साथै वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको सञ्चालन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८३ बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने,<br>२. वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने। | १. वृत्ति मार्ग निर्देशन कक्षा सञ्चालन खर्च,<br>२. बैठक, अनुगमन,<br>३. सेवा केन्द्र व्यवस्थापन खर्च। | कार्यक्रम शाखा | • फलोअप सेसन,<br>• वृत्ति मार्गनिर्देशन कक्षाहरू,<br>• केन्द्र व्यवस्थापन। |

**७. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३३४) शिक्षक मूल्याङ्कन प्रक्रिया/प्रणाली सम्बन्धी सचेतीकरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४५० | दोस्रो र तेस्रो |

**उद्देश्यः शिक्षक कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी विषयमा सरोकारवालाका लागि सचेतीकरण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **अवधारणापत्र तयारीः** कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका मुख्य विषयहरू समावेश गरी अवधारणापत्र तयार गर्ने,<br>२. **कार्यक्रम सञ्चालनः** कार्यक्रम सञ्चालन गरी कार्यसम्पादन मूल्याङ्कनमा देखिएका त्रुटीहरू न्यूनीकरणका लागि सचेतीकरण गर्ने,<br>३. शिक्षक सेवा आयोग समक्ष आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिम समिति गठन गर्नेः<br>क. महाशाखा प्रमुख, शिक्षा विकास महाशाखा - संयोजक<br>ख. संयोजकबाट मनोनित शिक्षक सेवा सम्बन्धी अनुभव भएको कम्तिमा उपसचिवस्तरबाट निवृत्त कर्मचारी मध्येवाट १ जना -सदस्य | समितिको बैठक, कार्यक्रम सञ्चालन र व्यवस्थापन खर्च। | शिक्षक सेवा शाखा | • सहभागी विवरण,<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन<br>• नीतिगत सुझाव सहितको प्रतिवेदन। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. मन्त्रालयको अधिकृत प्रतिनिधि -सदस्य<br>घ. सम्बन्धित शाखा प्रमुख -सदस्य<br>ङ. सम्बन्धित शाखाको शाखा अधिकृत - सदस्य सचिव<br>४. प्रतिवेदन तयारी। | | | |

**८. क्रियाकलाप नं. र कार्यक्रमको नामः (२.७.१३.३२५) वार्षिक स्थिति प्रतिवेदन तयारी र प्रकाशन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५० | चौथो |

**उद्देश्यः वार्षिक स्थिति प्रतिवेदन प्रकाशन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. समिति गठनः वार्षिक स्थिति प्रतिवेदन तयारी गर्नका लागि देहाय बमोजिमको एक समिति रहनेछ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य<br>ग. लेखा प्रमुख, शिक्षा विकास महाशाखा – सदस्य<br>घ. शिक्षा विकास महाशाखाले तोकेको शिक्षक सेवा र परीक्षा तथा अभिलेख व्यवस्थापन र कार्यक्रम शाखाको १/१ जना शाखा अधिकृत - सदस्य<br>ङ. कार्यक्रम शाखाको शाखा अ - सदस्य सचिव<br>२. स्थिति प्रतिवेदन प्रकाशनः समितिबाट तयार भएको मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरी वार्षिक प्रतिवेदनको रुपमा प्रकाशन गर्ने । | पुरस्कार, प्रमाणपत्र, बैठक व्यवस्थापन खर्च खाजा/खाना, मसलन्द, आवश्यकता अनुसार यातायात र दैनिक तथा भ्रमण खर्च लगायत कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन खर्च | योजना तथा कार्यक्रम शाखा | वार्षिक स्थिति प्रतिवेदन |

**९. क्रियाकलाप नं. र कार्यक्रमको नामः-(२.७.१३.३२७) अपाङ्गता भएका विद्यार्थीहरूको प्रतिभा पहिचान कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रू.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | दोस्रो |

**उद्देश्यः विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरूमा रहेका विभिन्न प्रतिभाहरूको पहिचान, प्रोत्साहन र पुरस्कृत गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रतिभाका क्षेत्र निर्धारणः राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश समितिसँगको समन्वयमा प्रतिभा पहिचानका क्षेत्र निर्धारण गर्ने।<br>२. पत्राचार एवम् सार्वजनिक सूचना,<br>३. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठनः<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा -संयोजक<br>ख. प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश - सदस्य<br>ग. संयोजकले तोकेको सम्बन्धित विधाका विज्ञ - सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशाखा - सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>समितिले आवश्यकतानुसार विज्ञ आमन्त्रण गर्न सक्ने छ, साथै समितिले विधागत रुपमा मूल्याङ्कन समिति गठन गर्नका लागि महाशाखा प्रमुख समक्ष सिफारिस गर्न सक्नेछ । | १. समितिका बैठक व्यवस्थापन, दै.भ्रभ./ निर्वाह खर्च, यातायात खर्च<br>२. कार्यक्रम सञ्चालन व्यवस्थापनसँग सम्बन्धित खर्च<br>३. पुरस्कार प्रमाणपत्र | योजना तथा कार्यक्रम शाखा | • प्रतिभा पहिचान एवम् पुरस्कार वितरण,<br>• सहभागी विवरण<br>• प्रतिवेदन। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ४. प्रतियोगिता सञ्चालन एवम् व्यवस्थापनः प्रदेशस्तरीय प्रतियोगिता सञ्चालन गरी पुरस्कार र प्रमाण पत्र प्रदान गर्ने ।<br>५. प्रतिवेदन तयारी । | | | |

**१०. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३३४) स्थानीय तहसँगको साझेदारीमा विद्यालय स्तरीकरण**

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित वजेट (रू हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८६९ | सबै |

**उद्देश्यः विद्यालय स्तरीकरणमा सहजीकरण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | वजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. समिति गठनः आ.व. २०८२/०८३ मा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्नका लागि देहाय बमोजिमको सूचक परिमार्जन सिफारिस समिति गठन गर्ने।<br>क. महाशाखा प्रमुख, शिक्षा विकास महाशाखा - संयोजक<br>ख. आ.व.२०८२/०८३ मा कार्यक्रम कार्यान्वयन भएका स्थानीय तहका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखहरु र संलग्न विज्ञ मध्येबाट संयोजकले तोकेको एक-एक जना - सदस्य<br>ग. शाखा अधिकृत, शैक्षिक योजना तथा विज्ञान तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य<br>घ. स्थानीय तहका शिक्षा शाखा प्रमुख मध्येबाट संयोजकले तोकेको १ जना - सदस्य<br>ङ. शाखा प्रमुख, कार्यक्रम शाखा - सदस्य सचिव<br>समितिका बैठकमा आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सकिनेछ ।<br>२. स्थानीय तह छनौटः सबै स्थानीय तहमा पत्राचार गरी साझेदारी गरी विद्यालयको स्तर निर्धारण गर्न आवश्यक/ईच्छुक स्थानीय तहहरूको विवरण सङ्कलन गर्ने ।प्रस्ताव र उपलव्ध स्रोतका आधारमा स्थानीय तह छनौट गर्ने।<br>३. मूल्याङ्कनकर्ता तयारीः स्थानीय तहबाट सिफारिस भएका र शिक्षा विकास महाशाखाले छनौट गरेका कम्तिमा शिक्षा सम्बन्धी विषयमा स्नातक तह उत्तीर्ण, शैक्षिक व्यवस्थापन क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको व्यक्तिलाई क्षमता विकास गरी मूल्याङ्कनकर्ता तयार गरिनेछ । यसरी मूल्याङ्कनकर्ता तयारी गर्दा प्रति स्थानीय तह २ जना स्थानीय तहले सिफारिस गरेका व्यक्ति र अन्य मूल्याङ्कनकर्ता शिक्षा विकास महाशाखाले छनौट गरे बमोजिम हुनेछ।<br>४. शिक्षा विकास महाशाखाले स्थानीय तहसँग साझेदारी गर्ने विषयः एक स्थानीय तहका ५० प्रतिशत विद्यालयको स्तरनिर्धारणका लागि खटिने मूल्याङ्कनकर्ताले प्राप्त गर्ने सुविधा | १. समितिको बैठक व्यवस्थापन<br>२. अभिमुखीकरण<br>३. फाराम छपाई<br>४. स्तरनिर्धारण कर्ताको पारिश्रमिक<br>५. अनुगमन।<br>६. मूल्याङ्कनकर्ताले प्राप्त गर्ने सेवा सुविधाः प्रति विद्यालय आधारभूत तह रु.८००।- र माध्यमिक तहका लागि रु.१०००।- दरले मूल्याङ्कन बापतको रकम र प्रति विद्यालय एक दिन बराबरको दैनिक तथा भ्रमण खर्च। | कार्यक्रम शाखा, स्थानीय तह, विद्यालय व्यवस्थापन समिति, | स्तरीकरण भएका विद्यालय सङ्ख्या, प्रतिवेदन |

**११. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३६१) गण्डकी डिजिटल शिक्षा कार्यक्रम**

| खर्च शिर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट रु (हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २००० | दोस्रो र तेस्रो |

**उद्देश्यः विद्यालयमा डिजिटल शिक्षाको प्रवर्द्धन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेटको बाँडफाट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव माग गर्नेः सार्वजनिक सूचना प्रकाशन गरी आधारभूत तह (कक्षा १-८) सञ्चालित विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने। प्रस्तावको ढाँचा अनुसूची-२० बमोजिम हुनेछ ।<br>२. प्रस्ताव मूल्याङ्कन एवम् सिफारिस समितिः अनुसूची-२१ को आधारमा प्रस्ताव मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य<br>ग. लेखा प्रमुख, शिक्षा विकास महाशाखा -सदस्य<br>घ. विज्ञ, महाशाखा प्रमुखले तोकेको एक जना - सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>३. साझेदारी गर्नुपर्नेः स्वीकृत स्पेशिफिकेसन बमोजिमको रकममा स्थानीय तह/विद्यालयले न्यूनतम २५ प्रतिशत रकम साझेदारी गर्नु पर्नेछ ।<br>४. प्रस्ताव मूल्याङ्कन नहुनेः आधारभूत विद्यालय (कक्षा १-८) मा कम्तिमा ८० जना विद्यार्थी नभएको विद्यालय ।<br>५. अभिमुखीकरण र सम्झौताः छनौटमा परेका विद्यालयका प्र.अ.का लागि एक दिनको अभिमुखीकरण गरी सम्झौता गर्ने।<br>(जिल्लागत प्रतिस्पर्धाका आधारमा विद्यालय छनौट गर्नुपर्नेछ। यदि कुनै जिल्लाको कुनै पनि विद्यालय छनौट हुन नसकेमा उच्चतम् अंक प्राप्त गर्ने विद्यालयलाई क्रमशः छनौट गर्नुपर्नेछ।) | १. प्रति विद्यालय एक लाख ७५ हजारसम्म<br>२. सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, अभिमुखीकरण र अनुगमन। | शिक्षा विकास महाशाखा, स्थानीय तह र सम्बन्धित विद्यालय। | • जडान गरिएको Smart/Interactive Board सङ्ख्या<br>• विद्यालयको कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |

## १२. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.१६६) विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रू.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | दोस्रो |

**उद्देश्यः विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको पहिचान, प्रोत्साहन र पुरस्कृत गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. एकीकृत सेवा कार्यालयहरूबाट छनौट भई आएका विद्यार्थीका लागि प्रदेशस्तरीय प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने ।<br>२. प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन समितिः<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय - सदस्य<br>ग. प्रतिनिधि, गण्डकी प्रज्ञा प्रतिष्ठान - सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशखा - सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>समितिमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।<br>३. समितिको कार्य विवरणः<br>क. प्रतिभा पहिचान कार्यक्रम सञ्चालनका आधारहरू निर्धारण सहित एकीकृत सेवा कार्यालयलाई सहजीकरण,<br>ख. प्रदेशस्तरीय प्रतियोगिता सञ्चालनको मिति र स्थान निर्धारण,<br>ग. प्रतिभा मूल्याङ्कन समिति गठन एवम् मूल्याङ्कनका आधारहरू निर्धारण,<br>घ. पुरस्कार रकम निर्धारण एवम् प्रमाणपत्र वितरणको व्यवस्थापन,<br>ङ. समितिले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्य सञ्चालन गर्न सक्नेछ ।<br>४. प्रतियोगिता सञ्चालनका क्षेत्रहरुः<br>कला- चित्रकला, हस्तकला<br>संगीत र नृत्य- एकल (गायन, बादन र नृत्य) प्रतियोगिता<br>भाषा साहित्य- कथा, कविता, निवन्ध र वक्तृत्वकला प्रतियोगिता<br>विज्ञान प्रविधि- गणित प्रतियोगिता, विज्ञान प्रर्द्धशनी, रोबर्ट निर्माण, ग्राफिक डिजाइन, भिडियो सामग्री निर्माण आदि।<br>५. पुरस्कार र प्रमाणपत्रः<br>विधागत रुपमा प्रथम, द्वितीय, तृतीय र चौंथौ स्थान प्राप्त गर्ने प्रतियोगीलाई नगद पुरस्कार र प्रमाणपत्र एवम् सहभागी संस्थाहरूलाई प्रशंसापत्र उपलब्ध गराउनुपर्ने छ।<br>६. सहभागीले प्राप्त गर्ने सुविधाः<br>प्रदेशस्तरमा सञ्चालन हुने प्रतियोगितामा जिल्लाबाट छनौट भएका विद्यार्थी र विद्यार्थी लिएर आउने १ जना संरक्षकलाई बजेटको सिमा भित्र रही शिक्षा विकास महाशाखाले आतेजाते निर्वाह खर्च कार्यक्रमको समयमा उपलब्ध गराउने। | बैठक व्यवस्थापन पुरस्कार, यातायात खर्च, समारोह व्यवस्थापन खर्च लगायत प्रतिभा पहिचानसँग सम्बन्धित अन्य खर्चहरु, | कार्यक्रम शाखा, एकीकृत सेवा कार्यालयहरु। | • विद्यार्थी प्रतिभा पहिचान प्रतियोगिता,<br>• पुरस्कार र प्रमाणपत्र विवरण |

**१३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२१.१) विद्यालय हरित क्षेत्र वातावरण प्रवर्द्धन कार्यक्रम**

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित वजेट (रु हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोस्रो र तेस्रो |

**उद्देश्य : सफा, हरियाली र प्रदुषणमुक्त बालमैत्री विद्यालय वातावरण निर्माण गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | वजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव मागः आधारभूत तह कक्षा (१-८) सञ्चालित विद्यालयसँग प्रस्ताव आव्हान गर्ने। प्रस्तावको ढाँचा अनुसूची-२२ बमोजिम हुनेछ।<br>२. प्रस्ताव मूल्याङकन एवम् सिफारिस समितिः अनुसूची-२३ को आधारमा प्रस्ताव मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा, मन्त्रालय- सदस्य<br>ग. लेखा प्रमुख -सदस्य<br>घ. महाशाखा प्रमुखले तोकेको १ जना विज्ञ - सदस्य<br>ङ. कार्यक्रम शाखाको शाखा अधिकृत - सदस्य सचिव<br>३. साझेदारी गर्नुपर्नेः स्वीकृत बमोजिमको रकममा स्थानीय तह/विद्यालयले कम्तिमा २५ प्रतिशत रकम बराबर साझेदारी गर्नु पर्नेछ।<br>४. प्रस्ताव मूल्याङ्कन नहुनेः आधारभूत तह (कक्षा १-८) मा कम्तिमा ५० जना विद्यार्थी नभएको विद्यालय।<br>५. प्राथमिकता प्रदान गर्नेः विद्यालयको प्रस्ताव छनौट गर्दा देहाय बमोजिम प्राथमिकता प्रदान गर्ने ।<br>• बाढी पहिरोका कारण क्षती पुगेका विद्यालय,<br>• ग्रामिण भेकको हकमा विद्यालय परिसरमा जमिन भएका तर वृक्षारोपण नभएका विद्यालय,<br>• शहरी भेगको हकमा विद्यालय परिसरमा जमिन प्रयाप्त नभएता पनि बैकल्पिक तरिकाबाट हरियाली प्रबर्द्धन गर्ने सम्भावना भएका विद्यालय ।<br>६. विद्यालयले सञ्चालन गर्ने क्रियाकलापः<br>क. वृक्षारोपण र हरियाली प्रवर्द्धनः (वृक्षारोपण गर्दा बहुवर्षे र स्थानीय प्रजातिका फलफूल र फूल रोप्ने)<br>ख. वैकल्पिक उर्जा, नवीकरणीय उर्जा व्यवस्थापनः (विद्युतिय सामग्रीको खपत बढाउने)<br>ग. खानेपानी व्यवस्थापनः पानी ट्याङ्की निर्माण, खरिद<br>घ. फोहोर व्यवस्थापनः (कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि खाडल निर्माण, कम्पोष्ट बिन खरिद)<br>ङ. हरित क्लब गठन र परिचालनः (सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्ने)<br>१. अभिमुखीकरण र सम्झौताः छनौटमा परेका विद्यालयका प्र.अका लागि अभिमुखीकरण गरी सम्झौता गर्ने । | प्रति विद्यालय रु. १ लाखसम्म | कार्यक्रम शाखा स्थानीय तह विद्यालय | १० वटा अनुदान प्राप्त विद्यालय र अनुगमन प्रतिवेदन |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | वजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| जिल्लागत प्रतिस्पर्धाका आधारमा विद्यालय छनौट गर्नुपर्नेछ । यदि कुनै जिल्लाको कुनै पनि विद्यालय छनौट हुन नसकेमा उच्चतम् अंक प्राप्त गर्ने विद्यालयलाई क्रमशः छनौट गर्नुपर्नेछ ।<br>२. अनुगमन र प्रतिवेदन। | | | |

**१४.क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२४७) कक्षा-८ र SEE को प्रश्न बैंक निर्माणका लागि विषयगत शिक्षक कार्यशाला**

| खर्च शिर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रू. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |

**उद्देश्यः- शिक्षकहरूमा प्रश्नपत्र निर्माण सम्बन्धी क्षमता अभिवृद्धि गरी प्रश्नबैंक निर्माण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रकृया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. स्थानीय तह एवम् शिक्षा विकास तथा समन्वय इकाइहरूसँगको समन्वयमा विषयगत शिक्षकको समूह तयार गर्ने,<br>२. कार्यशालाको विषयवस्तु तयार गरी राष्ट्रिय परीक्षा वोर्ड परीक्षा नियन्त्रण कार्यालय (कक्षा-१०) सँगको समन्वयमा प्रशिक्षण सञ्चालन, वहस/अन्तर्क्रिया, प्रश्नपत्र निर्माण र प्रतिवेदन तयारी। | कार्यक्रम सञ्चालन (स्टेशनरी, खाजा/खाना, यातायात, दै.भ्र., प्रशिक्षण खर्च, अनुगमन एवंम प्रतिवेदन । | परीक्षा तथा अभिलेख व्यवस्थापन शाखा | कक्षा १० को विषयगत प्रश्नहरू, कार्यशालामा सहभागी विवरण, प्रतिवेदन |

**१५.क्रियाकलाप नं. र कार्यक्रमको नामः- (३.७.१३.३३०) छात्रवृत्ति कार्यक्रम (कक्षा ११ र १२) मा विज्ञान विषय अध्ययन गर्ने, अपाङ्ग उच्च शिक्षा, दलित उच्च शिक्षा प्रोत्साहन तथा विपन्न उच्च शिक्षा छात्रवृत्ति**

| खर्च शिर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट रु (हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३००० | पहिलो, दोस्रो र तेस्रो |

**उद्देश्यः माध्यमिक तह (कक्षा ११-१२)मा विज्ञान विषय एवम् उच्च शिक्षा अध्ययन गर्ने दलित र विपन्न विद्यार्थीहरूको शिक्षामा पहुँच बढाई प्रोत्साहित गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेटको बाँडफाट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **सूचना प्रकाशन गरी दरखास्त आव्हानः** गण्डकी प्रदेशको स्थायी बासिन्दाका लागि सूचना प्रकाशन गरी दरखास्त माग गर्ने ।<br>२. यसै प्रदेश अन्तर्गतका शिक्षण संस्थामा माध्यमिक तह कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूसँग अनुसूची-२४ बमोजिम आवेदन माग गर्ने।<br>३. **आवेदन संकलनः** विद्युतीय माध्यमबाट संकलन गर्ने।<br>४. **आवेदन मूल्याङकन एवम् सिफारिस समितिः** प्राप्त आवेदनको अनुसूची -२५ र अनुसूची-२६ बमोजिमका आधारहरूमा मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिम समिति रहनेछ ।<br>क.शाखा प्रमुख, कार्यक्रम शाखा – संयोजक | १. कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई रू १५ हजारका दरले छात्रवृत्ति जम्मा रकम रू. २० लाख,<br>२. उच्च शिक्षा अध्ययन गर्ने | शिक्षा विकास महाशाखा, स्थानीय तह, शिक्षण संस्था र विद्यार्थी | बैठकको निर्णय र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेटको बाँडफाट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ख. अधिकृत प्रतिनिधि, शैक्षिक योजना तथा तथ्याङ्क शाखा -सदस्य<br>ग. विपन्न र दलित उच्च शिक्षा छात्रवृत्तिको हकमा महाशाखा प्रमुखबाट मनोनित सामुदायिक क्याम्पसमा प्राध्यापन गर्ने प्रतिनिधि १/१ जना -सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशाखा- सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा– सदस्य सचिव<br>५. छात्रवृत्ति वापतको रकम विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेछ ।<br>६. उल्लिखित मध्ये कुनै छात्रवृत्तिमा कोटा बमोजिमको सङ्ख्यामा सिफारिस हुन नसकेमा अर्को छात्रवृत्तिको लागि कोटा सङ्ख्या थप गरी सिफारिस गर्न सक्नेछ।<br>७. दलित र विपन्न विद्यार्थीको हकमा कक्षा ११-१२ देखि स्नातकोत्तर तह (सबै वर्ष/तह र सेमेष्टेर)सम्म अध्ययनरत विद्यार्थीहरुलाई दिइनेछ। | दलित र विपन्न विद्यार्थीलाई रू. २० हजारका दरले जम्मा रकम रू. ९ लाख<br>३. सूचना प्रकाशन, बैठक व्यवस्थापन र अन्य खर्च रू. १ लाख | | |

**१६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (७.२.५.६) अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम**

| खर्च शिर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट रु (हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ८०० | पहिलो, दोस्रो र तेस्रो |

**उद्देश्यः अपाङ्गता भएका विद्यार्थीहरूलाई उच्च शिक्षामा पहुँच सहज बनाउने र प्रोत्साहित गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेटको बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. सूचना प्रकाशन गरी दरखास्त आव्हानः राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी गण्डकी प्रदेशको स्थायी बासिन्दा भई स्नातक वा स्नातकोत्तर तह (सबै तह/वर्ष र सेमेष्टर) मा अध्ययन गर्नेका अपाङ्गता भएका विद्यार्थीहरूसँग आवेदन माग गर्ने।<br>२. आवेदनको ढाँचा अनुसूची- २७ बमोजिम हुनेछ ।<br>३. आवेदन संकलनः विद्युतीय माध्यमबाट संकलन गर्ने।<br>४. प्राप्त आवेदनको अनुसूची- २८ बमोजिमका आधारहरूमा मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिम समिति रहनेछ ।<br>क. शाखा प्रमुख, योजना तथा कार्यक्रम शाखा – संयोजक<br>ख. अधिकृत प्रतिनिधि, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा, मन्त्रालय -सदस्य<br>ग. प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश -सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशाखा - सदस्य<br>ङ. शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा - सदस्य सचिव<br>५. छात्रवृत्ति बापतको रकम विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेछ ।<br>६. उल्लिखित मध्ये कुनै छात्रवृत्तिमा कोटा बमोजिमको सङ्ख्यामा सिफारिस हुन नसकेमा अर्को छात्रवृत्तिको लागि कोटा सङ्ख्या थप गरी सिफारिस गर्न सक्नेछ। | १. अपाङ्गताको वर्ग अनुसार प्रति विद्यार्थी छात्रवृत्ति वितरण<br>क वर्ग - रु. २५ हजार<br>ख वर्ग - रु २० हजार<br>ग वर्ग - रु. १५ हजार<br>घ वर्ग - रु १० हजार<br>अपाङ्गताको वर्ग अनुसार बाँडफाँट गरिएको रकम रित पुगेका सबै आवेदकलाई नपुग हुने भएमा मूल्याङ्कन एवम् सिफारिस समितिको निर्णय बमोजिम हुनेछ ।<br>२. बैठक व्यवस्थापन खर्च | शिक्षा विकास महाशाखा, स्थानीय तह, विद्यालय, र विद्यार्थी | छनौटको निर्णय र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या |

**१७. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (३.७.१३.३८५) सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम**

| खर्च शिर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट रु (हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ७५०० | पहिलो, दोस्रो र तेस्रो |

**उद्देश्यः उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको शिक्षामा पहुँच र तह पूरा गर्ने दर बढाउन प्रोत्साहित गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेटको बाँडफाट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. सूचना प्रकाशन गरी दरखास्त आव्हानः राष्ट्रियस्तरको पत्रिकामा गण्डकी प्रदेशको स्थायी बासिन्दा भई सामुदायिक क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीका लागि सूचना प्रकाशन गरी आवेदन माग गर्ने । आवेदनको ढाँचा अनुसूची- २९ बमोजिम हुनेछ ।<br>२. आवेदन मूल्याङकन एवम् सिफारिस समितिः प्राप्त आवेदनको अनुसूची-३० बमोजिमका आधारहरूमा मूल्याङ्कन गरी महाशाखा प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिम समिति रहनेछ ।<br>क. शाखा प्रमुख, कार्यक्रम शाखा - संयोजक<br>ख. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा, मन्त्रालय - सदस्य<br>ग. प्रतिनिधि, सामुदायिक क्याम्पसका प्राध्यापक मध्येबाट महाशाखा प्रमुखले मनोनित गरेको १ जना –सदस्य<br>घ. लेखा प्रमुख, शिक्षा विकास महाशाखा – सदस्य<br>ङ. शाखा अधिकृत, कार्यक्रम शाखा - सदस्य सचिव<br>छात्रवृत्ति वापतको रकम विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेछ।<br>३. छात्रवृत्तिमा कोटा बमोजिमको सङ्ख्यामा विद्यार्थी सिफारिस हुन नसकेमा विपन्न तथा दलित उच्च शिक्षा प्रोत्साहन छात्रवृत्तिका लागि सिफारिस गर्न सक्नेछ ।<br>४. छात्रवृत्ति स्नातक र स्नातकोत्तर तह (सबै वर्ष/तह र सेमेष्टर) मा अध्ययनरत विद्यार्थीहरुलाई दिइनेछ। | १. छात्रवृत्ति रकम प्रति विद्यार्थी रु. २० हजार रुपैंया<br>२. सूचना प्रकाशन, बैठक व्यवस्थापन र अन्य खर्च | शिक्षा विकास महाशाखा, स्थानीय तह, शिक्षण संस्था र विद्यार्थी | बैठकको निर्णय र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या । |

## ४. उच्च शिक्षा तथा संस्कृति महाशाखा

**१. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५८१) शैक्षिक परामर्श र भाषा प्रशिक्षण गर्ने संस्थाहरूको नियमन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | सबै |

**उद्देश्यः- शैक्षिक परामर्श र भाषा प्रशिक्षण गर्ने संस्थाहरूको अनुगमन साधन विकास भई नियमन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अनुगमन सूचक र कार्ययोजना निर्माण,<br>२. अनुगमन कार्य सञ्चालन र प्रतिवेदन तयारी,<br>**भाषा प्रशिक्षण गर्ने संस्थाहरूको छनौटका लागि सिफारिस समितिः** सूचना प्रकाशन पश्चात् मन्त्रालयमा पेश हुन आएका निवेदन उपर छानविन गरी **शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०८२** अनुसार अनुमतिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न निम्नानुसारको संस्था छनौटका लागि सिफारिस समिति रहनेछः-<br>**क.** महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा -संयोजक<br>**ख.** शाखा प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा -सदस्य<br>**ग.** कानुन अधिकृत, मन्त्रालय -सदस्य<br>**घ.** शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रशासन शाखा -सदस्य<br>**ङ.** शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा -सदस्य सचिव<br>(आवश्यकता अनुसार समितिमा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।)<br>३.अनुगमन प्रतिवेदन समेतको आधारमा अनुमति तथा नविकरण गर्ने। | १. संस्था छनौटका लागि सिफारिस समितिको खर्च,<br>२. अनुगमन सूचक विकासका लागि बैठक खर्च, खाजा/खाना, अनुगमन खर्च, इन्धन खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा | • अनुमति प्राप्त/ नविकरण भएका संस्थाहरूको सङ्ख्या।<br>• अनुगमन प्रतिवेदन। |

**२. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५८५) भाषा संरक्षण, संबर्धन तथा विकासमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सम्मान कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३०० | दोस्रो र तेस्रो |

**उद्देश्यः- भाषा संरक्षण, संबर्धन तथा विकासमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| गण्डकी प्रज्ञा प्रतिष्ठानबाट कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | स्वीकृत कार्यक्रम अनुसारका खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा,<br>गण्डकी प्रज्ञा प्रतिष्ठान | सम्मानित व्यक्ति/संस्थाहरुको संख्या र प्रतिवेदन |

**३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२८३) राष्ट्रिय शिक्षा पुरस्कारका लागि सिफारिस मापदण्ड निर्माण मूल्याङ्कन र छनौट**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो |

**उद्देश्यः- शिक्षा क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने शैक्षिक संस्थाहरूलाई पुरस्कृत गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. राष्ट्रिय तथा प्रदेश स्तरीय शिक्षा पुरस्कार वितरण मापदण्डको आधारमा शैक्षिक संस्थाहरू छनौट एवं सिफारिस गर्नको लागि देहाय वमोजिमको समिति गठन गर्नेः<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>ख. एकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय एकाइ,कास्की - सदस्य<br>ग. महाशाखा प्रमुख/प्रतिनिधि, शिक्षा विकास महाशाखा - सदस्य<br>घ. अध्यक्ष वा प्रतिनिधि, पब्लिक क्याम्पस एसोसियसन - सदस्य<br>ङ. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा -सदस्य सचिव<br>२. निवेदन माग, मापदण्ड बमोजिम मूल्याङ्कन र मन्त्रालय समक्ष सिफारिस। | समितिको बैठक व्यवस्थापन खर्च | उच्च शिक्षा तथा संस्कृति महाशाखा | बैठक सङ्ख्या र सिफारिस गरिएका शैक्षिक संस्थाहरूको विवरण। |

### ४. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (१.३.५.३२) सामुदायिक क्याम्पस पुर्वाधार सुधार अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | पटक | १ | ७५०० | दोस्रो र तेस्रो |

**उद्देश्यः- सामुदायिक क्याम्पसहरूको प्रोत्साहन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्यक्रमको अवधारणा पत्र तयारी।<br>२. सूचना प्रकाशन र प्रस्ताव संकलनः (अनुसूची-३१ बमोजिमको सूचना प्रकाशन गर्ने।)<br>३. छनौट तथा मूल्याङ्कनका आधार अनुसूची-३२ बमोजिम हुनेछ।<br>४. सामुदायिक क्याम्पस पूर्वाधार सुधार अनुदान का लागि प्रस्ताव मुल्याङकन गरि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>ख. महाशाखा प्रमुख, शिक्षा विकास महाशाखा - सदस्य<br>ग. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा - सदस्य<br>घ. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. अध्यक्ष/प्रतिनिधि, सामुदायिक क्याम्पस एसोसियसन,गण्डकी प्रदेश - सदस्य<br>च. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>(न्यूनतम ५० जना विद्यार्थी अध्ययनरत सामुदायिक क्याम्पसहरुलाई प्राथमिकता दिईनेछ।)<br>५. छनौट भएका क्याम्पससँग सम्झौता,<br>६. सक्कल विल, भरपाई, कार्यक्रम सम्पन्न प्रतिवेदन तथा अनुगमन सहित आवशयक कागजातका आधारमा भुक्तानी। | १. पूर्वाधार सुधार अनुदान प्रति क्याम्पस अधिकतम रु. १५ लाख<br>२. मूल्याङ्कन सम्बन्धी बैठक तथा अनुगमन खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा | अनुदान प्राप्त क्याम्पसहरूको सङ्ख्या |

५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.९३) स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | कक्षा संख्या | ३५ | १६०० | दोस्रो र तेस्रो |

उद्देश्यः- साक्षर नागरिकहरूलाई स्थानीय तहको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम सञ्चालन गर्नु।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अनुसूची- ३३ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने ।<br>२. पाठ्यक्रकम परिमार्जन, प्रस्ताव मूल्याङ्कन एवं सिफारिसका लागि तपसिलको समिति गठन गर्ने।<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा -संयोजक<br>ख. महाशाखा प्रमुख/प्रतिनिधि, प्रशासन तथा योजना महाशाखा - सदस्य<br>ग. अधिकृत प्रतिनिधि, शिक्षा तालिम केन्द्र - सदस्य<br>घ. प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. अधिकृत प्रतिनिधि, शिक्षा महाशाखा, पो.म.न.पा. - सदस्य<br>च. शिक्षा सेवाका कार्यरत/निवृत्त व्यक्तिहरुमध्ये समितिले मनोनित गरेको विज्ञ १ जना - सदस्य<br>छ. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>३. अनुसूची-३४ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी सिफारिस गर्ने।<br>४. छनौट भएका सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताका लागि अभिमुखीकरण एवम् सम्झौता गर्ने ।<br>५. आवश्यक पाठ्यपुस्तक, मसलन्द सामग्री, कक्षा व्यवस्थापन खर्च उपलव्ध गराउने। | प्रति साक्षरता कक्षा केन्द्र खर्चः-<br>क. प्रति कक्षा मसलन्द रु १५००।००<br>ख. प्रति सहभागी शैक्षिक सामग्री रु ३००*२०= रु ६०००।००<br>ग. सहजकर्ता प्रोत्साहन भत्ता प्रति महिना रु ३५०० का दरले ३ महिनाको रु १०५००।००<br>घ. स्थानीय तहको शिक्षा शाखाको लागि प्रतिकक्षा अनुगमन यातायात खर्च रु १०००।००<br>ङ. पाठ्यपुस्तक, निर्देशिका तयारी र कार्यक्रम अभिमुखीकरण सञ्चालन खर्च | उच्च शिक्षा तथा संस्कृति महाशाखा र सामुदायिक सिकाइ केन्द्रहरू | कक्षा केन्द्र र लाभन्वित सहभागी सङ्ख्या |

६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.९८) सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ७५० | दोस्रो र तेस्रो |

उद्देश्यः- सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्यक्रमको अवधारणा पत्र निर्माण।<br>२. कार्यक्रमका सहभागी छनौट र क्षमता विकास कार्यक्रम सञ्चालन।<br>३. प्रतिवेदन तयारी । | सहजीकरण सम्बन्धी खर्च एवं सहभागीहरूको नियमानुसारको दैनिक भ्रमण खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा | सहभागीहरूको सङ्ख्या |

७. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५८२) मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षणका लागि सरोकारवालाहरुसँग अभिमुखीकरण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ३५० | दोस्रो र तेस्रो |

**उद्देश्यः- गण्डकी प्रदेशमा रहेका मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र सहितको कार्यक्रम तयारी।<br>२. प्रदेश संग्रहालयसंगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने।<br>३. विज्ञ र सरोकारवालाहरु बीच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने।<br>४. कार्यक्रम व्यवस्थापन एवम् सञ्चालन।<br>५. प्रतिवेदन तयारी। | सहजीकरण सम्बन्धी खर्च एवं सहभागीहरूको नियमानुसारको दैनिक भ्रमण खर्च | उच्च शिक्षा तथा संस्कृति महाशाखा, प्रदेश संग्रहालय | केन्द्र सङ्ख्या र प्रशिक्षक सहभागीहरूको सङ्ख्या |

८. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.६०४) संस्कृति संरक्षण कार्यक्रम (मागमा आधारित)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | सबै |

**उद्देश्यः- स्थानीय समुदाय, सांस्कृतिक संस्था तथा सरोकारवाला निकायको सहभागितामा (मागमा आधारित) सांस्कृतिक संरक्षण कार्यक्रम सञ्चालन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **निवेदन संकलनः** अनुसूची-३५ बमोजिमको प्रस्ताव र कार्यक्रमको लागत अनुमान सहितको माग निवेदन सङ्कलन गर्ने,<br>२. संस्कृति संरक्षणसँग सम्बन्धित सामग्री खरिद गर्न र प्रतियोगिता एवम् कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न सकिने,<br>३. **सिफारिस समितिः**-प्राप्त निवेदन/प्रस्तावहरूको छनौट गरी अनुदान रकम सिफारिस गर्न मन्त्रालयमा देहायको समिति रहनेछः<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>ख. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा - सदस्य<br>ग. प्रतिनिधि, गण्डकी प्रज्ञा प्रतिष्ठान - सदस्य<br>घ. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. शाखा प्रमुख, भाषा, संस्कृति र पुरातत्व संरक्षण शाखा -सदस्य सचिव<br>४. कार्यक्रम कार्यान्वयन मापदण्ड स्वीकृत हुनु पूर्व कार्यक्रमका लागि मन्त्रालयमा पेश भएका प्रस्ताव सम्बन्धमा समितिको सिफारिसमा मन्त्रालयले निर्णय गरी अनुदान प्रदान गर्ने।<br>(संस्कृति संरक्षण कार्यक्रम सञ्चालन गर्नु पूर्व कम्तिमा १५ दिन अगाडि मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।) | १. अनुदान सिमा (अधिकतम):-<br>प्रदेशस्तरीय/खुल्ला कार्यक्रम अधिकतम रू. ५० हजार<br>२. अनुदान रकम खर्च गर्न सकिने क्षेत्र<br>क. धर्म संस्कृतिसँग सम्बन्धित सामाग्री खरिद (बाजा, वाद्यवादनका सामाग्री धार्मिक पुस्तक र परम्परागत पोशाक)<br>ख. परम्परा अनुसार मनाइने जात्रा, पर्व, मेला, नाच, गान, प्रतियोगिता तथा प्रशिक्षण सम्बन्धी पुरस्कार, प्रमाणपत्र लगायतका व्यवस्थापकीय खर्च ।<br>३. मन्त्रालयमा आयोजना हुने सस्कृति प्रवर्द्धन सम्बन्धी कार्यक्रम र बाद्यवादन सामग्री खरिद खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा | अनुदान प्राप्त गरेका संघ, संस्था,क्लव, आमा समूह र लाभान्वित सङ्ख्या |

**९. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५९१) गण्डकी प्रदेशस्तरीय गुरुकुल सम्मेलन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | दोस्रो र तेस्रो |

**उद्देश्यः- परम्परागत गुरुकुल शिक्षा, संस्कार, संस्कृति र आध्यात्मिक ज्ञानको संरक्षण र प्रवर्द्धन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. नेपाल संस्कृत विश्व विद्यालयसँग कार्यक्रमको अवधारणा पत्र सहित कार्ययोजना र लागत अनुमान प्रस्ताव माग गर्ने,<br>२. प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने,<br>३. कार्य सम्पन्न भए पश्चात सम्बन्धित संस्थालाई भुक्तानी दिने। | सम्झौतामा तोकिए बमोजिमको रकम। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र गुरुकुल सम्मेलन गर्ने संस्था गण्डकी। | • कार्यक्रम सङ्ख्या,<br>• उपस्थित सहभागीहरूको सङ्ख्या र लाभान्वित सङ्ख्या |

**१०. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५४२) भाषा ऐन कार्यान्वयनका लागि नियमावली, पाठ्यक्रम, भाषा प्रशिक्षण, लिपि विकास लगायतका कार्यहरू**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ६०० | सबै |

**उद्देश्यः- गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा ऐन कार्यान्वयनको लागि नियमावाली मस्यौदा, पाठ्यक्रम, भाषा प्रशिक्षण र लिपि विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. भाषा ऐन कार्यान्वयनका लागि समिति गठन गरी नियमावलीको मस्यौदा तयार गर्ने।<br>२. पाठ्यक्रम, भाषा प्रशिक्षण र लिपि विकास लगायतका कार्यहरु गण्डकी प्रज्ञा प्रतिष्ठानको सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। | १. नियमावली, लिपि, पाठ्यक्रम र प्रशिक्षण सामग्री विकाससँग सम्बन्धित खर्च,<br>२. छलफल, सहजीकरण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालनसँग सम्बन्धित खर्च। | मन्त्रालय र गण्डकी प्रज्ञा प्रतिष्ठान | • नियमावलीको मस्यौदा,<br>• पाठ्यक्रम, भाषा प्रशिक्षण र लिपि |

**११. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५८४) गुरुङ र मगर भाषामा सम्बन्धित सरोकारवालाहरुलाई भाषा प्रशिक्षण कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ६ | १००० | सबै |

**उद्देश्यः- सरोकारवालाहरुलाई गुरुङ र मगर भाषा प्रशिक्षण प्रदान गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| गण्डकी प्रज्ञा प्रतिष्ठानमार्फत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने र मन्त्रालयबाट समन्वय, सहजीकरण र अनुगमन गर्ने। | कार्यक्रम सञ्चालन, अनुगमन र मूल्याङ्कन सम्बन्धी खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र गण्डकी प्रज्ञा प्रतिष्ठान | भाषा प्रशिक्षण लिएका सरोकारवालाहरुको संख्या तथा संस्थाहरु |

**१२. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.१८८) विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुधार**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ४००० | दोस्रो र तेस्रो |

**उद्देश्यः विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुधार गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. सूचना र प्रस्ताव मागः अनुसूची-३६ को ढाँचामा प्रस्ताव माग गर्ने।<br>२. प्रस्ताव मूल्याङकन एवम् सिफारिस समितिः– कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम समिति गठन गर्नेः-<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>ख. महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा - सदस्य<br>ग. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>घ. प्र.अ./शिक्षक, समितिले तोकेको विशेष विद्यालयको १ जना - सदस्य<br>ङ. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>३. अनुसूची-३७ बमोजिम मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्ने। | १. प्रस्ताव मूल्याङकन एवम् सिफारिस समितिको बैठक एवम् अनुगमन सम्बन्धी खर्च<br>२. प्रति विद्यालय/स्रोत कक्षाको लागि समितिले निर्धारण गरे बमोजिमको रकम। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र शाखा | अनुदान प्राप्त गरेका विद्यालयहरूको सङ्ख्या र लाभान्वित भएका विद्यार्थी सङ्ख्या |

**१३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२६.१) त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकास (कार्यक्रम विकास एवं कार्यान्वयन)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १०००० | सबै |

**उद्देश्यः- पौराणिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको रुपमा विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. क्षेत्र विकास समितिको निर्णय सहित गत आ.व.को प्रगति र चालू आ.व.को वार्षिक कार्यक्रम सहितको प्रस्ताव माग गर्ने।<br>२. प्रस्ताव तथा कार्ययोजना स्वीकृत गरी निकासा गर्ने।<br>३. त्रैमासिक प्रगति/खर्च विवरण मन्त्रालयमा पेश गर्ने। | प्रस्ताव बमोजिमको खर्च। | मन्त्रालय र त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति। | भौतिक पूर्वाधार निर्माण र वित्तीय प्रगति |

**१४.क्रियाकलाप नं. र कार्यक्रमको नामः-(२.७.२६.४) मनकामना क्षेत्र विकास समिति (कार्यक्रम विकास एवम् कार्यान्वयन)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १५०० | सबै |

**उद्देश्यः- पवित्र मनकामना मन्दिर क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकासमा सहयोग गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. क्षेत्र विकास समितिको निर्णय सहित गत आ.व.को प्रगति, पारिश्रमिक भुक्तानी, कर कट्टी विवरण र चालू आ.व.को कार्यकारी निर्देशकको वार्षिक पारिश्रमिक र कार्यक्रम सहितको प्रस्ताव माग गर्ने।<br>२. प्रस्ताव तथा कार्ययोजना स्वीकृत गरि त्रैमासिक रकम निकासा गर्ने।<br>३. त्रैमासिक प्रगति/खर्च विवरण मन्त्रालयमा पेश गर्ने । | प्रस्ताव बमोजिमको खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र मनकामना क्षेत्र विकास समिति | वित्तीय प्रगति |

**१५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३८४) गुरुकुल, गुम्बा, मदरसा घुम्ति तथा वैकल्पिक विद्यालय व्यवस्थापन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ५००० | दोस्रो, तेस्रो र चौथो |

**उद्देश्यः- गुरुकुल, गुम्बा, मदरसा घुम्ति तथा वैकल्पिक विद्यालय व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव माग गर्नेः अनुसूची-३८ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने।<br>२. शिक्षा विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३/०८४ ले निर्धारण गरे बमोजिमका आधारहरुलाई अवलम्वन गर्ने<br>३. समिति गठनः अनुसूची-३९ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा- संयोजक<br>ख. महाशाखा प्रमुख/प्रतिनिधि, शिक्षा विकास महाशाखा - सदस्य<br>ग. शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रशासन शाखा - सदस्य<br>घ. प्रतिनिधि, समितिले तोकेको स्थानीय तहको शिक्षा शाखा १ जना - सदस्य<br>ङ. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>४. सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने । | १. बैठक, अनुगमन र मूल्याङ्कन, सम्बन्धी खर्च,<br>२. अनुदान रकमको सिमा प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले निर्णय गरे बमोजिम हुनेछ। | उच्च शिक्षा तथा संस्कृति महाशाखा | अनुदान प्राप्त गुरुकुल, गुम्बा मदरसा घुम्ति तथा वैकल्पिक विद्यालयहरुको संख्या |

**१६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.७.५१) सांस्कृतिक तथा पुरातात्विक सम्पदा अध्ययन तथा अनुसन्धान कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५०० | सबै |

**उद्देश्यः- गण्डकी प्रदेशका सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण सम्वर्द्धनको लागि अध्ययन अनुसन्धानमा सहयोग गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र सहितको कार्यक्रम तयारी।<br>२. सांस्कृतिक तथा पुरातात्विक सम्पदाको खोज र अनुसन्धानसँग सम्बन्धित विश्वविद्यालय/क्याम्पस लगायतका प्राज्ञिक निकायहरुको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने।<br>३. अनुसन्धान क्षेत्र, प्रस्तावको ढाँचा, मुल्याङकनका आधारहरु, प्रस्तावहरुको छनौट, अनुसन्धानकर्तालाई प्रदान गरिने अनुसन्धान सहायता रकम, आदि सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।<br>क. इतिहास तथा संस्कृतिको क्षेत्रमा अध्ययन अनुसन्धान गरेका सह/प्राध्यापकमध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति - संयोजक<br>ख. मन्त्रालयले तोकेको सह/उपप्राध्यापक, १ जना - सदस्य<br>ग. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा- सदस्य<br>घ. प्रमुख, गण्डकी प्रदेश संग्रहालय - सदस्य<br>ङ. शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रसाशन शाखा - सदस्य<br>च. शाखा प्रमुख, पुरातत्व तथा संस्कृति शाखा -सदस्य सचिव<br>समितिले बैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।<br>४. सूचना प्रकाशनः सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने।<br>५. छनौट भएका शोधकर्ता र मन्त्रालयबीच सम्झौता गरी अध्ययन अनुसन्धान सम्पन्न भए पश्चात अनुसन्धानको प्रस्तुतिकरण गर्न लगाउने।<br>६. अनुसन्धान प्रतिवेदनको आधारमा भुक्तानीका लागि सिफारिस गर्ने। | अध्ययन अनुसन्धान, बैठक, अनुगमन र मूल्याङ्कन, सम्बन्धी खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र प्रदेश संग्रहालय | अध्ययन अनुसन्धान सम्बन्धी दस्तावेज र अनुसन्धानबाट प्राप्त निष्कर्ष। |

१७. क्रियाकलाप नं र कार्यक्रमको नामः- (२.७.१३.३८१) प्रदेश शिक्षक किताबखाना व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २००० | सबै |

उद्देश्यः- शिक्षकहरुको अभिलेखलाई व्यवस्थित बनाउने।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयबाट प्राप्त हुने निर्णय र कार्यविधि बमोजिम हुने गरी शिक्षा बिकास महाशाखाले शिक्षक अभिलेख व्यवस्थापन सम्बन्धी काम गर्ने। | प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ बमोजिम। | शिक्षा विकास महाशाखा | • प्रदेश शिक्षक किताबखानाको सञ्चालन,<br>• अभिलेखित शिक्षकहरुको संख्या |

१८. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५८३) गुरुङ र मगर समुदायका विद्यार्थीहरुको बाहुल्यता भएका केही स्थानीय तहको पाठ्यक्रममा गुरुङ र मगर भाषा समावेश गर्नका लागि सहजीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेस्रो |

उद्देश्यः- गुरुङ र मगर समुदायका बाहुल्यता भएका स्थानीय तहको साझेदारीमा स्थानीय पाठ्यक्रममा गुरुङ र मगर भाषाको पाठ्यक्रम सहजीकरण गर्ने

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार गर्ने,<br>२. स्थानीय तहहरुसँग साझेदारीका लागि सूचना प्रकाशन गरी अनुसूची-४० बमोजिम प्रस्ताव माग गर्ने,<br>३. **छनौट समितिः-** प्रस्तावहरूको छनौट गरी अनुदान रकम सिफारिस गर्न मन्त्रालयमा देहायको समिति रहनेछः<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति - संयोजक<br>ख. मन्त्रालयले तोकेको सम्बन्धित भाषाको विज्ञ २ जना - सदस्य<br>ग. प्रतिनिधि, गण्डकी प्रज्ञा प्रतिष्ठान - सदस्य<br>घ. प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. शाखा प्रमुख, भाषा, संस्कृति र पुरातत्व संरक्षण - सदस्य सचिव<br>४. प्रस्ताव मूल्याङ्कन गरी कार्यक्रम कार्यान्वयन गर्ने। | शैक्षिक सामग्री, शिक्षकको क्षमता विकास, बैठक, खाजा खाना स्टेशनरी, दैनिक भ्रमण भत्ता, इन्धन लगायतका खर्च। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र स्थानीय तहहरु | साझेदारीमा भाषा कार्यान्वयन गरेका स्थानीय तहहरु र विद्यालय संख्याहरु |

**१९. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (५.१.११.१८२) सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ३००० | पहिलो, दोस्रो र तेस्रो |

**उद्देश्यः- सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरू स्तरोन्नती गर्ने।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. गण्डकी प्रदेश अन्तर्गत सञ्चालित सामुदायिक/सार्वजनिक पुस्तकालयको विद्युतीय अभिलेखिकरण गर्ने।<br>२. मन्त्रालयमा पुस्तकालय स्थापना गर्ने।<br>३. सूचना प्रकाशनः सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-४१ अनुसारको प्रस्ताव र अनुसूची-४२ बमोजिमको ढाँचामा पुस्तकालय तथ्याङ्क विवरण फाराम सहित प्रस्ताव आव्हान गर्ने।<br>४. अनुसूची-४३ बमोजिम मूल्याङ्कनका आधारमा मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः<br>क. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>ख. महाशाखा प्रमुख/प्रतिनिधि, प्रशासन तथा योजना महाशाखा -सदस्य<br>ग. शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रशासन शाखा - सदस्य<br>घ. अधिकृत प्रतिनिधि, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य<br>ङ. शाखा प्रमुख, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>समितिको बैठकमा सम्बन्धित क्षेत्रका सरोकारवाला/विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।<br>५. छनौट भएका पुस्तकालयसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने। | १. सफ्ट्वेर विकास र तथ्याङ्क प्रविष्टिकरण खर्च<br>२. मन्त्रालयमा पुस्तकालय स्थापना र व्यवस्थापन खर्च।<br>३. समितिको बैठक, अनुगमन र मूल्याङ्कन सम्बन्धी खर्चहरू।<br>४. समितिले सिफारिस गरे बमोजिमको अनुदान रकम। | उच्च शिक्षा तथा संस्कृति महाशाखा र पुस्तकालयहरू | निर्माण भएको सफ्ट्वेर र अभिलेखीकरण भएका पुस्तकालयहरुको संख्या, अनुदान प्राप्त गर्ने पुस्तकालयको सङ्ख्या। |

२०.क्रियाकलाप नं र कार्यक्रमको नामः- (२.७.२३.३०) गण्डकी विश्वविद्यालयलाई सशर्त पूँजिगत अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | पटक | १ | ५५००० | सबै |

**उद्देश्यः- प्रदेश विशिष्टतामा केन्द्रित रहि व्यवहारिक तथा नवप्रवर्तनमूलक ज्ञान प्रदान गर्नको लागि आवश्यक पूर्वाधार निर्माण गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. विश्वविद्यालयले तयार गरेको वार्षिक कार्ययोजना बमोजिम पुँजीगत कार्यक्रमसँग सम्बन्धित योजनाहरुको लागत, हाल सम्म भएको भुक्तानी र बाँकी भुक्तानीको विवरण पेश गर्नु पर्नेछ।<br>२. मन्त्रालयले विश्वविद्यालयले पेश गरेको योजनागत रनिङ्ग बिलको आधारमा सोधभर्ना निकासा गर्ने छ।<br>३. मन्त्रालयमा योजनागत प्रगति विवरण मासिक रुपमा पेश गर्नुपर्नेछ।<br>४. मन्त्रालयबाट प्राप्त सशर्त अनुदानको अलग्गै अभिलेख र श्रेस्ता कायम गर्नुपर्नेछ। | विश्वविद्यालयले पेश गरेको रनिङ्ग बिल र नयाँ कार्यक्रमको लागि लागत अनुमान सहितको प्रस्ताव। | मन्त्रालय र गण्डकी विश्वविद्यालय | भौतिक र वित्तीय प्रगती प्रतिशत |

२१. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (११.४.१९.१९८३) हनुमतधाम विकास आयोजना पूर्वाधार निर्माण अन्नपूर्ण-४, कास्की

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | १०००० | दोस्रो, तेस्रो र चौथो |

**उद्देश्यः- हनुमतधाम विकास आयोजनाको पूर्वाधारको विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. हनुमतधाम विकास समितिबाट आयोजना पूर्वाधार निर्माणको लागि आवश्यक पर्ने जग्गाको लालपुर्जा/भोगाधिकार, आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR), कार्ययोजना सहितको प्रस्ताव माग गर्ने।<br>२. सरोकारवालाहरूसँग छलफल, समन्वय र अन्तर्क्रिया गर्ने।<br>३. आवश्यक प्रक्रिया पुरा गरी पूर्वाधार निर्माणको कार्य अगाडि बढाउने। | सम्झौता र खरिद ऐन बमोजिम खरिद प्रक्रिया पुरा गरी आएका बिल भरपाई। | मन्त्रालय र हनुमतधाम विकास समिति | निर्माण भएको हनुमतधामको पूर्वाधार |

**२२. क्रियाकलाप नं र कार्यक्रमको नामः- (२.७.२३.२९) गण्डकी विश्वविद्यालयलाई ससर्त चालू अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ७०००० | सबै |

**उद्देश्यः गण्डकी विश्वविद्यालयलाई ससर्त चालू अनुदानका लागि सहयोग गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. चालू कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका खर्च शिर्षकहरुमा अनुदान रकम निकासा गरिने छः- गण्डकी विश्वविद्यालयले मन्त्रालयले तोकेको खर्च शिर्षक अनुसार लागत अनुमान सहितको कार्ययोजना पेश गर्ने,<br>२. मन्त्रालयमा पेश भएको लागत अनुमान र कार्ययोजना बमोजिमको अनुदान रकम निकासा गर्ने। | १. चालू कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका खर्च शिर्षकहरुमा अनुदान रकम निकासा गरिने छः-<br>**तपसिलः-**<br>क. २११११ पारिश्रमिक कर्मचारी<br>ख. २१११२ पारिश्रमिक पदाधिकारी<br>ग. २११४२ पदाधिकारी अन्य सुविधा<br>घ. २२१११ पानी तथा बिजुली<br>ङ. २२११२ सञ्चार महशुल<br>च. २२२११ इन्धन (पदाधिकारी)<br>छ. २२२१२ इन्धन कार्यालय प्रयोजन<br>ज. २२२१४ बिमा तथा नविकरण खर्च<br>झ. २२२२१ मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च,<br>ञ. २२३११ मसलन्द तथा कार्यालय सामग्री<br>ट. २२३१३ पुस्तक तथा सामग्री खर्च<br>ठ. २२३१५ पत्र पत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च<br>ड. २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च<br>ढ. २२५११ कर्मचारी तालिम खर्च<br>ण. २२५२२ कार्यक्रम खर्च (पाठ्यक्रम निर्माण, परिमार्जन, कार्यशला गोष्ठी)<br>त. २२७११ विविध खर्च<br>थ. २८१४२ घरभाडा<br>द. मन्त्रालयबाट निर्णय हुने अन्य खर्च शिर्षकहरु<br>मन्त्रालयबाट प्राप्त सशर्त अनुदानको अलग्गै अभिलेख र श्रेस्ता कायम गर्नुपर्नेछ। | मन्त्रालय र गण्डकी विश्वविद्यालय | कार्ययोजना, भुक्तानी र प्रगति प्रतिवेदन। |

## ५. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा

**१. क्रियाकलाप नं र कार्यक्रमको नामः- (२.७.१३.२७०) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र राष्ट्रिय योग्यता प्रारुप कार्यान्वयन सम्बन्धमा स्थानीय तह र सामुदायिक सिकाइ केन्द्रहरूलाई सहजीकरण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ७५० | दोस्रो र तेस्रो |

**उद्देश्यः- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन एवं राष्ट्रिय योग्यता प्रारुप सम्बन्धमा स्थानीय तह र सामुदायिक सिकाइ केन्द्रहरूलाई सहजीकरण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्ययोजना सहितको अवधारणापत्र तयारी,<br>२. सहभागी छनौट, स्थान तथा समय निर्धारण,<br>३. कार्यक्रम तयारी एवम् सञ्चालन,<br>४. प्रतिवेदन तयारी र सम्प्रेषण।<br>(संघीय सशर्त तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लिखित कार्यान्वयन प्रक्रियालाइ समेत आधार मानि कार्यान्वयन गर्ने।) | १. सहजीकरण सम्बन्धी खर्चहरू,<br>२. सहभागीहरूको दैनिक भ्रमण भत्ता र यातायात खर्च,<br>३. व्यवस्थापकीय एवं इन्धन खर्च | महाशाखा र शाखाहरू | कार्यक्रम सङ्ख्या, सहभागी एवं लाभान्वित सङ्ख्या |

२. **क्रियाकलाप नं र कार्यक्रमको नामः- (२.७.१३.२७६) सीप परीक्षण (तह १ र २)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जना | २५० | २००० | दोश्रो, तेश्रो र चौथो |

**उद्देश्यः तह १ र २ का लागि योग्य व्यक्तिको सीप, क्षमता, तथा दक्षताको मूल्यांकन गरी प्रमाणिकरण गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| **१.** पेशा निर्धारणः गण्डकी प्रदेशको आवश्यकताका आधारमा अनौपचारिक क्षेत्रका पूर्व सिकाइ मान्यता विधि अनुसार सीप परीक्षणका पेशा र तह निर्धारण गर्ने । पेशा निर्धारण गर्दा राष्ट्रिय सीप परीक्षण समितिबाट राष्ट्रिय योग्यता प्रमाणिका तयार भएका पेशाहरू मध्येबाट निर्धारण गर्ने।<br>**२.** लागत साझेदारीका लागि सूचना प्रकाशन।<br>**३.** लागत साझेदारी गर्ने स्थानीय तहहरुसंग सम्झौता।<br>४. सम्झौताः सीप परीक्षणका तह र पेशाका आधारमा सीप परीक्षण गर्ने गराउने कार्यका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश कार्यालय र राष्ट्रिय सीप परीक्षण समितिसँग समझदारी कायम गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग सम्झौता गरी सीप परीक्षण कार्य सम्पन्न गर्ने ।<br>**५.** स्थानीय तहको लागत साझेदारीमा दक्ष कामदार नक्सांकन सम्बन्धी कार्य गर्ने। | १. सीप परीक्षण र अनुगमनसँग सम्बन्धित खर्चहरू।<br>२. CTEVT प्रदेश कार्यालय र राष्ट्रिय सीप परीक्षण समितिसँग हुने समझदारी/ सम्झौता अनुसारको खर्च।<br>३. दक्ष कामदार नक्सांकन सम्बन्धी खर्च। | राष्ट्रिय सीप परीक्षण समिति र CTEVT प्रदेश कार्यालय, गण्डकी प्रदेश, सीप परीक्षणका लागि लागत साझेदारी गरेका बजेट बिनियोजन गरेका स्थानीय तहहरू र सम्वन्धित सरोकारवाला पक्षहरु। | • आवेदक सङ्ख्या।<br>• लागत साझेदारी सम्झौता भएका स्थानीय तहहरुको सङ्ख्या,<br>• सीप परीक्षण भएका व्यक्तिहरूको सङ्ख्या।<br>• अभिलेखिकरण भएका दक्ष कामदारको संख्या। |

३. **क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२९३) अभिभावक शिक्षा/वृत्ति परामर्श/मानव मूल्य र सीप विकासका लागि रोष्टर सामग्री विकास तथा प्रवोधिकरण (प्रदेशस्तर)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४०० | पहिलो, दोश्रो, तेश्रो |

**उद्देश्यः अभिभावक शिक्षा/वृत्ति परामर्श/मानव मूल्य र सीप विकासका लागि स्रोत सामग्री र रोष्टर विकास गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **स्रोत सामग्री विकास/अध्यावधिकः** अभिभावक शिक्षा/ वृत्ति परामर्श/ मानव मुल्य र सीप विकास सम्बन्धी श्रोत सामग्री विकास/अध्यावधिकका लागि तपसिल बमोजिमको समिति रहनेछ।<br>क. महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा - संयोजक<br>ख. प्रतिनिधि, शिक्षा विकास महाशाखा -सदस्य<br>ग. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य<br>घ. समितिले मनोनित गरेको सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना -सदस्य<br>ङ. सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट समितिले मनोनित २ जना -सदस्य<br>च. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङक शाखा -सदस्य सचिव<br>(समितिले बढिमा ३ जना सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।)<br>समितिबाट निर्माण भएको स्रोत सामग्रीलाई आवश्यकता अनुसार मन्त्रालयस्तरमा विचार विमर्श गरी स्वीकृत गर्ने ।<br>२. विवरण संकलनः जिल्लास्तरमा सञ्चालन हुने अभिभावक शिक्षा कार्यक्रमका लागि एकीकृत सेवा कार्यालय मार्फत रोष्टर प्रशिक्षकको विवरण माग गर्ने।<br>३. रोष्टर विकासका लागि प्रशिक्षकको विवरण एकीकृत सेवा कार्यालयबाट माग गरी प्रशिक्षक प्रशिक्षण/पुनर्ताजगी तालिम सञ्चालन गर्ने।<br>४. प्रशिक्षकको क्षमता विकास कार्यशाला सञ्चालन गरी रोष्टर सूची र स्रोत सामग्री प्रकाशन गर्ने। | १. स्रोत सामग्री र रोष्टर विकाससँग सम्बन्धित खर्च।<br>२. प्रशिक्षकको क्षमता विकास कार्यशाला सञ्चालन खर्च।<br>३. स्थानीय स्तरमा हुने कार्यक्रमको अनुगमन सम्बन्धी खर्च। | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, एकीकृत सेवा कार्यालय र सम्बन्धित स्थानीय तह | • सूचिकृत रोष्टर प्रशिक्षक सङ्ख्या।<br>• स्वीकृत स्रोत सामग्री। |

४. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.२९७) बालिका तथा समावेशी शिक्षा सञ्जाल निर्देशिका निर्माण तथा अभिमुखीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो, दोस्रो र तेस्रो |

**उद्देश्यः बालिका तथा समावेशी शिक्षा सञ्जाल निर्देशिका परिमार्जन तथा अद्यावधिक गरी अभिमुखीकरण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्ययोजना सहितको अवधारणापत्र तयार गर्ने।<br>२. निर्देशिका परिमार्जन एवं अद्यावधिक गर्न तपसिल बमोजिमको समिति रहनेछः<br>क. महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा -संयोजक<br>ख. प्रतिनिधि, सामाजिक विकास महाशाखा -सदस्य<br>ग. प्रतिनिधि, शिक्षा विकास महाशाखा -सदस्य<br>घ. आर्थिक शाखा प्रमुख/प्रतिनिधि, मन्त्रालय -सदस्य<br>ङ. सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट समितिले मनोनित २ जना - सदस्य<br>च. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङक शाखा-सदस्य सचिव (समितिले बढिमा २ जना सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।)<br>३. स्थानीय तह एवम् सहभागी छनौट गर्ने।<br>४. अभिमुखीकरणका मुख्य विषयवस्तु तयारी र सञ्चालन। | १. निर्देशिका परिमार्जन एवं अद्यावधिक समितिको खर्च ।<br>२. अभिमुखीकरण कार्यक्रम सञ्चालनसँग सम्बन्धित खर्चहरू। | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा र स्थानीय तहहरू | सहभागी हुने स्थानीय तह र सहभागी सङ्ख्या। |

५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३५१) सीप परीक्षण मूल्याङ्कनकर्ता विकास

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ७०० | दोस्रो र तेस्रो |

**उद्देश्यः सीप परीक्षण कार्य सञ्चालन गर्न दक्ष मूल्याङ्कनकर्ता विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र सहित कार्यक्रम तयारी।<br>२. CTEVT/NSTB/TITI संग समन्वय, सम्झौता गर्ने।<br>३. पेशागत सीप मूल्यांकनकर्ताको आवश्यक संख्या पहिचान गर्ने।<br>४. सीप मूल्यांकनकर्ता, पुनर्ताजगी र परामर्शकर्ता तालिम विकासका लागि सूचना प्रकाशन गर्ने।<br>५. आवेदकहरुबाट कार्यक्रमका सहभागी छनौट गर्ने।<br>६. तालिम कार्यक्रम आयोजना गरी सञ्चालन गर्ने ।<br>७. कार्य सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्ने । | सम्झौता बमोजिमको रकम,<br>दैनिक तथा भ्रमण खर्च, खाजा खर्च, सञ्चार र तालिमसंग सम्बन्धित खर्च। | शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, CTEVT, प्रदेश कार्यालय, गण्डकी। | छनौट भएका पेशा एवम् सहभागी संख्या |

६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३५३) सीप परीक्षण निर्देशिका र अल्पकालिन तालिम निर्देशिका निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ५०० | दोस्रो/तेस्रो/चौथो |

**उद्देश्यः प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) प्रणालीको मापदण्ड, कार्यपद्धति र गुणस्तर नियमन गर्नका लागि निर्देशिका निर्माण गर्ने।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्ययोजना सहितको अवधारणा पत्र तयारी गर्ने।<br>२. समिति गठनः निर्देशिकाको मस्यौदा तयार गरी मन्त्रालय समक्ष पेश गर्न देहाय बमोजिमको एक समिति रहनेछ :<br>क) महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा -संयोजक<br>ख) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा -सदस्य<br>ग) अधिकृत प्रतिनिधि, CTEVT, गण्डकी प्रदेश १ जना -सदस्य<br>घ) अध्यक्ष/प्रतिनिधि, तालिम प्रदायक महासंघ १ जना -सदस्य<br>ङ) केन्द्र प्रमुख वा प्रतिनिधि, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र -सदस्य<br>च) प्रतिनिधि, सीप परिक्षण केन्द्र १ जना - सदस्य<br>छ) शाखा प्रमुख, विज्ञान प्रविधि र प्रा. तथा व्यावसायिक शिक्षा शाखा - सदस्य सचिव<br>(आवश्यकता अनुसार समितिमा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।)<br>३. निर्देशिकाको अन्तिमीकरण गरी मस्यौदा पेस गर्ने।<br>वा, परामर्श सेवा खरिद गरी निर्देशिका विकास गर्न सकिने। | १. निर्देशिका निर्माण समितिको वैठक व्यवस्थापन खर्च<br>२. निर्देशिकाको मस्यौदा निर्माण/ लेखन,छपाई सम्पादन एवम् स्वीकृति सम्बन्धी खर्चहरू।<br>३. सुझाव सङ्कलन कार्यशाला<br>४. परामर्श सेवा खरिद सम्बन्धी खर्च। | महाशाखा र गठित कार्यदल | तयार भएको निर्देशिकाको मस्यौदा |

७. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३८३) अनुसन्धान सहायता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जना | ५ | १००० | दोश्रो, तेश्रो र चौथो |

**उद्देश्यः मन्त्रालय र सम्वद्ध निकायहरुद्वारा कार्यान्वयन भएका शिक्षा, संस्कृति, युवा, खेलकुद, महिला, बालबालिका, अपाङगता आदि क्षेत्रसंग सम्बन्धित कार्यक्रमको प्रभावकारिताको अनुसन्धान गरी प्रतिवेदन तयार गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयारी,<br>२. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिः अनुसन्धान क्षेत्र, प्रस्तावको ढाँचा, मुल्याङकनका आधारहरु, प्रस्तावहरुको छनौट, अनुसन्धानकर्तालाई प्रदान गरिने अनुसन्धान सहायता रकम, आदि सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।<br>क. अध्ययन अनुसन्धानको क्षेत्रमा काम गरेका सह/प्राध्यापक मध्येबाट मन्त्रालयले मनोनयन गरेको व्यक्ति - संयोजक<br>ख. मन्त्रालयले तोकेको सह/उपप्राध्यापक, २ जना -सदस्य | १.सिफारिस समितिको बैठक सम्बन्धी खर्च।<br>२.अनुसन्धानकर्ता हरु का लागि समितिले स्वीकृत गरे बमोजिमको | महाशाखा र सिफारिस समिति | • आवेदक सङ्ख्या<br>• अनुदान प्राप्त अनुसन्धानकर्ता सङ्ख्या<br>• अनुसन्धान दस्तावेज सङ्ख्या। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. महाशाखा प्रमुख, शैक्षिक योजना तथा वि.प्र.महाशाखा -सदस्य<br>घ. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति -सदस्य<br>ङ. शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङ्क शाखा -सदस्य सचिव<br>समितिले बैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञ/सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।<br>३. सूचना प्रकाशनः सार्वजनिक सूचना प्रकाशन गरी निम्नानुसार क्षेत्रका व्यक्तिहरुबाट प्रस्ताव माग गर्ने।<br>क. स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत गण्डकी प्रदेशमा स्थायी ठेगाना भएको विद्यार्थी,<br>ख. गण्डकी प्रदेशमा सञ्चालित उच्च शिक्षामा अध्यापन गर्ने जनशक्तिहरू।<br>४. छनौट भएका शोधकर्ता र मन्त्रालयबीच सम्झौता गरी अनुसन्धान सम्पन्न भए पश्चात अनुसन्धानको प्रस्तुतिकरण गर्न लगाउने।<br>५. अनुसन्धान प्रतिवेदनको आधारमा भुक्तानीका लागि सिफारिस गर्ने। | सहायता रकम। | | |

**८. क्रियाकलाप नं. रकार्यक्रमको नामः- (२.७.१३.२७४) विश्वविद्यालयका इन्टर्न विद्यार्थीका लागि खाजा खर्च**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोश्रो, तेश्रो र चौथो |

**उद्देश्यः इन्टर्नका लागि मन्त्रालयमा आएका बिद्यार्थीहरुलाई प्रोत्साहन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. विश्वविद्यालयबाट ईन्टर्न गर्न आउने विद्यार्थीलाई जिम्मेवारी तोक्ने।<br>२. विद्यार्थीको हाजिरी र दैनिक लगबुक तयार गर्ने।<br>३. ईन्टर्नको समयावधि सकिएपछि विद्यार्थीबाट प्रतिवेदन तयार गर्न लगाउने।<br>४. खाजा रकम भुक्तानी गर्ने।<br><u>पेश गर्नुपर्ने कागजातहरुः</u><br>- परिचय पत्र, ईन्टर्नमा खटाईएको सम्बन्धमा विश्वविद्यालयको पत्र,<br>- विद्यार्थीको हाजिरी र दैनिक लगबुक,<br>- बैंक खातामा भएको अंग्रेजी नाम प्रष्ट देखिने रद्द गरिएको चेक र स्थायी लेखा नम्बर,<br>- खाजा खर्च मागको लागि निवेदन र विद्यार्थीबाट तयार पारिएको प्रतिवेदन। | प्रति विद्यार्थी हाजिर भएको दिन बराबर रु. २०० का दरले खाजा खर्च। | विश्व विद्यालय, मन्त्रालय | - इन्टर्नमा सहभागी बिद्यार्थी संख्या,<br>- प्रतिवेदन |

९. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (७.२.४.४) बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि स्थापित विद्यालयलाई सञ्चालन एवं व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १५०० | दोस्रो |

**उद्देश्यः बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि आवासीय सुविधा सहितको विद्यालय सञ्चालनका लागि शैक्षिक व्यवस्थापन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| **(कास्की जिल्ला स्थित त्रिभुवन शान्ति मावि, पोखरा-३० को भौतिक पूर्वाधार सम्पन्न भै कक्षा सञ्चालन भएमा सो विद्यालयलाई अनुदान उपलव्ध गराउने र उक्त विद्यालयको भौतिक पूर्वाधार सम्पन्न हुन बाँकि रहि कक्षा सञ्चालन हुन सक्ने अवस्था नभएमा प्रदेशमा सञ्चालित बौद्धिक अपांगता भएका बालबालिकाहरूका लागि आवासीय सुविधा सहितको कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई अनुदान प्रदानका लागि सूचना प्रकाशन गर्ने।)**<br>१. बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि सञ्चालन भएका विद्यालयहरुबाट आवासीय सुविधा सहितको कक्षा सञ्चालनका लागि व्यवस्थापन गर्नुपर्ने आवश्यक सामग्रीको लागत अनुमान सहित अनुसूची-४४ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने,<br>२. प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछः<br>**क.** महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा -संयोजक<br>**ख.** महाशाखा प्रमुख/प्रतिनिधि, प्रशासन तथा योजना महाशाखा -सदस्य<br>**ग.** महाशाखा प्रमुख/प्रतिनिधि, सामाजिक विकास महाशाखा -सदस्य<br>**घ.** शाखा प्रमुख/प्रतिनिधि, आर्थिक प्रशासन शाखा -सदस्य<br>**ङ.** शाखा प्रमुख, जिन्सी शाखा, मन्त्रालय -सदस्य<br>**च.** शाखा प्रमुख, शैक्षिक योजना तथा तथ्याङक शाखा -सदस्य सचिव<br>३. अनुसूची-४५ मा उल्लिखित मूल्याङ्कनका आधार बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावित अनुदान रकम सहित मन्त्रालय समक्ष सिफारिस गर्ने।<br>४. छनौट भएका विद्यालयहरुसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने। | आवासीय विद्यालयहरुको लागि अनुदान सहायता उपलव्ध गराइने व्यवस्थापकीय खर्च। | महाशाखा र सम्बन्धित विद्यालय | अनुदान उपलव्ध गराइएको विद्यालय संख्या |

१०. क्रियाकलाप नं र कार्यक्रमको नामः- (५.१.११.१७८) एस. ओ. एस. हर्मन माइनर विद्यालय, पोखरा-१५ मा अध्ययनरत लक्षित समुहका बालबालिकाहरूका लागि छात्रवृत्ति अनुदान निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | जना | १ | ५९८० | दोस्रो र तेस्रो |

**उद्देश्यः लक्षित समूह(एस. ओ. एस. बालग्राम)का वालबालिकाहरूको सिकाइलाइ निरन्तरता पाउने अधिकार सुनिश्चित गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अनुसूची -४६ को ढाँचामा अनाथ बालबालिकाहरूको फोटो र छात्रवृत्ति रकम सहितको प्रमाणित प्रस्ताव माग गर्ने,<br>२. प्रस्ताव बमोजिमको विवरण मन्त्रालयले एकिन गर्ने,<br>३. विद्यालयसँग सम्झौता गर्ने,<br>४. सम्झौता बमोजिम छात्रवृत्ति अनुदान २ किस्तामा निकासा गर्ने।<br>५. छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीहरुको बिबरण वेभसाइटमा प्रकाशन गर्ने। | बालग्राममा रहेका विद्यार्थीहरु अधययनरत कक्षाको वार्षिक अध्ययन शुल्कका आधारमा हुन आउने रकम। | मन्त्रालय र एस.ओ. एस. हर्मन माइनर मा.वि., पोखरा १५ | लक्षित समूहका छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थी सङ्ख्या। |

## ६. युवा तथा खेलकुद महाशाखा

### क. युवा शाखा

**१. क्रियाकलाप नं. र नामः- (२.७.१२.३३) विपद व्यवस्थापनमा युवा स्काउट**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ७०० | पहिलो/दोस्रो |

**उद्देश्यः- युवा स्काउटहरुको लागि विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन एवं परिचालन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रदेश स्काउट कार्यालयसँग तयारी बैठक,<br>२. तालिमका क्षेत्र र सहभागी (शिक्षक/विद्यार्थी/संघ/संस्था/ विपद व्यवस्थापनसँग सम्बन्धित व्यक्तिहरु) निर्धारण,<br>३. प्रदेश स्काउट कार्यालयसँग कार्ययोजना माग गरी सम्झौता,<br>४. मन्त्रालयबाट कार्यक्रमको अनुगमन गर्ने,<br>५. कार्यक्रम सञ्चालन पश्चात प्रतिवेदनका आधारमा भुक्तानी गर्ने। | प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण, आवास, यातायात/ईन्धन, स्टेशनरी, तालिम सञ्चालन एवं युवा स्काउट परिचालन सम्बन्धी कार्य गर्दा आवश्यक पर्ने तालिम सामाग्री खरिद (Fire extinguisher, डोरी, safety helmet, reflector, first aid kit आदि) अनुगमन लगायतका अन्य विविध खर्चहरु । | युवा तथा खेलकुद महाशाखा र प्रदेश स्काउट कार्यालय | विपद व्यवस्थापन तालिम र सहभागी संख्या। |

**२. क्रियाकलाप नं र नामः- (२.७.२५.३६३) नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १५०० | सबै |

**उद्देश्यः- स्काउट सम्बन्धी ज्ञान, सिप र क्षमताको प्रबर्द्धन गरी समाजमा अनुशासन, स्वयंसेवी भावनाको विस्तार गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रदेश स्काउट कार्यालयसँग कार्ययोजना सहितको प्रस्ताव माग गर्ने ।<br>२. लागत अनुमान स्वीकृत गरी सम्झौता गर्ने।<br>३. कार्यक्रम सञ्चालन, अनुगमन,कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने। (स्थानीय तह तथा स्थानीय स्काउटको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।) | प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण, आवास, यातायात/ईन्धन, सहभागीहरुको लागि स्काउट पोशाक, स्टेशनरी, अनुगमन लगायतका अन्य विविध खर्चहरु । | युवा तथा खेलकुद महाशाखा र प्रदेश स्काउट कार्यालय | कार्यक्रम संख्या, लाभान्वित शिक्षक तथा विद्यार्थी संख्या। |

### ३. क्रियाकलाप नं. र नामः- (२.७.१४.१६४) प्रदेशस्तरीय स्काउट क्याम्प तथा एडभेन्चर फेस्ट कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ६०० | पहिलो, दोस्रो, तेस्रो, |

**उद्देश्यः- स्काउट क्याम्प तथा एडभेन्चर फेस्ट कार्यक्रम सञ्चालन गरी स्काउट सम्वन्धी सचेतना अभिवृद्धि गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रदेश स्काउट कार्यालयसँग कार्ययोजना सहितको प्रस्ताव माग गर्ने ।<br>२. लागत अनुमान स्वीकृत गरी सम्झौता गर्ने।<br>३. मन्त्रालयबाट कार्यक्रमको अनुगमन गर्ने,<br>४. कार्यक्रम सञ्चालन गर्ने र कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने।<br>५. स्थानीय तह तथा स्थानीय स्काउटको समन्वय, सहकार्य एवं साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ । | **बजेट बाँडफाँड** प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण, आवास, यातायात/ईन्धन, स्टेशनरी, अनुगमन लगायतका अन्य विविध खर्चहरु। | युवा तथा खेलकुद महाशाखा र प्रदेश स्काउट कार्यालय | लाभान्वित विद्यालय र कार्यक्रमका सहभागीहरु। |

### ४. क्रियाकलाप नं. र नामः- (२.७.२५.५८०) प्रदेश स्काउट कार्यालयका लागि विपद व्यवस्थापन लगायतका तालिमका लागि आवश्यक सामग्री व्यवस्थापन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ६०० | तेस्रो, चौथो |

**उद्देश्यः- प्रदेश स्काउट कार्यालयका लागि विपद् व्यवस्थापन, प्रदेशस्तरीय स्काउट क्याम्प तथा एडभेन्चर फेस्ट र नेपाल स्काउट सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक सामग्री खरिद गर्ने।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रदेश स्काउट कार्यालयबाट लागत अनुमान र खरिद गर्ने सामग्रीहरुको स्पेशिफिकेसन सहितको प्रस्ताव माग गर्ने।<br>२. सार्वजनिक खरिद ऐन एवं नियमावलीमा व्यवस्था भए बमोजिम कार्यान्वयन गर्ने गरी प्रदेश स्काउट कार्यालयसंग सम्झौता गर्ने।<br>३. आवश्यक विल, भरपाइ, सामग्री दाखिला प्रतिवेदन लगायतका कागजात मन्त्रालयमा पेश भए पश्चात् मन्त्रालयबाट अनुगमन गरी भुक्तानी दिने ।<br>४. आवश्यक मुख्य कागजातः प्रचलित ऐन, नियम अनुसारको खरिद सम्बन्धी कागजपत्रहरु, सक्कल बिल भरपाईहरु, अनुगमन प्रतिवेदन। | स्काउट सामाग्री खरिद लगायतका अन्य खर्चहरु। | युवा तथा खेलकुद महाशाखा र प्रदेश स्काउट कार्यालय | खरिद भएका सामग्रीहरुको सूची। |

५. क्रियाकलाप नं. र नामः- (२.७.२५.४१२) युवा लक्षित बहस कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ५०० | तेस्रो/ चौथो |

**उद्देश्यः- युवाहरुमा सचेतना अभिवृद्धि, तार्किक सोच, नेतृत्व सीप तथा समालोचनात्मक दृष्टिकोणको विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. सम्बन्धित एकीकृत सेवा कार्यालय र कार्यक्रम सञ्चालन हुने स्थानीय तहको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने।<br>२. ११ वटा जिल्लाहरुलाई ३ क्लष्टरमा विभाजन गरेर कम्तिमा ३ जिल्लामा कार्यक्रम सञ्चालन गर्ने गरी अवधारणापत्र तयार गर्ने।<br>३. वहस कार्यक्रममा उद्यमशिलता, खेलकुद, भाषा, साहित्य, कला, संगित, संस्कृति, शिक्षा, विज्ञान प्रविधि लगायतका क्षेत्रमा योगदान पुऱ्याएका युवाहरुको सहभागितालाई प्राथमिकता दिने।<br>४. प्रदेश सरकार र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको तर्फबाट युवा लक्षित नीति, कार्यक्रम तथा बजेट, सो को कार्यान्वयन र उपलब्धि, चुनौती, भावी दिशासमेतको सम्बन्धमा समेटिने गरी विस्तृत प्रस्तुतिकरण गर्ने।<br>५. युवा लक्षित बहस सञ्चालन र प्रतिवेदन। | कार्यक्रम सञ्चालन सम्बन्धी खर्च, खाजा/खाना, दैनिक भ्रमण, यातायात, ईन्धन, स्टेशनरी लगायतका अन्य विविध खर्चहरु। | युवा तथा खेलकुद महाशाखा र सम्बन्धित एकीकृत सेवा कार्यालय | • सहभागी युवाहरुको संख्या।<br>• कार्यक्रम संख्या<br>• प्रतिवेदन। |

६. क्रियाकलाप नं. र नामः- (२.७.२५.५७९) प्रदेश नमुना युवा संसद अभ्यास तथा परिचालन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | दोश्रो/तेश्रो |

**उद्देश्यः संसदीय अभ्यास विकास भई युवाको राजनीतिक नेतृत्व विकासमा टेवा पुर्याउनु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्ययोजना सहितको अवधारणापत्र तयार गर्ने।<br>२. ११ वटै जिल्लाको प्रतिनिधित्व सुनिश्चित हुने गरी गण्डकी विश्वविद्यालय र प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुमा अध्ययनरत युवा विद्यार्थीहरुको सहभागिता गराउने।<br>३. निम्नानुसारको कार्यक्रम व्यवस्थापन तथा सञ्चालन समिति रहनेछः<br>क. महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - संयोजक<br>ख. शाखा प्रमुख, योजना तथा प्रशासन शाखा - सदस्य<br>ग. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>घ. अधिकृत प्रतिनिधि, गण्डकी प्रदेश सभा - सदस्य<br>ङ. अधिकृत प्रतिनिधि, प्रदेश निर्वाचन कार्यालय - सदस्य<br>च. शाखा प्रमुख, युवा शाखा - सदस्य सचिव<br>४. कार्यक्रम सञ्चालन, प्रतिवेदन र भुक्तानी ।<br>५. (युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि-२०७५ को आधार लिन सकिनेछ।) | स्टेशनरी, ब्यानर, प्रशिक्षण सामग्री, यातायात, भ्रमण खर्च, बैठक खर्च, खाजा खाना, हल भाडा, आवास खर्च लगायतका खर्चहरु। | युवा तथा खेलकुद महाशाखा, गण्डकी विश्वविद्यालय र सामुदायिक क्याम्पस। | • सहभागी संख्या।<br>• निर्णय पुस्तिका। |

**७. क्रियाकलाप नं. र नामः- (२.७.७.४७) युवा वैज्ञानिक प्रोत्साहन तथा परिचालन कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ८०० | तेस्रो/चौथो |

**उद्देश्यः- युवाहरुमा विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन प्रति आकर्षण बढाई वैज्ञानिक प्रतिभाको पहिचान गरी प्रोत्साहन तथा परिचालन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. गण्डकी विश्वविद्यालयमार्फत मन्त्रालयको समन्वयमा सञ्चालन गर्ने।<br>२. गण्डकी विश्वविद्यालयसँग कार्ययोजना सहितको प्रस्ताव माग गरी सम्झौता गर्ने।<br>३. मन्त्रालयबाट कार्यक्रमको अनुगमन गर्ने।<br>४. कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिने। | सम्झौता बमोजिमका खर्चहरु। | युवा तथा खेलकुद महाशाखा र गण्डकी विश्वविद्यालय | • प्रोत्साहन भएका युवा वैज्ञानिकहरुको संख्या।<br>• प्रोत्साहन प्राप्त अनुसन्धानका बिधाहरु। |

**८. क्रियाकलाप नं. र नामः- (२.७.८.२८९) युवामैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ६०० | तेस्रो, चौथो |

**उद्देश्यः- युवामैत्री स्थानीय शासन तुल्याई युवाको सहभागिता बृद्धि गर्ने तथा स्थानीय शासन सञ्चालनमा युवाको अपनत्व, समन्वय र सहकार्य बृद्धि गर्ने ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयारी (युवा मैत्री स्थानीय तह दिग्दर्शन-२०८० लाई आधार मान्ने।),<br>२. सूचना प्रकाशन/ प्रस्ताव आह्वान,<br>३. कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको छनौट,<br>४. सरोकारवालाहरु (क्लब, सञ्जाल, स्थानीय तह, युवा समिति, एकीकृत सेवा कार्यालय र अन्य संघ/संस्था) सँगको समन्वय र सहभागितामा कार्यक्रम सञ्चालन,<br>५. भुक्तानी र प्रतिवेदन । | प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण खर्च, यातायात/ईन्धन खर्च, बैठक खर्च, स्टेशनरी लगायत अन्य विविध खर्चहरु । | युवा तथा खेलकुद महाशाखा, एकीकृत सेवा कार्यालय, स्थानीय तह। | • सहभागी हुने युवाहरुको संख्या। |

९. क्रियाकलाप नं. र नामः- (२.७.८.२९३) युवा लक्षित डिजिटल साक्षरता, मनोपरामर्श तथा सूचना प्रविधिमा आधारित क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ५ | १५०० | दोस्रो/तेस्रो/चौथो |

उद्देश्यः- युवाहरुको डिजिटल पहुँच, सूचना प्रविधिको प्रयोग, साइवर सुरक्षा र मानसिक स्वास्थ्य सम्बन्धी क्षमता विकास गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. समन्वय बैठक, अवधारणा पत्र तयारी।<br>२. क्याम्पस, विद्यालय, नेपाल प्रहरी, स्वास्थ्य संस्था, स्थानीय तह, क्लवहरु र विभिन्न सामाजिक संघ संस्था वा समूहसँगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने।<br>३. इन्टरनेटको उपयोग, सामाजिक सञ्जालको सदुपयोग, डिजिटल साक्षरता, साइवर सुरक्षा, मनोपरामर्श, Content Creation , Freelance services, तथा सूचना प्रविधि लगायतका विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने। | प्रशिक्षण सामग्री विकास तथा प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण खर्च, यातायात/ईन्धन, बैठक खर्च, स्टेशनरी लगायत विविध खर्च। | युवा तथा खेलकुद महाशाखा | • कार्यक्रमका सहभागी संख्या । |

१०. क्रियाकलाप नं. र नामः- (२.७.८.८२) युवा क्लव प्रशिक्षण र परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ४ | १००० | दोस्रो, तेस्रो |

उद्देश्यः- युवा क्लबका पदाधिकारीहरुको क्षमता विकास गरी क्लबको सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुर्‍याउनु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. एकीकृत सेवा कार्यालय र स्थानीय तहको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,<br>२. समन्वय बैठक, अवधारणा पत्र तयारी,<br>३. प्रदेश अन्तर्गत विभिन्न जिल्लाहरुमा रहेका युवा क्लवहरुको अभिलेखिकरण गर्ने,<br>४. युवा क्लव प्रशिक्षण र परिचालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन स्थल छनौट र कार्यक्रम सञ्चालन।<br>५. गत बर्षहरुमा अभिलेखिकरण भएका तर प्रशिक्षण र परिचालन नभएका युवा क्लवहरुलाई प्राथमिकतामा राखिनेछ। | प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण, यातायात/ईन्धन खर्च, बैठक खर्च, स्टेशनरी, अनुगमन लगायतका अन्य विविध खर्चहरु । | युवा तथा खेलकुद महाशाखा | • सहभागीको सङख्या<br>• प्रतिवेदन। |

**११. क्रियाकलाप नं. र नामः- (२.७.१२.४२) लागुऔषध पुर्नस्थापना केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ३५० | **तेस्रो** |

**उद्देश्यः- प्रदेशका लागुऔषध पुनःस्थापना केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणापत्र तयारी, समन्वय बैठक।<br>२. सहभागी र कार्यक्रम कार्यान्वयन स्थल छनौट, कार्यक्रम सञ्चालन, प्रतिवेदन र भुक्तानी।<br>कार्यक्रम समन्वय, सहभागी तथा कार्यक्रम स्थल छनौट एवं प्रशिक्षणको विषयवस्तु निर्धारण लगायतको कार्य गर्नको लागि तपसिल बमोजिम एक कार्यक्रम समन्वय समिति रहनेछः<br>- महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - संयोजक<br>- प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय - सदस्य<br>- शाखा प्रमुख, युवा शाखा - सदस्य सचिव<br>बैठकमा आवश्यकता अनुसार सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ। | बैठक खर्च, प्रशिक्षक खर्च, खाजा/खाना, दैनिक भ्रमण खर्च, यातायात, स्टेशनरी लगायत विविध खर्चहरु । | युवा तथा खेलकुद महाशाखा | • लागु औषध पुनःस्थापना तालिम लिने जनशक्तिको संख्या |

**ख. खेलकुद शाखा**

**१. क्रियाकलाप नं. र नामः- (२.७.२५.३६७) राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन**

| खर्च शीर्षक | | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | | पटक | १ | ५०० | तेस्रो, चौथो |

**उद्देश्यः-** राष्ट्र तथा प्रदेशको गौरब राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| अवधारणा पत्र तयार गरि आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयन गर्ने। | अवधारणा पत्र अनुसारका खर्चहरु। | युवा तथा खेलकुद महाशाखा र प्रदेश खेलकुद परिषद | सम्मानित/ पुरस्कृत भएका खेलाडीहरुको संख्या। |

**२. क्रियाकलाप नं. र नामः- (२.७.२५.३७६) गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५५५ | तेस्रो, चौथो |

**उद्देश्यः-** गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरुलाई प्रोत्साहन गर्नु।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. बैठकको तयारी एवं सञ्चालन,<br>२. सम्बन्धित खेलाडी/निकायसँग सम्पर्क र निवेदन संकलन,<br>३. सम्बन्धित खेलाडीहरुको खातामा रकम भुक्तानी दिने ।<br>४. गण्डकी प्रदेशमा स्थायी ठेगाना भइ खेलकुद गतिबिधिमा योगदान पुऱ्याएका ओलम्पियनहरुको निवेदन संकलन गरी प्रोत्साहन रकम भुक्तानी दिने।<br>थप विषयमा आवश्यक निर्णय गर्नुपरेमा तपसिल बमोजिमको एक सहजीकरण समिति रहनेछ :<br>क. महाशाखा प्रमुख, युवा तथा खेलकुद महाशाखा - संयोजक<br>ख. प्रतिनिधि, प्रदेश खेलकुद परिषद - सदस्य<br>ग. शाखा प्रमुख, प्रशासन, योजना तथा अनुगमन शाखा-सदस्य<br>घ. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ङ. शाखा प्रमुख, खेलकुद शाखा - सदस्य सचिव<br>**आवश्यक मुख्य कागजातः** बैठकको उपस्थिति विवरण, सम्बन्धित खेलाडीहरुको निवेदन, ओलम्पिक खेलमा सहभागिता देखिने सम्बन्धित खेल विधाको प्रमाणपत्र तथा परिचयपत्र, प्रदेश खेलकुद परिषद्को सिफारिस, बैंक खाता र पान नं. को विवरण। | **बजेट बाँडफाँडः** खाजा/खाना खर्च, आ.व. २०८२/८३ सम्म यस मन्त्रालयमा अभिलेखिकरण भएका र यस आ.व.मा गण्डकी प्रदेशबाट थप हुने ओलम्पियन खेलाडीहरूलाई वर्षेनी प्रदान हुने प्रोत्साहन रकम। | युवा तथा खेलकुद महाशाखा र प्रदेश खेलकुद परिषद, गण्डकी प्रदेश | • ओलम्पियन खेलाडीहरूले प्रोत्साहन रकम पाएको हुने<br>• ओलम्पियन खेलाडीहरूको संख्या |

**३. क्रियाकलाप नं. र नामः- (२.७.८.२९०) स्वस्थ्य जीवनशैली अपनाउनका लागि सम्बन्धित संस्थाहरुसँगको सहकार्यमा योग तथा ध्यान कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ५ | ५०० | **सबै** |

**उद्देश्यः- तनावलाई न्यून गरी खुसी र उत्साहपूर्वक कार्य गर्नको लागि स्वस्थ जीवनशैली अपनाउन सहयोग पुऱ्याउनु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. योग तथा ध्यान कार्यक्रमसँग सम्बन्धित संघ संस्थाबाट निवेदन/प्रस्ताव संकलन<br>२. कार्यक्रम कार्यान्विन गर्ने संस्था र स्थान छनौट<br>३. कार्यक्रम सञ्चालन, प्रतिवेदन र भुक्तानी<br>४. सम्बन्धित संघ संस्था र यस मन्त्रालयको समन्वय/सहकार्य कार्यक्रम सञ्चालन गर्न सकिनेछ । | प्रशिक्षक व्यवस्थापन, हल व्यवस्थापन, खाजा/खाना यातायात/इन्धन, बैठक खर्च, स्टेशनरी र अनुगमन लगायतका अन्य विविध (म्याट, साउण्ड सिस्टम, प्रशिक्षण सामाग्री, ईत्यादी) खर्चहरु । | युवा तथा खेलकुद महाशाखा र सम्बन्धित संघ/संस्था | सहभागी संख्या र प्रतिवेदन |

**४. क्रियाकलाप नं. र नामः- (२.७.२३.२५) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान (मन्त्रालयको लागि)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | २००० | दोस्रो, तेस्रो, चौथो |

**उद्देश्यः- प्रदेश स्तरमा खेलकुदसम्बन्धी गतिविधिहरु सञ्चालन गर्ने संघ संस्थाहरुलाई आर्थिक सहयोग प्रदान गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **यस शिर्षकबाट जिल्ला खेलकुद विकास समिति बागलुङ र म्याग्दीलाई रु. ५ लाखका दरले वार्षिक विकास कार्यक्रममा छुट भएको क्रियाकलाप नं २.७.१४.१५४ र नाम ११ वटै जिल्ला खेलकूद विकास समितिहरुलाई खेलकूद प्रतियोगिता आयोजना खर्च कार्यक्रमका लागि सम्बन्धित एकीकृत सेवा कार्यालयको कार्य सञ्चालन कोष (विविध खाता) मार्फत उपलब्ध गराउने।**<br>२. सूचना प्रकाशन र मागको आधारमा प्रदेशस्तरीय खेलकुद आयोजना गर्ने संघ सँस्थालाई मात्र अनुदान प्रदान गर्ने।<br>३. खेलकुद आयोजना गर्नुभन्दा कम्तिमा ७ दिन अगाडि मन्त्रालयमा दर्ता भएका निबेदनलाई मात्र छनौट समितिमा पेश गरिनेछ।<br>४. खेल आयोजक संघ/संस्थाहरूले लेटर प्याडमा तपसिल अनुसारका कागजात संलग्न गरी यस मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेः-<br>क. खेलकुद प्रतियोगिता सम्बन्धी प्रस्ताव<br>ख. संस्था दर्ताको प्रमाण पत्र र नविकरण<br>ग. आ.व. २०८२/०८३ सम्मको कर चुक्ताको प्रमाण पत्र।<br>५. प्रस्ताव मूल्याङ्कन तथा सहयोग रकम सिफारिस समिति देहाय बमोजिम रहनेः-<br>क. महाशाखा प्रमुख, युवा तथा खेलकुद -संयोजक<br>ख. शाखा प्रमुख, प्रशासन,योजना तथा अनुगमन शाखा -सदस्य | • **अनुदान रकमको सिमा (बढीमा):** राष्ट्रिय/प्रदेशस्तरीय /खुल्ला प्रतियोगिताका लागि बढीमा रु.१,००,०००।- (रु. एक लाख) सम्म अनुदान उपलब्ध गराउने गरी रकम निर्धारण ।<br>• अनुदानको लागि संस्था छनौट बैठक खर्च, अनुदान रकम, खाजा/खाना, अनुगमन खर्च, यातायात/ ईन्धन खर्च। | युवा तथा खेलकुद महाशाखा | सहयोग रकम प्राप्त गरेका खेल संघ/संस्था संख्या |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. प्रतिनिधि, प्रदेश खेलकुद परिषद् गण्डकी प्रदेश -सदस्य<br>घ. मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य<br>ङ. शाखा प्रमुख, खेलकुद शाखा -सदस्य सचिव<br>६. भुक्तानीको लागि आवश्यक कागजातहरुः<br>क. भुक्तानीका लागि निवेदन।<br>ख. खेलकुद प्रतियोगिता सञ्चालन तथा सम्पन्न भएको विस्तृत प्रतिवेदन।<br>ग. प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनमा भएको खर्च अनुमोदन गरिएको निर्णय।<br>घ. उक्त कार्यक्रमका लागि अन्य निकायबाट भुक्तानी लिएको भए सोको विवरण।<br>ङ. स्वीकृत बजेट अनुसारको सक्कल बिल, भरपाई तथा खर्चका प्रमाणहरू।<br>च. आयोजक संस्थाको बैंक खाता नम्बर र संस्थाको वैंक खातामा भए अनुसारको अंग्रेजी नाम सहित स्पष्ट खुलेको चेकको प्रतिलिपी।<br>छ. उपस्थिति पुस्तिकाको प्रतिलिपि।<br>ज. प्रतियोगिता सञ्चालन/सम्पन्न भएका प्रमाणित तस्बिरहरू । | | | |

## ७. शिक्षा तालिम केन्द्र

**१. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३६८) STEAM ल्याब निर्माण गरिएका विद्यालयका विज्ञान तथा प्रविधि विषयका शिक्षकहरूका लागि STEAM Lab प्रयोगसम्बन्धी क्षमता विकास**

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ५० | ५०० | तेस्रो |

**उद्देश्यः- STEAM Lab प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र निर्माण र तालिम प्याकेज विकास,<br>२. सम्बन्धित निकायसँग समन्वय/पत्राचार गरी सहभागी छनोट<br>३. तयारी कार्यशाला सञ्चालन, तालिम सञ्चालन तथा व्यवस्थापन<br>४. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>५. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | अवधारणा पत्र निर्माणसम्बन्धी बैठक, तालिम प्याकेज विकास, स्टेशनरी तथा तालिम सामग्री, तालिम सञ्चालन र व्यवस्थापन, विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | निर्मित तालिम प्याकेज<br>शिक्षक छनोटका निर्णय,<br>तालिम प्राप्त शिक्षक सङ्ख्या |

**२. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३७१) प्रधानाध्यापकहरूका लागि शिक्षक मेन्टरिङ तालिम**

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ७५ | ७५० | दोस्रो |

**उद्देश्यः- शिक्षकहरूको सिकाइ सहजीकरणमा प्राविधिक सहायताको लागि प्रधानाध्यापकहरूको क्षमता अभिवृद्धि गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना निर्माण<br>२. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>३. तालिम सामग्री छपाइ, सञ्चालन तथा व्यवस्थापन<br>४. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>५. तालिम लिएका शिक्षकहरूलाई स्थलगत सहायता उपलब्ध गराउने | तयारी बैठक, शिक्षक मेन्टरिङ निर्देशिका र अवलोकन फाराम छपाइ, स्टेशनरी तथा तालिम सामग्री, तालिम सञ्चालन र प्रतिवेदन, विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय,<br>तालिम प्राप्त शिक्षक सङ्ख्या |

३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३७६) एआई, ब्लकचेन र साइबर सुरक्षासम्बन्धी क्षमता विकास तालिम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | १५० | ६७५ | पहिलो |

उद्देश्यः- एआई, ब्लकचेन र साइबर सुरक्षासम्बन्धी तालिममार्फत शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना तथा प्याकेज निर्माण<br>२. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>३. निर्मित प्याकेजका आधारमा विज्ञद्वारा तालिम सहजीकरण<br>४. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>५. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | तालिम प्याकेज निर्माण तयारी बैठक, तालिम सञ्चालन र प्रतिवेदनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

४. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३७७) मागमा आधारित शिक्षक क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ७५ | ७५० | तेस्रो |

उद्देश्यः- मागमा आधारित तालिममार्फत शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. आवश्यकता पहिचान गरी तालिम योजना निर्माण<br>२. तालिम प्याकेज विकास<br>३. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>४. निर्मित प्याकेजका आधारमा विज्ञद्वारा तालिम सञ्चालन तथा व्यवस्थापन<br>५. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMI मा अद्यावधिक गर्ने<br>६. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | तयारी बैठक, तालिम प्याकेज विकास, स्टेशनरी तथा तालिम सामग्री, तालिम सञ्चालन र प्रतिवेदन, विद्यालय अनुगमनसम्बन्धी खर्च। | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३७८) दृष्टिविहीन शिक्षकहरूका लागि आइसिटी तालिम सञ्चालन

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ५० | ५०० | दोस्रो |

उद्देश्यः- आइसिटी तालिममार्फत दृष्टिविहीन शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना निर्माण<br>२. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>३. तयारी कार्यशाला सञ्चालन, तालिम सञ्चालन तथा व्यवस्थापन<br>४. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>५. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | स्टेशनरी तथा तालिम सामग्री, तालिम सञ्चालन र व्यवस्थापन विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

६. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.४.३७९) अपाङ्गता भएका शिक्षकहरूका लागि मागमा आधारित तालिम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ५० | ५०० | दोस्रो |

उद्देश्यः- मागमा आधारित तालिममार्फत अपाङगता भएका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. आवश्यकता पहिचान गरी तालिम योजना निर्माण<br>२. तालिम प्याकेज विकास<br>३. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>४. तयारी कार्यशाला सञ्चालन, तालिम सञ्चालन तथा व्यवस्थापन<br>५. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>६. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | तयारी बैठक, तालिम प्याकेज विकास,<br>स्टेशनरी तथा तालिम सामग्री,<br>तालिम सञ्चालन र प्रतिवेदन,<br>विद्यालय अनुगमनसम्बन्धी खर्च। | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

७. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.५.११) मावि तथा आधारभूत तहका शिक्षकलाई नवीनतम शिक्षण प्रविधिको प्रयोगसम्बन्धी पुनर्ताजगी तालिम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ७५ | ६७५ | दोस्रो |

उद्देश्यः- नवीनतम शिक्षण प्रविधिको प्रयोगसम्बन्धी शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना निर्माण<br>२. तालिम प्याकेज विकास<br>३. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>४. तयारी कार्यशाला सञ्चालन, तालिम सञ्चालन तथा व्यवस्थापन<br>५. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>६. तालिम लिएका शिक्षकको शिक्षण सिकाइ सहजीकरण अनुगमन र प्रतिवेदन | तालिम प्याकेज विकास,<br>स्टेशनरी तथा तालिम सामग्री,<br>तालिम सञ्चालन र प्रतिवेदन,<br>विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

८. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.५.३६) आधारभूत तहको परीक्षा र मूल्याङ्कनसम्बन्धी ५ दिने अनलाइन तालिम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | २५० | ११२५ | पहिलो र दोस्रो |

उद्देश्यः- शिक्षकहरूमा आधारभूत तहको परीक्षा र मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना निर्माण,<br>२. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी स्वीकृत कोटामा ५०% कक्षा (६-८) र ५०% (कक्षा ४-५) सहभागी छनोट गरी विषयगत रूपमा अनलाइन माध्यमबाट तालिम सञ्चालन तथा व्यवस्थापन<br>३. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>४. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन। | तालिम सञ्चालन र व्यवस्थापसम्बन्धी खर्च विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय, तालिम प्राप्त शिक्षक सङ्ख्या |

९. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.६.५.३७) अतिरिक्त क्रियाकलाप व्यवस्थापन तालिम

| खर्च शीर्षक | एकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ५० | ४५० | दोस्रो |

उद्देश्यः- शिक्षकहरूमा अतिरिक्त क्रियाकलाप व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. तालिम योजना निर्माण<br>२. तालिम प्याकेज विकास<br>३. सम्बन्धित निकायसँग समन्वय /पत्राचार गरी सहभागी छनोट<br>४. तयारी कार्यशाला सञ्चालन, तालिम सञ्चालन तथा व्यवस्थापन<br>५. तालिम सम्पन्न गर्ने शिक्षकलाई प्रमाणपत्र प्रदान गरी IEMIS मा अद्यावधिक गर्ने<br>६. तालिम लिएका शिक्षकको सिकाइ सहजीकरण क्रियाकलापको अनुगमन र प्रतिवेदन | तयारी बैठक, तालिम प्याकेज विकास,<br>स्टेशनरी तथा तालिम सामग्री,<br>तालिम सञ्चालन र प्रतिवेदन,<br>विद्यालय अनुगमनसम्बन्धी खर्च | शिक्षा तालिम केन्द्र | शिक्षक छनोटका निर्णय,<br>तालिम प्राप्त शिक्षक सङ्ख्या |

## ८. प्रदेश सङ्ग्रहालय

### १. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२३.४५) गण्डकी प्रदेशका संग्रहालयहरुलाई प्रोत्साहन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २००० | पहिलो, दोश्रो र तेश्रो |

**उद्देश्यः प्रदेशमा रहेका सङ्ग्रहालयहरूलाई प्रोत्साहन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार गरी मन्त्रालयबाट स्वीकृत गर्ने,<br>२. **प्रस्तावः** अनुसूची-४७ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने,<br>३. **समिति गठनः** अनुसूची-४८ अनुसार प्रस्ताव मूल्याङ्कन गरी अनुदान रकम वितरण गर्नका लागि देहाय बमोजिम समिति रहनेछः<br>क. संग्रहालय प्रमुख, प्रदेश संग्रहालय पोखरा - संयोजक<br>ख. शाखा प्रमुख, भाषा, संस्कृति तथा पुरातत्व संरक्षण शाखा, मन्त्रालय - सदस्य<br>ग. प्रमुख, इन्जिनियरिङ्ग शाखा - सदस्य<br>घ. प्रशासन शाखाको प्रतिनिधि - सदस्य<br>ङ. प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>च. प्रमुख, पुरातत्व शाखा - सदस्य सचिव<br>समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।<br>३. सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने। | • छनौट भएका संग्रहालयहरुलाई प्रोत्साहन अनुदान, बैठक, खाजा, खाना, यातायात, इन्धन खर्च<br>• अनुदान रकमको सिमा प्रति संग्रहालय बढीमा रु. चार लाख सम्म। | प्रदेश संग्रहालय र अनुदानका लागि छनौट संग्रहालयहरु। | • अनुदान प्राप्त संग्रहालयहरुको संख्या,<br>• अनुगमन प्रतिवेदन। |

### २. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.४०३) संग्रहालयको बजार प्रवर्द्धन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो र दोश्रो |

**उद्देश्यः आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्या वृद्धि गरी संग्रहालय भ्रमणलाई प्रोत्साहन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्यक्रमको अवधारणा पत्र तयार गर्ने,<br>२. कार्यक्रममा सहभागी हुने विद्यालयको छनौट गर्ने,<br>३. कार्याशाला गोष्ठी सञ्चालन गर्ने। | हलभाडा, यातायात खर्च, सहभागी स्टेशनरी, खाजा, साउण्ड सिष्टम, सहजीकरण खर्च लगायत खर्च। | प्रदेश संग्रहालय पोखरा | संग्रहालय अवलोकन गर्न आउने विद्यार्थीहरुको संख्या |

### ३. क्रियाकलाप नं. र नामः- (२.७.२५.४१०) कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो र दोश्रो |

**उद्देश्यः कर्मचारीहरूलाई संग्रहालय व्यवस्थापनका नविन कार्यपद्धतिसँग परिचित गराउन अन्तर संग्रहालय अनुभव आदानप्रदान गरी क्षमता विकास गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयारी,<br>२. समय र स्थान छनौट, कार्यक्रम सञ्चालन र प्रतिवेदन । | यातायात खर्च, खाजा-खाना खर्च, सहजीकरण खर्च, दैनिक भ्रमण खर्च लगायत खर्च। | प्रदेश संग्रहालय पोखरा | सहभागी कर्मचारी संख्या। |

४. क्रियाकलाप नं. र नामः- (२.७.५.१४४) संग्रहालय शैक्षिक कार्यक्रम सालवसाली

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ४०० | तेश्रो |

उद्देश्यः ग्रामीण संस्कृति, सम्पदा, परम्परागत सीप तथा स्थानीय जीवनशैलीको प्रत्यक्ष अवलोकनमार्फत अनुभवात्मक सिकाइको अवसर प्रदान गर्नु।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • कार्यक्रममा सहभागी हुने विद्यालय छनौट।<br>• प्रतियोगितात्मक कार्यक्रम वा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने।<br>• प्रतिवेदन लेखन। | हलभाडा, सहभागी स्टेशनरी, खाजा, खाना, साउण्ड सिस्टम, पुरस्कार, प्रश्नपत्र निर्माण, सहजीकरण खर्च, यातायात/आवास खर्च, विभिन्न सेवाशुल्क, प्रशिक्षक खर्च, दै.भ्र.खर्च वापतको खर्च, संग्रहालयको प्रबर्धन कार्यक्रमसंग सम्वन्धित आवश्यक सामाग्रीहरु लगायत प्रस्तावनामा उल्लेख भई स्वीकृत हुने अन्य खर्चहरु। | प्रदेश संग्रहालय पोखरा | लाभान्वित सहभागी संख्या। |

५. क्रियाकलाप नं. र नामः- (२.७.२५.५७७) संग्रहालय दिवस तथा उत्सवहरु सञ्चालन कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | १०० | तेश्रो र चौथो |

उद्देश्यः संग्रहालय दिवस तथा विभिन्न उत्सवहरूको आयोजना गरी संग्रहालयप्रति जनचासो, जनसहभागिता तथा सचेतना अभिवृद्धि गर्नु।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. कार्यक्रमको अवधारणा पत्र तयार गर्ने,<br>२. दिवस तथा उत्सव सञ्चालन,<br>३. प्रतिवेदन लेखन। | सहभागी स्टेशनरी, खाजा, खाना, साउण्ड सिस्टम, यातायात/आवास खर्च, लगायत प्रस्तावनामा उल्लेख भई स्वीकृत हुने अन्य खर्चहरु। | प्रदेश संग्रहालय पोखरा | दिवस तथा उत्सवमा सहभागी संख्या |

६. क्रियाकलाप नं. र नामः- (२.७.५.१७५) संग्रहालयमा राखिएका सामाग्रीहरुको वारेमा जानकारीमुलक क्यापसन लेखन तथा छपाई ।

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५० | चौथो |

उद्देश्यः संग्रहालयमा प्रदर्शित ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा प्राकृतिक सामग्रीहरूको परिचय, महत्त्व र उपयोगिताबारे स्पष्ट जानकारी उपलब्ध गराउनु।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • क्याप्सन लेखनका लागि कार्यालयको कुनै कर्मचारीलाइ संयोजक तोक्ने/आवश्यक परेमा विज्ञको सहयोग लिने<br>• कम्तिमा २ (राष्ट्रिय र अन्तराष्ट्रीय) भाषामा क्याप्सन लेख्ने,<br>• विज्ञबाट Proof reading गराई अन्तिम लेखन पश्चात छपाईमा लैजाने। | क्यापसन लेखन पारीश्रमिक/छपाई सँग सम्वन्धित विल भरपाई वापतको खर्च | प्रदेश संग्रहालय पोखरा | आगन्तुकहरुको संख्या, क्याप्सन लेखनको प्रारुप। |

७. क्रियाकलाप नं. र नामः- (११.५.४०.४३) पुतलिबजार न.पा. वडा नं. ६ स्याङ्जा टक्सारमा मानाङ्क मुद्रा भेटिएको स्थलको प्रारम्भिक अध्ययन अनुसन्धान एवं अन्वेषण कार्य गर्ने

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ३११७२ | पटक | १ | ४०० | पहिलो, दोश्रो र तेश्रो |

**उद्देश्यः मानाङ्क मुद्रा भेटिएको स्थलको प्रारम्भिक अध्ययन अनुसन्धान एवं अन्वेषण गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयार गर्ने।<br>२. अध्ययन अनुसन्धानका लागि सूचना मार्फत प्रस्ताव माग गर्ने।<br>३. प्रस्तावको अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको समिति रहने छः<br>क. इतिहास संस्कृति बिभाग प्रमुख/प्रतिनिधि, पृथ्वीनारायण क्याम्पस -संयोजक<br>ख. इतिहास तथा पुरातत्व विषयमा अध्ययन तथा अनुसन्धान गरी निवृत्त उप/सह/प्राध्यापक मध्येबाट संयोजकको सिफारिसमा संग्रहालयले तोकेको २ जना -सदस्य<br>ग. पुरातत्व शाखा प्रमुख, संग्रहालय -सदस्य<br>घ. संग्रहालय प्रमुख - सदस्य सचिव<br>४. आशयपत्र जारी, सम्झौता र कार्यदिश,<br>५. अध्ययन अनुसन्धानको प्रतिवेदन, बिल भरपाईको आधारमा भुक्तानी । | सम्झौता बमोजिम खर्च। | प्रदेश संग्रहालय पोखरा | अनुसन्धान दस्तावेज। |

**८. क्रियाकलाप नं. र नामः- (११.६.३.९) संग्रहालयको सूचना-केन्द्रमा डिजिटल सूचना सफ्टवेयर तथा सामान खरिद**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११३४ | पटक | १ | ३७० | दोश्रो र चौथो |

**उद्देश्यः संग्रहालयमा उपलब्ध ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदासम्बन्धी जानकारीलाई डिजिटल माध्यमबाट सहज, छिटो र प्रभावकारी रूपमा उपलब्ध गराउनु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. TOR र लागत अनुमान तयार र स्वीकृत गर्ने,<br>२. सूचना प्रकाशन, मूल्याङ्कन, आशयपत्र जारी, सम्झौता र कार्यदिश।<br>३. Final Bill भरपाई, TOR निर्माण समीतिको वैठकको उपस्थिति सहितका कागजातका आधारमा भुक्तानी। | खरिद सम्बन्धी खर्च। | प्रदेश संग्रहालय पोखरा | सफ्ट्वेयर, खरिद सामग्री। |

## ९. रोजगार सूचना केन्द्र

### १. सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३५९ | २२५१२ | ३ | पटक | ४०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | रोजगारी वर्तमान समयको प्रमुख आवश्यकता र प्राथमिकताको विषय हो। नेपालको सन्दर्भमा आन्तरिक रोजगारी प्रवर्द्धनसँगै सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी व्यवस्थापन पनि महत्वपूर्ण रहेको छ। स्थानीय तह तथा जिल्लास्थित रोजगार सेवा केन्द्र र आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र मार्फत रोजगार सूचना, परामर्श, सहजीकरण तथा वैदेशिक रोजगारी सम्बन्धी कार्यहरु गर्दै आइरहेका सन्दर्भमा प्रदेश सरकारले रोजगार सूचना केन्द्र मार्फत वैदेशिक रोजगारीका निम्ति लिएका लक्ष्य तथा उदेश्यहरु प्राप्तिको निम्ति सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ।<br>वैदेशिक रोजगारी सम्बन्धी विभिन्न किसिमको हुने ठगी न्यूनीकरण, सुरक्षित रोजगारी सम्बन्धी सूचना तथा परामर्शको पहुँच विस्तार, सीप विकास र मनोसामाजिक सहयोग मार्फत वैदेशिक रोजगार सम्बन्धी समस्या समाधान गर्न सरोकारवालाहरूसँग सहकार्य र समन्वय आवश्यक देखिएको छ। यसै उद्देश्यले आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत **"सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम"** सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी** यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आवश्यक सूचना तथा सचेतना प्रदान गर्ने।<br>• वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको ज्ञान, सीप र पुँजीलाई स्वदेशमै सदुपयोग गर्न प्रोत्साहन गर्ने।<br>• रोजगार विनिमय सेवा प्रभावकारी बनाई रोजगार सूचना केन्द्रलाई सम्पर्क तथा सहजीकरण केन्द्रका रूपमा विकास गर्ने।<br>• प्रदेश र स्थानीय तहबीच सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रम, सूचना र अनुभव आदानप्रदान, समन्वय र सहकार्य अभिबृद्धी गर्ने। |
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• स्थानीय तह<br>• एकिकृत सेवा कार्यालय<br>• सुरक्षित आप्रबासन सहयोग ईकाइ<br>• आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रहरु<br>• आवश्यकतानुसार अन्य निकाय/व्यक्ति |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • कार्यक्रम हुने स्थानिय तहका जनप्रतिनिधिहरु,<br>• स्थानिय तहमा रहेका टोल विकास संस्था,आमा समुह,लक्षित बर्ग तथा समुदायका प्रतिनिधिहरु<br>• स्थानिय तहमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>• बैदेशिक रोजगारीमा जान लागेका युवा तथा प्रभावित व्यक्तिहरु, |

| | |
|---|---|
| | • सरोकारवाला निकाय/ संस्थाको प्रतिनिधी । |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता ,सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • समन्वय समितिको बैठकबाट स्वीकृत भएका स्थानहरुमा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • वैदेशिक रोजगारीमा गएका परिवारका सदस्य, जान लागेका युवाहरु तथा बैदेशिक रोजगारीबाट फर्केका युवाहरुले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आवश्यक नविनतम ब्यबस्था, सूचना, परामर्श र अनुभव आदान प्रदान गरी जोखिम न्यूनीकरणमा सहयोग पुग्नेछ।<br>• प्रदेश सरकार, स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरु बीच समन्वय, सूचना आदानप्रदान र हाल उपलब्ध भैरहेको परामर्श सेवा लगाएतका कार्य प्रभावकारी भई सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धनमा योगदान पुग्नेछ। |

## २. स्थानीय तहका रोजगार संयोजकहरुलाई सूचना प्रविधी सम्बन्धी तालिम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३६० | २२५१२ | २ | पटक | ६०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | गण्डकी प्रदेश सरकारको समृद्धिका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न स्थानीय तहसँगको सहकार्य र समन्वयमा रोजगारी अभिवृद्धिका लागि स्थानिय तहको सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकहरुको क्षमता अभिवृद्धि गर्नु आवश्यक भएको। वर्तमान समयमा कृत्रिम बौद्धिकता (AI), साईवर सुरक्षा तथा नविन प्रविधिको सहि प्रयोग गर्न सक्ने जनशक्ति तयारपारी उक्त प्रविधिको प्रयोगबाट श्रम बजार, सेवा प्रवाह र प्रशासनिक कार्यप्रणाली लाई सरल र प्रविधी मैत्रि बनाई सेवा प्रवाहलाई महत्वपूर्ण परिवर्तन ल्याउन तालिम प्रदान गरी दक्ष बनाउनु अपरिहार्य भएको छ।<br><br>यसै सन्दर्भमा, आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत स्थानीय तहका रोजगार संयोजकहरूलाई AI प्रविधिको व्यावहारिक प्रयोगमा सक्षम बनाउने उद्देश्यका साथ तालिम तथा क्षमता विकास कार्यक्रम राखिएको हुनाले, गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१"** को **दफा ४१** ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • स्थानीय तहका रोजगार संयोजक तथा कर्मचारीहरूलाई AI र नविनतम प्रविधिको आधारभूत ज्ञान, औजार र प्रयोग सम्बन्धी तालिम प्रदान गरी रोजगार सेवा केन्द्रको सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउँदै बेरोजगारी न्यूनीकरणका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने।<br>• AI आधारित स्क्रिनिङ तथा म्याचिङ प्रणाली मार्फत रोजगारदाता र रोजगारी खोज्ने व्यक्ति बीचको समन्वयलाई सहज र प्रभावकारी बनाउने।<br>• प्रदेश र स्थानीय तह बिचमा समन्वय र सहकार्य अभिबृद्धी गरी बेरोजगारी न्युनिकरण गर्ने |

| | |
|---|---|
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रतिष्ठान (GTEVTA)<br>• स्थानीय तह,<br>• एकिकृत सेवा कार्यालय<br>• व्यावसायिक तथा सिप विकास तालिम केन्द्र<br>• आवश्यकतानुसार अन्य निकाय/व्यक्ति |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सम्बन्धित कर्मचारीहरु।<br>• स्थानीय तहका रोजगार संयोजकहरु। |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>○ ८५ वटै स्थानीय तहका रोजगार संयोजकहरू सबैलाई क्रमिक रुपमा तालिम उपलब्ध गराउने नीति अनुरुप यस आ.व.मा बिनियोजित बजेटबाट दुई समुहमा तालिम संचालन गरिने ।<br>○ तालिम अबधी बढीमा एक हप्ताको हुने ।<br>○ सूचना प्रविधि सम्बन्धी तालिम दिने बैधानिक प्रतिष्ठान,संघ/संस्थाहरु तथा तालिम केन्द्रहरुसँग समन्वय तथा सहकार्यमा तालिम सञ्चालन गर्ने ।<br>○ स्थानीय तहमा कार्यरत रोजगार संयोजकहरुको छनौटमा देहायलाई प्राथमिकता दिइनेछ ।<br>○ नियमित रुपमा रोजगार सूचना केन्द्रमा बेरोजगार लगत पठाइरहेको स्थानीय तहहरु,<br>○ आवश्यकता अनुसार लागत साझेदारी गर्ने स्थानीय तहहरु।<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • स्थानीय तहका रोजगार संयोजक तथा कर्मचारीहरू सूचना प्रविधि तथा AI को प्रयोगमा सक्षम भई रोजगार सेवा प्रवाह, तथ्यांक व्यवस्थापन र प्रशासनिक कार्यसम्पादनमा दक्षता अभिवृद्धि हुनेछ।<br>• रोजगार सेवा केन्द्रको सेवा प्रवाह थप प्रविधिमैत्री, प्रभावकारी र पारदर्शी भई रोजगार प्रवर्द्धन तथा बेरोजगारी न्यूनीकरणमा सहयोग पुग्नेछ। |

**३. रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३६१ | २२५१२ | २ | पटक | २५० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक तथा अनुकूल श्रम अभ्यासको अधिकार सुनिश्चित गरेको छ। सोही अनुरूप गण्डकी प्रदेश सरकारले आन्तरिक रोजगारी प्रवर्द्धन, बेरोजगारी न्यूनीकरण तथा |

| | |
|---|---|
| | श्रम बजारलाई व्यवस्थित र प्रभावकारी बनाउने लक्ष्य लिएको छ। यसका लागि सरकार, रोजगारदाता, ट्रेड युनियन तथा अन्य सरोकारवाला निकायबीच समन्वय, सहकार्य र निरन्तर संवाद आवश्यक देखिएको छ।<br>रोजगारदाताको जनशक्ति आवश्यकता, श्रमिकका हकहित तथा सरकारी रोजगार सेवा बीच समन्वय स्थापित गरी रोजगार विनिमय सेवा (Employment Exchange Service) लाई प्रभावकारी बनाउन आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत "रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग रोजगारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम" सञ्चालन गर्ने व्यवस्था गरिएको छ। गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगार विनिमय सेवा बारेमा जानकारी गराइ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँगको अन्तरसम्बन्ध अभिबृद्धी गर्न।<br>• रोजगार सूचना केन्द्र र रोजगारदाताहरुबीच सहकार्यका क्षेत्रहरुको पहिचान गर्ने।<br>• बेरोजगार तथा सिपयुक्त जनशक्तिलाई रोजगारदाताहरुलाई आबश्यक जनशक्तिको माग बमोजिम आपुर्ति गर्ने माध्यम वनाई बेरोजगारीको संख्यामा कमी ल्याउने। |
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• एकिकृत सेवा कार्यालयहरु<br>• उद्योग वाणिज्य महासंघ/संघ,उद्योग परिसंघ/उद्योग वाणिज्य संग सम्बन्धित छाता संगठनहरु<br>• मजदुर, ट्रेड युनियनहरु, ट्रेड युनियन सम्बन्धी संघसंस्थाहरु<br>• रोजगारदाता/उद्योग व्यवसायीहरु<br>• अन्य सरोकारवाला निकायहरु |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • उद्योगी व्यवसायी लगायतका रोजगारदाताहरु ।<br>• मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरु,<br>• उद्योग वाणिज्य महासंघको प्रतिनिधी<br>• एकिकृत सेवा कार्यालयका प्रमुख तथा प्रतिनिधि<br>• सरोकारवाला अन्य निकाय/व्यक्ति |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्य सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>  ○ भौगोलिक क्षेत्र अनुसार कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>  ○ सम्भव भएसम्म आधिकारिक औद्योगिक क्षेत्र भएको स्थानमा कार्यक्रम सञ्चालन गरिने।<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुलाई यस केन्द्रको रोजगार विनिमय सेवा सम्बन्धी जानकारी हुने। |

| | |
|---|---|
| | • बेरोजगार व्यक्ति र रोजगारदातालाई जोड्ने पुलको काम गर्ने ।<br>• बेरोजगारी न्यूनिकरणमा सहयोग पुग्ने।<br>• रोजगार पोर्टल सञ्चालनमा रोजगारदातालाई दक्ष बनाई रोजगार विनिमय सेवा प्रभावकारी रुपमा सञ्चालन हुने। |

## ४. महिला उद्यमीहरुको लागि क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३६२ | २२५१२ | २ | पटक | ३०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | नेपालको संविधानले सम्मानजनक रोजगारी, उद्यमशीलताको विकास, लैङ्गिक समानता तथा महिलाको आर्थिक सशक्तीकरणलाई राज्यको दायित्वका रूपमा सुनिश्चित गरेको छ। सोही अनुरूप गण्डकी प्रदेश सरकारले महिलाको उद्यमशीलता प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना तथा आर्थिक सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। तथापि, महिला उद्यमीहरूमा व्यवसाय व्यवस्थापन, वित्तीय साक्षरता, बजार पहुँच, डिजिटल प्रविधिको उपयोग, ब्रान्डिङ तथा व्यवसाय विस्तारसम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धिको आवश्यकता रहेको छ। साथै, सरकारी निकाय, निजी क्षेत्र, वित्तीय संस्था तथा अन्य सरोकारवाला निकायबीच समन्वय र सहकार्य सुदृढ गरी महिला उद्यमीहरूको व्यवसायलाई प्रतिस्पर्धी, दिगो र रोजगारीमुखी बनाउनु आवश्यक देखिएको छ।<br><br>यसै सन्दर्भमा, आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रमअन्तर्गत महिला उद्यमीहरूको उद्यमशील क्षमता विकास, व्यवसाय व्यवस्थापन दक्षता अभिवृद्धि, बजार पहुँच विस्तार तथा आर्थिक सशक्तीकरणका लागि **"महिला उद्यमीहरूको लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम"** सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • गण्डकी प्रदेशका महिला उद्यमीहरूको व्यवसाय व्यवस्थापन, नेतृत्व तथा उद्यम सञ्चालन सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने।<br>• महिला उद्यमीहरूलाई वित्तीय साक्षरता, डिजिटल प्रविधिको प्रयोग, ब्रान्डिङ, बजारीकरण तथा व्यवसाय विस्तार सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरी उनीहरूको उद्यमलाई प्रतिस्पर्धी र दिगो बनाउन सहयोग पुऱ्याउनु।<br>• महिला उद्यमीहरूबीच अनुभव आदानप्रदान, सिकाइ, सहकार्य तथा व्यावसायिक सञ्जाल (Networking) विस्तार गरी दिगो उद्यम विकासका लागि अनुकूल वातावरण सिर्जना गर्नु। |
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• एकिकृत सेवा कार्यालयहरु<br>• उद्योग वाणिज्य महासंघ/महिला उद्यमीहरुको संघ संगठन/छाता संगठन<br>• सरोकारवाला अन्य निकाय |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • महिला उद्यमी लगायतका रोजगारदाताहरु । |

| | |
|---|---|
| | • बैदेशिक रोजगारबाट फर्कि उद्योग व्यवसाय संचालन गरेका महिलाहरु<br>• अन्य सरोकारवाला निकाय/व्यक्ति |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>  ○ आवश्यकता अनुसार सफल महिलाले सञ्चालन गरेको उद्योग/व्यवसाय अवलोकन भ्रमण, अन्तरक्रिया तथा अनुभव आदान—प्रदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ।<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • महिला उद्यमीहरूको व्यवसाय व्यवस्थापन तथा उद्यम सञ्चालन क्षमता अभिवृद्धि हुने।<br>• महिला उद्यमीहरूको वित्तीय साक्षरता, बजार पहुँच तथा डिजिटल प्रविधिको प्रयोगमा सुधार हुनेछ।<br>• महिला उद्यमीहरूको आयआर्जन, उद्यम विस्तार तथा रोजगारी सिर्जनामा सकारात्मक योगदान पुग्नेछ।<br>• महिला उद्यमीहरूको आर्थिक सशक्तीकरण, आत्मनिर्भरता तथा प्रतिस्पर्धी उद्यम विकासमा टेवा पुग्नेछ। |

## ५. रोजगार सूचना केन्द्र मार्फत रोजगारदाताहरू र बेरोजगारहरूको सुचीकृत तथा अध्यावधिक सम्बन्धी कार्य

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११२ | २.६.४.३६३ | २२५१२ | १२ | महिना | ३०० | पहिलो/दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। सोही अनुरूप गण्डकी प्रदेश सरकारले आन्तरिक रोजगारी प्रवर्द्धन, बेरोजगारी न्यूनीकरण तथा श्रम बजारलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यका साथ विभिन्न रोजगारमुखी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। रोजगार सूचना केन्द्र (Employment Information Center) श्रम बजारसँग सम्बन्धित सूचना सङ्कलन, अद्यावधिक तथा व्यवस्थापन गर्ने महत्वपूर्ण माध्यम हो। रोजगारदाताहरूको जनशक्ति आवश्यकता र रोजगारी खोजिरहेका बेरोजगार व्यक्तिहरूको विवरण नियमित रूपमा सूचीकृत तथा अद्यावधिक गर्न सकेमा रोजगार विनिमय सेवा प्रभावकारी हुने, सीप र रोजगारीबीचको अन्तर (Skills Mismatch) न्यूनीकरण हुने तथा श्रम बजारको यथार्थ अवस्था पहिचान गर्न सहज हुनेछ।<br>यसै सन्दर्भमा, आ.व. २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत रोजगार सूचना केन्द्रमार्फत रोजगारदाताहरू र बेरोजगारहरूको सूचीकृत तथा अध्यावधिक गर्ने कार्य सञ्चालन गर्न गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगारदाता तथा बेरोजगार व्यक्तिहरूको विवरण नियमित रूपमा सूचीकृत तथा अध्यावधिक गर्नु।<br>• श्रम बजार सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित, अद्यावधिक र विश्वसनीय बनाउनु।<br>• रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिबीच रोजगार विनिमय सेवालाई प्रभावकारी बनाउनु।<br>• रोजगार योजना तथा नीतिगत निर्णयका लागि आवश्यक श्रम बजार सूचना उपलब्ध गराउनु। |

| | |
|---|---|
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• एकिकृत सेवा कार्यालयहरु सबै<br>• स्थानीय तहहरु<br>• व्यावसायिक तथा सिप विकास तालिम केन्द्र<br>• अन्य सरोकारवाला निकाय/व्यक्ति |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम आवश्यकता अनुसार खाजा/खाना, अन्तरकृया/गोष्ठी संचालन, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्य सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• लगत अध्यावधिक/कार्यक्रम संचालन<br>• सूचना सङ्कलन, तथ्याङ्क अद्यावधिक, अभिमुखीकरण, समन्वय, प्रचार—प्रसार तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • रोजगारदाता तथा बेरोजगारहरूको अद्यावधिक विवरण उपलब्ध हुनेछ।<br>• रोजगार सूचना प्रणालीमा विश्वसनीय श्रम बजार तथ्याङ्क तयार हुनेछ।<br>• रोजगार विनिमय सेवा प्रभावकारी भई रोजगारीमा पहुँच सहज हुनेछ।<br>• श्रम बजार व्यवस्थापन तथा नीतिगत निर्णयमा सहयोग पुग्नेछ। |

## ६. रोजगारसँग सम्बन्धित क्रियाकलापहरुको आवधिक समिक्षा कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११२ | २.६.४.३६४ | २२५१२ | २ | पटक | १५० | तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि गण्डकी प्रदेश सरकारले रोजगार प्रवर्द्धन, श्रम बजार व्यवस्थापन तथा बेरोजगारी न्यूनीकरणका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।<br>रोजगार सूचना केन्द्रमार्फत सङ्कलन तथा अद्यावधिक गरिएका रोजगारदाता, बेरोजगार व्यक्ति, श्रम बजार, सीप विकास तथा रोजगारसँग सम्बन्धित सूचनाको प्रभावकारी उपयोगका लागि नियमित समीक्षा आवश्यक हुन्छ। यसबाट कार्यक्रमको प्रगति, चुनौती, उपलब्धि तथा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी आगामी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्दछ।<br>यसै उद्देश्यले आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत रोजगारसँग सम्बन्धित क्रियाकलापहरूको आवधिक समीक्षा कार्यक्रम सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगार सूचना केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा चुनौतीको आवधिक समीक्षा गर्नु तथा सुधारका उपायहरूको पहिचान गर्नु। |

| | |
|---|---|
| | • सम्बन्धित निकायहरूबीच सूचना आदानप्रदान, समन्वय तथा सहकार्य अभिवृद्धि गर्नु।<br>• आगामी कार्यक्रम तथा नीतिगत सुधारका लागि सुझाव संकलन गर्नु। |
| सहयोगी निकाय वा संस्थाहरु | • उद्योग, व्यवसाय तथा सेवा प्रदायक संस्थाहरू।<br>• रोजगारदाता तथा रोजगारदाता महासंघ/संघ–संस्था।<br>• तालिम प्रदायक संस्थाहरू।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरू।<br>• निजी रोजगार सेवा प्रदायक संस्थाहरू।<br>• सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरू।<br>• विकास साझेदार संस्थाहरू (आवश्यकता अनुसार) |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागिता | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• रोजगार सूचना केन्द्र<br>• व्यावसायिक तथा सिप विकास तालिम केन्द्र<br>• गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान(GTEVTA)<br>• उद्योग वाणिज्य महासंघ<br>• CTEVT<br>• आवश्यकता अनुसार अन्य संघ/संस्था तथा प्रतिनिधि |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृतिपुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • रोजगार सूचना केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा चुनौतीको आवधिक समीक्षा गर्नु तथा सुधारका उपायहरूको पहिचान हुने।<br>• सम्बन्धित निकायहरूबीच सूचना आदानप्रदान, समन्वय तथा सहकार्य अभिवृद्धि हुने।<br>• आगामी कार्यक्रम तथा नीतिगत सुधारका लागि सुझाव संकलन हुने। |

**७. रोजगार सूचना केन्द्रको रोजगार पोर्टल अध्यावधिक सम्बन्धी कार्य**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३६५ | २२५१२ | १ | पटक | १३२ | पहिलो/दोस्रो/तेस्रो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| कार्यक्रमको पृष्ठभूमि | रोजगार सूचना केन्द्रमार्फत रोजगारदाता तथा बेरोजगार व्यक्तिको विवरण व्यवस्थित रूपमा अभिलेखीकरण, अद्यावधिक तथा रोजगार विनिमय सेवा प्रवाह गर्ने उद्देश्यले रोजगार पोर्टल निर्माण सम्पन्न भइसकेको छ। पोर्टलको प्रभावकारी सञ्चालनका लागि आवश्यक सर्भर उपलब्ध हुन नसकेको तथा प्रणालीको नियमित प्राविधिक अध्यावधिक, मर्मत सम्भार र सुधार आवश्यक रहेकाले आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत | | | | | |

| | |
|---|---|
| | बजेट तथा कार्यक्रम अन्तर्गत रोजगार पोर्टल सञ्चालन तथा अध्यावधिक सम्बन्धी कार्य सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगार पोर्टल अध्यावधिक गरी नियमित रूपमा सञ्चालन गर्नु।<br>• रोजगारदाता तथा बेरोजगार व्यक्तिको विवरणलाई व्यवस्थित र अद्यावधिक राख्नु।<br>• रोजगार सूचना केन्द्रको सेवा प्रवाहलाई प्रविधिमैत्री र प्रभावकारी बनाउनु। |
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय।<br>• सूचना प्रविधि सम्बन्धी निकाय।<br>• पोर्टल निर्माण गर्ने सेवा प्रदायक कम्पनी।<br>• स्थानीय तह तथा सम्वन्धित सरोकारवाला निकायहरु। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा । |
| बजेट बाँडफाँट | • सर्भर होस्टिङ, प्रणाली अध्यावधिक, मर्मत सम्भार लगायतका कार्यमा लाग्ने प्रचलित कानून बमोजिमको खर्च |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • पोर्टल सञ्चालनका लागि आवश्यक सर्भर/होस्टिङ सेवा व्यवस्थापन गर्ने।<br>• आवश्यक प्राविधिक सुधार, सुरक्षा अद्यावधिक तथा प्रणाली परीक्षण गर्ने।<br>• आवश्यकताअनुसार सेवा प्रदायक कम्पनीबाट प्राविधिक सहयोग लिई पोर्टल सञ्चालनमा निरन्तरता दिने। |
| अपेक्षित प्रतिफल | • रोजगार पोर्टल अध्यावधिक भई नियमित रूपमा सञ्चालनमा आउने।<br>• रोजगार सम्बन्धी सूचना व्यवस्थापन हुने।<br>• रोजगारदाता तथा बेरोजगार व्यक्तिलाई रोजगार पोर्टल सेवा सहज रूपमा उपलब्ध हुने।<br>• रोजगार सूचना केन्द्रको सेवा प्रवाह थप प्रभावकारी र प्रविधिमैत्री हुने। |

**८. गण्डकी प्रदेश भित्रका उद्योग बाणिज्य महासंघ/संघहरुसँग रोजगारी सम्बन्धी कार्याशाला सञ्चालन**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३६६ | २२५१२ | २ | पटक | २०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | गण्डकी प्रदेशमा उपलब्ध रोजगारीका अवसर, उद्योग तथा व्यवसाय क्षेत्रको जनशक्ति आवश्यकता र रोजगार खोजिरहेका व्यक्तिहरूबीच प्रभावकारी समन्वय स्थापित गर्न उद्योग वाणिज्य महासंघ/संघहरूसँग सहकार्य आवश्यक रहेको छ। श्रम बजारको मागअनुसार आवश्यक जनशक्ति व्यवस्थापन, रोजगार सूचना आदानप्रदान तथा रोजगार प्रवर्द्धनका लागि आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उद्योग वाणिज्य महासंघ/संघहरूसँग रोजगारी सम्बन्धी कार्यशाला सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • उद्योग तथा व्यवसाय क्षेत्रको जनशक्ति आवश्यकता पहिचानमा सहयोग गर्ने।<br>• रोजगारदाता र प्रदेश सरकारबीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने।<br>• रोजगार सूचना केन्द्रको सेवा तथा रोजगार पोर्टलको उपयोग प्रवर्द्धन गर्ने। |

| | |
|---|---|
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला उद्योग वाणिज्य संघहरू।<br>• रोजगारदाता तथा निजी क्षेत्रका उद्योग/प्रतिष्ठानहरू।<br>• सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरू। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकाय | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा । |
| सहभागीहरु | • उद्योग वाणिज्य महासंघ/संघका प्रतिनिधिहरू।<br>• उद्योग तथा व्यवसायीहरू।<br>• अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू। |
| बजेट बाँडफाँट | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/गोष्ठी संचालन, व्यवस्थापक, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/कार्यालय सहयोगी, इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • उद्योग तथा व्यवसाय क्षेत्रसँग प्रभावकारी समन्वय स्थापित हुने।<br>• रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच पहुँच विस्तार हुने।<br>• रोजगार सूचना केन्द्र तथा रोजगार पोर्टलको प्रभावकारी उपयोग बढ्ने।<br>• गण्डकी प्रदेशमा आन्तरिक रोजगारी प्रवर्द्धन तथा रोजगार सिर्जनामा सकारात्मक योगदान पुग्ने। |

**९. रोजगार सूचना केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई कृतिम बुद्धिमता (AI) सम्बन्धी क्षमता विकास तालिम**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००९२ | २.६.४.३६७ | २२५१२ | २ | पटक | ४५० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | सूचना प्रविधिको तीव्र विकाससँगै कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence-AI) को प्रयोग सार्वजनिक तथा निजी क्षेत्रमा निरन्तर बढ्दै गएको छ। श्रम बजारमा आवश्यक डिजिटल तथा AI सम्बन्धी सीप विकास गरी सूचीकृत व्यक्तिहरूको रोजगारी योग्यता (Employability) अभिवृद्धि गर्ने तथा स्वरोजगारका अवसरसमेत सिर्जना गर्ने उद्देश्यले आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रम सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगार सूचना केन्द्रमा सूचीकृत व्यक्तिहरूको AI तथा डिजिटल सीप विकास गरी रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्नु।<br>• श्रम बजारको मागअनुसार प्राविधिक तथा दक्ष जनशक्ति उत्पादन गर्नु।<br>• डिजिटल प्रविधिको सुरक्षित तथा प्रभावकारी प्रयोगमा सचेतना अभिवृद्धि गर्नु। |

| | |
|---|---|
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय।<br>• स्थानीय तह<br>• सूचना प्रविधि तथा AI सम्बन्धी तालिम प्रदायक संस्थाहरू।<br>• साझेदार संस्थाहरू (आवश्यकताअनुसार)। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा । |
| सहभागीहरु | • रोजगार सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम सूचीकृत नेपाली नागरिक।<br>○ १८ वर्ष पूरा भई न्यूनतम कक्षा १२ (वा सो सरह) उत्तीर्ण भएको हुनुपर्ने।<br>○ कम्प्युटर तथा इन्टरनेट प्रयोगको आधारभूत ज्ञान भएको ।<br>○ तालिम अवधि भर नियमित रूपमा सहभागी हुने प्रतिबद्धता जनाएको। |
| बजेट बाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार तालिम सञ्चालन लगायतका खर्च। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पूर्व तयारी<br>• सूचना प्रकाशन<br>• सहभागी छनौट (अन्तरवार्ताको आधारमा)<br>• कार्यक्रम संचालन गरिने स्थान, मिति चयन<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • सूचीकृत व्यक्तिहरूको AI तथा डिजिटल सीप विकास हुने।<br>• रोजगार तथा स्वरोजगारको अवसर प्राप्त गर्न प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने।<br>• गण्डकी प्रदेशमा डिजिटल अर्थतन्त्र तथा रोजगारी प्रवर्द्धनका कार्यमा टेवा पुग्ने। |

**१०. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको पुनःएकीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.६.३२ | २२५१२ | ३ | पटक | ४०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारीमा जानेहरुसँगै फर्किनेहरुको क्रम पनि उत्तिकै छ। बैदेशिक रोजगारीको क्रममा विदेशी संस्कृतीको प्रभाव परको तथा विभिन्न कारणबाट पारिवारिक वेमेल भएको तथा स्वदेशको सामाजिक परिवेशमा घुलमिलमा कमि आउनसक्ने समस्या समाधानको **बैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको पुनएकीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम** सञ्चालन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई समाजमा पुनःएकीकरणमा सहयोग र सहजिकरण गर्ने,<br>• रिटर्नि आप्रवासीलाई सामाजिक अन्तरघुलनमा सहयोग पुर्याउने।<br>• बैदेशिक रोजगार गरी फर्केका युवाहरुले विदेशमा प्राप्त गरेको ज्ञान, सीप र अनुभव उपयोग गरी स्वदेशमै उद्यमशील, रोजगार तथा स्वरोजगार बन्ने वातावरण तयार पार्ने। |

| | |
|---|---|
| सहयोगी निकाय वा संस्थाहरु | • सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय<br>• एकिकृत सेवा कार्यालयहरु<br>• आप्रबासी श्रमिक सञ्जाल तथा संघ संगठन<br>• वैदेशिक रोजगारसँग सम्बन्धित निकाय/संस्थाका प्रतिनिधि<br>• अन्य सरोकारवाला निकाय/व्यक्ति |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • आप्रबासी श्रमिक सञ्जालमा आबद्ध पदाधिकारी/ सदस्यहरु ।<br>• बैदेशिक रोजगारबाट फर्केका व्यक्ति तथा तिनका परिवारका सदस्य।<br>• सरोकारवाला निकायका प्रतिनिधि |
| बजेट वाँडफाँड | • गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, तालिम/अन्तरकृया/अभिमूखिकरण संचालन, व्यवस्थापक, प्रशिक्षक खर्च, दैनिक भ्रमण भत्ता, सहभागी यातायात, स्टेशनरी, प्रतिवेदन/संयोजक/ इन्धन लगायतका विविध खर्चहरु। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पूर्व तयारी<br>• कार्यक्रम संचालन<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • बैदेशिक रोजगारबाट फर्किएकाहरुलाई समाजमा पुनःएकीकरणमा सहयोग र सहजिकरण हुने,<br>• रिटर्नि आप्रवासीलाई सामाजिक अन्तरघुलनमा सहयोग पुग्ने।<br>• बैदेशिक रोजगार गरि फर्केका युवाहरुले स्वदेशमै रोजगार तथा स्वरोजगार बन्ने अबसर प्राप्त गर्ने। |

**११. मेला महोत्सव/रोजगार मेलाहरुमा रोजगार सूचना केन्द्रको सूचनामूलक स्टल सञ्चालन तथा व्यवस्थापन**

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.७.५.१८३ | २२५२२ | ३ | पटक | १३० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| कार्यक्रमको पृष्ठभूमि | गण्डकी प्रदेशमा आयोजना हुने मेला महोत्सव तथा रोजगार मेलाहरूलाई रोजगारीसम्बन्धी सूचना प्रवाह, रोजगारदाता तथा रोजगारी खोज्ने व्यक्तिबीच समन्वय गर्ने अवसरका रूपमा उपयोग गर्न आवश्यक रहेको। रोजगार सूचना केन्द्रका सेवा, रोजगार पोर्टल, रोजगारदाता तथा बेरोजगार व्यक्तिको सूचीकृत प्रक्रिया र उपलब्ध अवसरबारे जानकारी प्रवाह गर्न बेला बेलामा संचालन हुने रोजगार मेला तथा मेला महोत्सवमा सूचनामूलक स्टल सञ्चालन तथा व्यवस्थापन गर्न गण्डकी प्रदेशको **"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड तयार गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | • रोजगार सूचना केन्द्रका सेवा तथा कार्यक्रमबारे जानकारी गराउनु।<br>• रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा पहुँच विस्तार गर्नु।<br>• रोजगार पोर्टलमा सूचीकृत हुने प्रक्रियाबारे जानकारी प्रदान गर्नु।<br>• रोजगारी सम्बन्धी सूचना तथा अवसरको प्रचारप्रसार गर्नु।<br>• श्रमबजारमा आवश्यक पर्ने रोजगारको बारेमा जानकारी गराउनु ।<br>• बिभिन्न सिपमुलक तालिमका अबसरहरुको बारेमा जानकारी गराउने।<br>• सुरक्षित बैदेशिक रोजगारी बारेमा जानकारी गराउने । |

| | |
|---|---|
| | • मन्त्रालयबाट संचालन हुने श्रम र रोजगार कार्यक्रमहरुको जानकारी गराउने,आदी । |
| सहयोगी निकाय वा संस्थाहरु | • मेला/महोत्सव आयोजक संस्था, उद्योग वाणिज्य संघ/महासंघ<br>• रोजगारदाता तथा निजी क्षेत्रका संस्थाहरू<br>• स्थानीय तहहरू र सम्बन्धित सरकारी निकायहरू। |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | • रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | • रोजगार सूचना केन्द्रका कर्मचारीहरू।<br>• मेला/महोत्सवका आयोजक तथा व्यवस्थापकहरू।<br>• रोजगारदाता तथा व्यवसायीहरू।<br>• रोजगारी खोजिरहेका व्यक्ति तथा सर्वसाधारण। |
| बजेट बाँडफाँड | • स्वीकृत बजेटको सीमाभित्र रही प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड बमोजिम स्टल व्यवस्थापन, सूचना सामग्री, प्रचार–प्रसार सामग्री, यातायात, स्टेशनरी, सशुल्क स्वयंसेवक व्यवस्थापन तथा अन्य आवश्यक खर्चमा रकम प्रयोग गर्न सकिनेछ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | • कार्यक्रम प्रस्ताव स्वीकृति<br>• पुर्व तयारी<br>• कार्यक्रम संचालन<br>○ सम्बन्धित मेला/महोत्सव आयोजकसँग समन्वय गरी स्टल सञ्चालनको व्यवस्था गर्ने।<br>○ रोजगार सूचना केन्द्रका सेवा, रोजगार पोर्टल तथा रोजगारीसम्बन्धी सूचनाको प्रचार–प्रसार गर्ने।<br>○ रोजगारदाता तथा बेरोजगार व्यक्तिलाई आवश्यक जानकारी तथा सहजीकरण प्रदान गर्ने।<br>○ इच्छुक व्यक्तिहरूलाई रोजगार सूचना केन्द्रमा सूचीकृत हुन सहजीकरण गर्ने।<br>○ सुरक्षित बैदेशिक रोजगारी बारेमा जानकारी गराउने ।<br>○ कार्यक्रमको प्रगति तथा उपलब्धिको अभिलेख राख्ने।<br>○ बिभिन्न रोजगारका बारेमा जानकारी गराउने तथा बेरोजगार ब्यक्तिहरुको लागि रोजगारदातासँगको समन्वयमा रोजगार उपलब्ध गराउने/रोजगारीमा जोड्ने।<br>○ समान प्रकृतिका संस्थाहरुको सहकार्यमा एकिकृत स्टल समेत राख्ने।<br>• प्रतिवेदन तयारी/भुक्तानी |
| अपेक्षित प्रतिफल | • रोजगार सूचना केन्द्रका सेवा र रोजगार अवसरसम्बन्धी जानकारीको पहुँच विस्तार भई रोजगारदाता तथा बेरोजगार व्यक्तिबीच समन्वय अभिवृद्धि हुने र रोजगार सूचना प्रणाली थप प्रभावकारी हुने। रोजगारीका अवसर प्राप्त गर्न सहजीकरण हुने । |

## १०. एकीकृत सेवा कार्यालयहरू

### क. सामाजिक विकास तर्फः

### १. आपत्कालिन उद्धार कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २२ | प्रथम, दोस्रो, तेस्रो र चौथो |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्प संख्यक समुदायका व्यक्तिहरुलाई तत्काल उद्धार, औषधी उपचार, मनोसामाजिक परामर्श, राहत, शिक्षा, लगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्ने तथा सडक मानव व्यवस्थापन तथा उद्धार कार्यमा पीडित तथा प्रभावितहरुको स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन समेतका आधारमा रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ। | | |
| कार्यक्रमको उद्देश्य | विभिन्न कारणले जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको तत्काल उद्धार र संरक्षणमा सहयोग गर्नु, | | |
| कार्य जिम्मेवारी | एकिकृत सेवा कार्यालय | | |
| बजेट बाँडफाँट | वैठक भत्ता तथा अनुसूची-४९ मा उल्लिखित मापदण्ड बमोजिम खर्चहरु | | |
| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | • कार्यालयको वेवसाइट/सूचना पाटी मार्फत सूचना प्रकाशन<br>• आपत्कालिन उद्धार कार्यमा सहयोग उपलब्ध गराउनका लागि देहायको समिति गठन गरिनेछः<br>क) प्रमुख, एकिकृत सेवा कार्यालय - संयोजक<br>ख) प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जि.प्रहरी कार्यालय - सदस्य<br>ग) सम्वन्धित शाखा प्रमुख, एकिकृत सेवा कार्यालय - सदस्य-सचिव<br>• प्राप्त निवदेन उपर वैठक संचालन गरी निर्णय गर्ने ।<br>• प्राप्त निवेदनका आधारमा अनुसूची-४९ मा उल्लेखित मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने<br>• आवश्यक अन्य सेवा उपलव्ध गराउन सिफारिस गर्ने (मनोविमर्श परामर्श कानुनी सहायता अल्पकालीन र दीर्घकालीन संरक्षण)<br>• रकम उपलब्ध गराउने<br>• प्रतिवेदन तयार गर्ने । | | |
| प्रगति सूचक | • प्रतिजिल्ला कम्तिमा २ जना जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको तत्काल उद्धार र संरक्षणमा सहयोग पुगेको हुने । | | |

### २. महिला, बाल, ज्येष्ठ नागरिक, अपाङ्गता आदि दिवसीय कार्यक्रम सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | वटा | ५५ | पहिलो, दोस्रो, तेस्रो र चौथो |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित लगायतका वर्गहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवसीय तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन लागिएको हो। | | |
| कार्यक्रमको उद्देश्य | सामाजिक जागरण तथा सचेतना अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानका कार्यक्रमहरु संचालन गर्नु। | | |
| कार्य जिम्मेबारी | एकीकृत सेवा कार्यालय | | |
| बजेट बाँडफाँड | विभिन्न दिवसिय कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी खर्चहरु | | |

| | |
|---|---|
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • चालु आर्थिक बर्षमा मनाइने दिवसहरुको मिति सहितको सूची तयार<br>• सरोकारवालाहरुसँग समन्वयात्मक वैठक<br>• प्रत्येक दिवसको लागि कार्यक्रमको प्रारुप तय गर्ने<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन<br>• समिक्षा तथा प्रतिवेदन |
| प्रगति सूचक | प्रति जिल्ला कम्तिमा ५ वटा दिवसहरु सम्पन्न भएको हुने । |

### ३. किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | चौमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २७५ | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | किशोरीहरु माथि हुन सक्ने विभिन्न खालका हिंसाजन्य कार्यहरुको न्यूनिकरण गर्न जीवनोपयोगी स्वास्थ्य र शारीरिक अभ्यास मार्फत किशोरीहरुमा आत्मविश्वास बढाउने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| कार्यक्रमको उद्देश्य | • किशोरीहरु माथि हुन सक्ने हिंसा विरुद्ध आत्मरक्षा सम्बन्धी तालिम प्रदान गर्नु।<br>• आत्मविश्वासयुक्त किशोरी तयार गर्नु । |
| कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी सम्पूर्ण खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • जिल्ला प्रहरी कार्यालय तथा अन्य सरोकारवालासँग समन्वय वैठक।<br>• तालिम संचालनको प्रारुप तयार<br>• विद्यालयमा आधारित स्थान छनौट<br>• किशोरी समूहहरु परिचालन गर्न सकिने<br>• तालिमका सहभागी,तालिम सञ्चालन हुने मिति, प्रशिक्षक र विषयवस्तु एकिन गर्ने<br>• तालिम संचालन, प्रतिवेदन तथा भुक्तानी |
| प्रगति सूचक | प्रतिजिल्ला कम्तिमा २५ जना किशोरीहरुमा आफू माथि हुन सक्ने हिंसा विरुद्ध प्रतिरक्षा गर्न सक्ने क्षमता विकास भएको हुने। |

### ४. सामाजिक कुरीति विरुद्ध अभियान संचालन (लैङ्गिक हिंसा, बालविवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरण)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २२०० | दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | समाजमा विभिन्न खालका सामाजिक कुरीति, जातीय विभेद, लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार जस्ता गलत अभ्यासले सामाजिक विकासमा अवरोध खडा गर्नुका साथै समाजमा अशान्तिको अवस्था सृजना गर्दछ। यसले महिलाहरुको सशक्तीकरण तथा विकासमा प्रत्यक्ष असर पार्नुका साथै लैङ्गिक समानता हासिल गर्न अवरोध सृजना गर्ने हुँदा समयमै यसको रोकथाम गर्नका लागि स्थानीय तहसँगको समन्वयमा संचालन गर्ने गरी यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | परम्परागत हानीकारक अभ्यासहरु न्यूनिकरणमा सहयोग पु-याउनु । |

| | |
|---|---|
| कार्य जिम्मेबारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | क्रियाकलापसँग सम्बन्धित खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • स्थानीय तह/प्रहरी/विद्यालय/सरोकारवालाहरुसँग समन्वय वैठक<br>• जिल्लाको आवश्यकतानुसार कार्यक्रम पहिचान<br>• स्थानीय तह, प्रहरी, विद्यालय, बालक्लब, महिला समूह, समिति, संस्थाको सहयोगमा सचेतना कार्यक्रम संचालन गर्ने । |
| प्रगति सूचक | प्रतिजिल्ला कम्तिमा २०० जना यस अभियानबाट लाभान्वित भएका हुने । |

## ५. जिल्लास्तरमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय वैठक

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | दोस्रो /तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | स्थानीय तह, प्राज्ञिक निकाय तथा जिल्लास्तरमा क्रियाशील रहेका संघ संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको जानकारी लिई आवश्यकता र प्राथमिकताको क्षेत्रमा सामाजिक संस्थाहरुसँग समन्वय तथा परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • जिल्लाभित्रका गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गर्ने<br>• उद्देश्य र क्रियाकलापहरुको बीचमा एकरुपता ल्याई सामाजिक विकास तर्फका कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्न । |
| कार्य जिम्मेबारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पुर्ण खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • कार्यक्रमको प्रारुप तयार<br>• समन्वय बैठक सञ्चालन |
| प्रगति सूचक | कम्तिमा ११ वटा स्थानीय तह र गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई जिल्ला/प्रदेशका नीति, योजना तथा कार्यक्रमसँग आबद्ध गराउने वातावरण तयार हुने । |

## ६. जिल्ला बाल अधिकार समिति र जिल्ला बालसञ्जालको बैठक सञ्चालन तथा परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | पहिलो, दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | जिल्ला बाल अधिकार समिति तथा जिल्ला बालक्लब सञ्जालका सदस्यहरुको नियमित वैठक संचालन र जिल्ला बाल अधिकार समितिहरुको परिचालन मार्फत बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपायहरु सहित भावी रणनीतिहरु समेत तय गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • जिल्ला बाल अधिकार समिति र जिल्ला स्तरीय बालक्लव सञ्जालको बैठक संचालन गर्नु ।<br>• बालअधिकार प्रर्वधनमा सहयोग पुऱ्याउनु । |
| कार्यजिम्मेबारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँड | बैठक भत्ता, यातायात खर्च र बैठक सञ्चालन सम्बन्धी सम्पूर्ण खर्च |

| | |
|---|---|
| क्रियाकलाप र कार्यान्वयन प्रकृया | • जिल्ला बाल अधिकार समिति र जिल्ला स्तरीय बालक्लव सञ्जालको वैठक सञ्चालन<br>• जिल्ला बाल अधिकार समितिलाई बालअधिकार प्रवर्द्धनका लागि परिचालन<br>• गण्डकी प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ तथा नियमावली, २०८३ व्यवस्था भएका आवश्यक कार्यहरु गर्ने |
| प्रगति सूचक | प्रति जिल्ला ३/३ वटा समितिका बैठक सञ्चालन हुने र न्युनतम १\१ वटा परिचालन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने । |

## ७. जिल्ला बाल क्लब सञ्जाल पुनर्गठन

| खर्च शीर्षक | इकाई | लक्ष्य | चौमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन २०७८ मा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि जिल्लास्तरमा गठित जिल्ला बाल सञ्जालको कार्यकाल सकिए पश्चात् नयाँ सञ्जाल गठन तथा परिचालन गरी बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो । |
| कार्यक्रमको उद्देश्य | • जिल्ला बाल सञ्जालको पुनर्गठन गर्ने ।<br>• प्रदेश बाल परिषद्का लागि प्रतिनिधि छनौट गरी पठाउने ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुऱ्याउने । |
| कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | • कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च । |
| सञ्चालन गरिने क्रियाकलाप | • गण्डकी प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ बमोजिमका कार्यहरु गर्ने<br>• स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य<br>• स्थानीय तहमा गठित स्थानीय बाल संजाल/क्लवबाट जिल्ला बाल सञ्जालको लागि बालबालिका छनौट गरी पठाउन अनुरोध ।<br>• जिल्ला बाल सञ्जाल पुनर्गठनको लागि स्थान, मिति र समय तय<br>• जिल्ला बाल सञ्जाल पुनर्गठनको लागि आवश्यक तयारी<br>• छनौट भएका बालबालिकाहरुको भेला ।<br>• जिल्ला बाल सञ्जाल पुनर्गठन (२०८३ असोज १५ गतेभित्र सम्पन्न गर्ने) तथा अभिमुखिकरण<br>• भेलाले प्रदेश बाल परिषद्मा प्रतिनिधित्व गर्नको लागि बालबालिकाहरुको छनौट गरि मन्त्रालयलाई सिफारिस।<br>• प्रतिवेदन तथा भुक्तानी । |
| प्रगति सूचक | • जिल्ला बाल सञ्जालको पुनर्गठन हुने ।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुगेको हुने । |

८. **ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव अन्तर पुस्ता हस्तान्तरण सम्बन्धी कार्यक्रम**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | ५५० | दोस्रो, तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप, कला, संस्कार, संस्कृति नयाँ पुस्तामा पुस्तान्तरण गर्नुका साथै असल परम्परा, लोक संस्कृति, सभ्यता र रहन सहन एवं ज्येष्ठ नागरिक प्रति श्रद्धा, सम्मानका साथ वर्तमान पुस्ताको कर्तव्य बोध गराउने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, कला, संस्कृति र परम्परा पछिल्लो पुस्तामा हस्तान्तरण गर्नु |
| कार्य जिम्मेबारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँड | कार्यक्रम संचालन तथा व्यवस्थापन गर्दा लाग्ने सम्पूर्ण खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सरोकारवालाहरुसँग समन्वय<br>• आवश्यकता अनुसार गण्डकी प्रज्ञा प्रतिष्ठानसँग समेत सहकार्य गरेर कार्यक्रम सञ्चालन गर्ने<br>• जिल्लाको आवश्यकता अनुसार कार्यक्रमको प्रारुप तयार<br>• कार्यक्रम सञ्चालन |
| प्रगति सूचक | प्रतिजिल्ला कम्तिमा ५० जनामा अन्तरपुस्ता सीप हस्तान्तरण भएको हुनेछ । |

९. **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | २५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्राष्ट्रिय स्तरमा मनाउने सन्दर्भमा गण्डकी प्रदेशका ११ जिल्लाहरुमा १६ दिने अभियानको अवधिभर विविध सचेतनामूलक क्रियाकलापहरु संचालन गरी लैङ्गिक हिंसा विरुद्ध ऐक्यवद्धताको आव्हानका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धि गर्नु । |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्दा लाग्ने सम्पूर्ण खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • जिल्ला प्रशासन, नेपाल प्रहरी, स्थानीय तह, जिल्ला समन्वय समिति, सरोकारवाला संघ संस्थाहरुसँग समन्वय र सहकार्य<br>• जिल्लाको आवश्यकता अनुसार कार्यक्रम पहिचान तथा प्रारुप तयार<br>• कार्यक्रम सञ्चालन<br>कार्यक्रम सञ्चालनको लागि परिचालन गर्न सकिने समूहहरु<br>• स्थानीय तहहरु, बालक्लब, किशोरी संजाल, युवाक्लब, आमा समूह, टोल विकास संस्था, बाबा समूह, महिला समूह, महिला सहकारी संस्था, सामाजिक संघ संस्था, जिल्ला बाल अधिकार समिति, सरकारी तथा गैर सरकारी निकायहरु । |
| प्रगति सूचक | प्रतिजिल्ला कम्तिमा ५०० जना लाभान्वित हुने । |

## १०. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई संचालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | संख्या | २२ | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुलाई आपसमा भेटघाट, अनुभव आदानप्रदान, भावनात्मक साथ, मनोरञ्जन केन्द्र तथा अन्तरपुस्ता ज्ञान सीप हस्तान्तरण केन्द्रका रुपमा दिवा सेवा केन्द्रलाई विकास गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | • ज्येष्ठ नागरिकहरुको आत्मसम्मानको वृद्धि मार्फत जीवन प्रतिको सकारात्मक दृष्टिकोण विकास गर्नु ।<br>• अन्तरपुस्ता ज्ञान सीप अनुभव आदानप्रदान केन्द्रको रुपमा विकास गर्नु। |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | क्रियाकलापसँग सम्बन्धित खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • अनुसूची-५० बमोजिमको ढाँचामा प्रस्ताव आव्हान<br>• प्रस्ताव मूल्यांकन छनौट तथा सिफारिस समिति<br>• संयोजकः कार्यालय प्रमुख, कार्यालय<br>• सदस्यः अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय<br>• सदस्यः लेखा प्रमुख, कार्यालय<br>• सदस्य सचिवः सम्बन्धित क्षेत्र हेर्ने शाखा प्रमुख, कार्यालय<br>• समितिले अनुसूची-५१ बमोजिमका आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्नेछ ।<br>• छनौट, अभिमुखिकरण तथा सम्झौता<br>• ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन गरेका संस्थालाई केन्द्र संचालनका लागि आवश्यक सामग्रीहरु जस्तैः भवनको लागि कार्पेट/गुन्द्री, कुर्ची टेवल, भजन किर्तनका लागि आवश्यक वाद्यवादनका सामग्री, पंखा, इन्टरनेट जडान, टिभी, स्पिकर, आवश्यक भाँडाकुँडा, चुलो तथा सिलिण्डर, वाटर डिस्पेन्सर, स्वास्थ्य सामाग्री, खाद्यान्न सामग्रीहरु इत्यादी खरिद तथा व्यवस्थापनको लागि अनुगमन गरी आवश्यकताका आधारमा बढिमा एक लाख रुपैयाँ सम्म अनुदान सहयोग उपलब्ध गराउने।<br>• कार्यालयले उपलब्ध गराएको अनुदानको शिर्षक र रकम सुचना पाटी बनाई केन्द्रमा टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br>• कार्यालयले कार्तिक मसान्त भित्र छनौट भएका संस्थाहरुसँग सम्झौता गरिसक्नुपर्नेछ । |
| प्रगति सूचक | प्रतिजिल्ला कम्तिमा २ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनमा सहयोग पुगेको हुने । |

## ११. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR-९ जिल्ला)

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | १३५ | पहिलो/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नेपालको संविधान तथा प्रचलित कानून बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, प्रर्वद्धन र अधिकारको सुनिश्चित गर्दै उनीहरुको जीवनलाई सहज र सम्मानित तुल्याउन परिवार र समुदायमै सम्मानपूर्ण पुनर्स्थापना गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ । |
| कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनर्स्थापना गर्नु । |

| | |
|---|---|
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्दा लाग्ने सम्पूर्ण खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | <u>सञ्चालन गर्न सकिने क्रियाकलापहरुः</u><br>• संस्थाहरुसँग समन्वय बैठक<br>• (कास्की जिल्लाको हकमा बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात तथा डाउन सिन्ड्रोम भएका व्यक्ति वा अभिभावकको लागि मागमा आधारित सिपमूलक तालिम सञ्चालन<br>• कार्यालयले तालिम सञ्चालनका लागि व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरुसँग समेत आवश्यक समन्वय गर्न सक्नेछ।<br>**<u>अन्य जिल्लाको हकमा</u>**<br>• हेरचाह र शिक्षण सिकाइ सहयोग अन्तर्गत बालबालिकाको हेरचाह र शिक्षण सिकाइको व्यवस्थापन गर्न अभिभावक वा संरक्षकको लागि अनुदान सहयोग एवम् आवश्यक पर्ने शिक्षण सामग्री व्यवस्थापनको लागि स्थानीय तहबाट आर्थिक अवस्था कमजोर भएको सिफारिस, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै सम्बन्धित बालबालिकाले प्राप्त गरेको अपाङ्गता परिचय पत्रको आधारमा प्रति परिवार प्रतिमहिना अधिकतम रु ३,०००।(तीन हजार रुपैया मात्र) हेरचाह र शिक्षण सिकाई सहयोग स्वरुप उपलब्ध गराउन सकिने<br>• कार्यालयले सूचना प्रकाशन गरी हेरचाह र शिक्षण सिकाइ सहयोग आवश्यक पर्ने परिवारको तथ्याङ्क स्थानीय तहमार्फत संकलन गर्नुपर्नेछ ।<br>• प्राप्त निवेदनहरुको मूल्याङ्कन, छनौट तथा हेरचाह र शिक्षण सिकाई सहयोग रकम सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ ।<br>क) प्रमुख, एकिकृत सेवा कार्यालय -संयोजक<br>ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य<br>ग) मेडिकल अधिकृत, जिल्लास्थित प्रदेश अस्पताल - सदस्य<br>घ) जिल्लास्थित राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशको प्रतिनिधि - सदस्य<br>ङ) सम्बन्धित शाखा प्रमुख, कार्यालय -सदस्य सचिव<br>• कार्यक्रम कार्यान्वयन सम्बन्धी अन्य विषय कार्यालयले तय गर्न सक्नेछ । |
| प्रगति सूचक | बौद्धिक अपाङ्गता, अटिज्म, मस्तिष्क पक्षघात तथा डाउन सिन्ड्रोम भएका बालबालिकाका अभिभावकले हेरचाह तथा शिक्षण सहयोग र सिपमूलक तालिम प्राप्त गरेका हुने । |

### १२. स्थानीय तहको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ८ | पहिलो, दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाहरुबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितहरुलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन अल्पकालीन आश्रय सहितको सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न आवश्यक देखिएकोले यो कार्यक्रमलाई निरन्तरता दिन लागिएको हो । |
| कार्यक्रमको उद्देश्य | लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको महिला तथा बालिकाहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना गर्ने । |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय |
| बजेट बाँडफाँट | • लमजुङ जिल्लाको लागि नपुग रकम रु २०००००।(दुई लाख) र गोरखा जिल्लाको लागि नपुग रकम रु ३०००००।(तीन लाख) गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्रको लागि विनियोजित रकम मध्येबाट व्यवस्थापन गरिने । |

| | |
|---|---|
| | • प्रदेश सरकारबाट स्वीकृत हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ मा तोकिएका लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना सम्बन्धी खर्चहरु, सेवा केन्द्र संचालन तथा व्यवस्थापन र प्रचार प्रसार खर्चहरु। |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | क्रियाकलाप<br>• लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरुको महिला तथा बालिकाहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापना<br>• जनशक्ति तथा कार्यालय संचालन र व्यवस्थापन<br>• प्रचार प्रसार<br>कार्यान्वयन प्रकृया<br>• सेवा केन्द्र संचालन तथा व्यवस्थापन समितिको वैठकबाट खर्चका शीर्षक तथा खर्च रकम निर्धारण र अनुमोदन<br>• जिल्लाका सवै स्थानीय तहहरुसँग समन्वय<br>• प्रगति प्रतिवेदनका आधारमा भुक्तानी |
| प्रगति सूचक | म्याग्दी, पर्वत, बाग्लुङ, तनहुँ, लमजुङ, नवलपुर, स्याङ्जा र गोरखा जिल्लामा संचालित अल्पकालिन आश्रय सेवा केन्द्रहरुबाट निरन्तर सेवा संचालन भएको हुने । |

**१३. सञ्चालित ज्येष्ठ नागरिक आश्रमहरुलाई संचालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ६ | पहिलो र दोस्रो त्रैमासिक |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | ज्येष्ठ नागरिकहरुलाई सहज, मर्यादित तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रमको संचालन उपलब्ध गराउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ। | | |
| कार्यक्रमको उद्देश्य | आश्रित ज्येष्ठ नागरिकहरुको सम्मानपूर्ण जीवनयापनमा सहजता ल्याउनु | | |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय | | |
| बजेट बाँडफाँट | क्रियाकलाप बमोजिमका खर्चहरु | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • अनुसूची-५२ बमोजिमको ढाँचामा प्रस्ताव आव्हान<br>**प्रस्ताव मुल्याङ्कन छनौट तथा सिफारिस समिति**<br>क) कार्यालय प्रमुख, कार्यालय - संयोजक<br>ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य<br>ग) लेखा प्रमुख, कार्यालय - सदस्य<br>घ) सम्बन्धित क्षेत्र हेर्ने शाखा प्रमुख, कार्यालय - सदस्य सचिव<br>समितिले अनुसूची-५३ बमोजिमका आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्नेछ ।<br>• अभिमुखीकरण तथा सम्झौता<br>• ज्येष्ठ नागरिक आश्रम सञ्चालन गरेका संस्थाहरुका लागि आवश्यक सामग्रीहरु (खाद्यान्न, लत्ताकपडा, स्वास्थ्योपचार तथा अत्यावश्यक सामाग्रीहरु जस्तै- वासिङ मेशिन, वाटर डिस्पेन्सर, पंखा, भाँडाकुँडा इत्यादी) सहयोग उपलब्ध गराउने ।<br>• कार्यालयले उपलब्ध गराएको अनुदानको शिर्षक र रकम सुचना पाटी बनाई केन्द्रमा टाँस्ने व्यवस्था मिलाउनु पर्नेछ। | | |
| प्रगति सूचक | • प्रतिजिल्ला कम्तिमा २ वटा ज्येष्ठ नागरिक आश्रम संचालनमा सहयोग पुगेको हुने । | | |

**१४.सडक मानव पहिचान तथा व्यवस्थापनका लागि मानव सेवा आश्रमलाई अनुदान (बाग्लुङ, गोरखा, कास्की र लमजुङ)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जना | ३५० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गण्डकी प्रदेश घोषणा पश्चात् सडकमा रहने वेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्दै आश्रितहरुको उचित संरक्षण र व्यवस्थापनका लागि सम्बन्धित संस्थालाई संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ । |
| कार्यक्रमको उद्देश्य | सहयोगापेक्षी सडक आश्रितहरुको उद्धार, राहत, संरक्षण तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउनु। |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय कास्की/ बाग्लुङ/ गोरखा/ लमजुङ |
| बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि लाग्ने खर्च ।(मानव सेवा आश्रमसँग भएको सम्झौता बमोजिम आश्रितहरुको लागि प्रतिव्यक्ति प्रतिदिन रु १०० का दरले लाग्ने खर्च) |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • मानव सेवा आश्रमसँग कार्यक्रम संचालनका लागि लाग्ने अनुमानित लागत सहितको विस्तृत विवरण माग<br>• मानव सेवा आश्रमसँग २०७८/०७/०९ गते भएको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन<br>• २०८३ श्रावण १ गते देखि कार्यान्वयन हुने गरी क्रियाकलाप सञ्चालन ।<br>• कार्यक्रम सञ्चालन सम्बन्धी अन्य विषय कार्यालयले थप गर्न सक्नेछ । |
| प्रगति सूचक | कुल ३५० जना सहयोगापेक्षी सडक आश्रित मानवको संरक्षणमा सहयोग पुगेको हुनेछ। |

**१५. बाल हेल्पलाइन कास्कीलाई संचालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | प्रथम/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरु व्यवस्थापनमा चौविसै घण्टा सुरक्षा कवचको रुपमा रही आपत्कालिन/आकस्मिक उद्धार एवं संरक्षणका लागि काम गर्ने बाल हेल्पलाइन सेवा १०९८ सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | बालहेल्पलाइन कास्की मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरुमा सहयोग पुऱ्याउनु । |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय, कास्की र सिबिन नेपाल कास्की । |
| बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च । |
| सञ्चालन गरिने क्रियाकलाप | • सम्बन्धित संस्थासँग समन्वय बैठक<br>• संचालन गर्ने कार्यक्रमको अनुमानित रकम समेत खुल्ने विस्तृत विवरण सहितको प्रस्ताव माग<br>• प्राप्त कागजात समेतका आधारमा सम्बन्धित संस्थासँग सम्झौता तथा कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | जोखिममा परेका बालबालिकाको उद्धार, राहात, मनोविमर्श, परामर्श, अल्पकालिन आश्रय एवं संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापनामा सहयोग पुगेको हुने । |

**१६. पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हेरचाहका लागि संचालित दिवा स्याहार केन्द्रलाई अनुदान (४ जिल्ला)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | ४ | प्रथम/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको दिवा सेवा मार्फत संरक्षण, स्याहार, आवश्यक तालिम तथा थेरापी लगायतका क्रियाकलाप मार्फत उनीहरुको दैनिक जीवनयापनलाई सहज बनाउनका लागि संचालनमा रहेका दिवा सेवा केन्द्रहरुलाई सञ्चालन अनुदान प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता (बौद्धिक अपाङ्गता, अटिजम, मस्तिष्क पक्षघात, डाउन सिन्ड्रोम) भएका व्यक्तिहरुको हेरचाहका लागि सञ्चालित दिवा स्याहार केन्द्रलाई सहायता प्रदान गर्नु । |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय कास्की, स्याङ्जा, नवलपुर र बाग्लुङ । |
| बजेट बाँडफाँट | दिवा खाजा, थेरापी र प्रशिक्षण तथा हेरविचार सामग्री, आवश्यकता अनुसार तालिम संचालन सम्बन्धी खर्च । |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • अनुसूची ५४ बमोजिमको ढाँचामा प्रस्ताव आव्हान<br>प्रस्ताव मुल्याङ्कन छनौट तथा सिफारिस समिति<br>क) कार्यालय प्रमुख, कार्यालय - संयोजक<br>ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य<br>ग) लेखा प्रमुख, कार्यालय - सदस्य<br>घ) सम्बन्धित क्षेत्र हेर्ने शाखा प्रमुख, कार्यालय - सदस्य सचिव<br>• समितिले अनुसूची ५५ बमोजिमका आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्नेछ ।<br>• अभिमुखिकरण तथा सम्झौता<br>• कार्यक्रम सञ्चालन सम्बन्धी अन्य विषय कार्यालयले तय गर्न सक्नेछ । |
| प्रगति सूचक | पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने । |

**१७. दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका लागि श्रव्य पुस्तक उत्पादन कार्यक्रम निरन्तरताका लागि नेपाल नेत्रहिन संघ गण्डकी प्रदेशलाई अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | प्रथम/दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुको लागि आफुले चाहे अनुसार प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सहज वातावरण तयार गर्न सुचना तथा सञ्चार पाठ्यसामाग्रीमा पहुँच पुऱ्याउन आवश्यक भएकोले प्रदेश सरकारबाट जारी भएका अपाङ्गता सम्बन्धी नीति, ऐन कानुन, शिक्षक सेवा आयोग, लोक सेवा आयोग र विद्यालय तह तथा उच्च शिक्षा तहका स्वीकृत पाठ्यक्रममा आधारित भई प्रकाशित पाठ्यपुस्तकको पहुँचयुक्त ढाँचामा अडियो पुस्तक तयार गरी पहुँचयुक्त माध्यमबाट सार्वजनिक गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | दृष्टिविहिन व्यक्तिहरुको लागि श्रव्य पुस्तकहरुमार्फत सुचना तथा सञ्चार पाठ्यसामाग्रीमा पहुँच पुऱ्याउनु। |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय कास्की |
| बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन र व्यवस्थापन खर्च |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक बसी कार्यक्रम कार्यान्वयन प्रारुप तयार<br>• संस्थाबाट हालसम्म उत्पादन तथा सार्वजनिक भएका पाठ्यसामग्रीको विस्तृत विवरण सहितको सूची माग (आर्थिक वर्ष अनुसार खुलाउने )<br>• सम्झौता तथा कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | कम्तिमा १० वटा श्रव्य पुस्तक उत्पादन भएको हुने । |

**१८. सुस्केरा फाउन्डेसन मार्फत अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम (स्याङ्जा)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जना | १५० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरुको आर्थिक, सामाजिक, नागरिक, राजनीतिक, तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| कार्यक्रमको उद्देश्य | अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकको लागि आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रम संचालन गर्नु। |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय स्याङ्जा |
| बजेट वाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक<br>• कार्यक्रम संचालन सम्बन्धी गत आर्थिक वर्षको प्रगति सहितको विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | कम्तिमा १५० जना लाभान्वित भएको हुने । |

**१९. अटिजम केयर सोसाइटी गण्डकी र जानकी मा.वि. महतगौंडालाई संचालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | संख्या | ९० | दोस्रो/तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | अटिजम भएका बालबलिकाको शारिरीक अवस्था सामान्य हुने तथा उनीहरुमा भएका विभिन्न सामाजिक सीप, संचार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नका लागि जानकी मा. वि. महतगौडा र अटिजम केयर सोसाइटी गण्डकीलाई संचालन अनुदान उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | अटिजम भएका बालबलिकाको सामाजिक सीप, संचार सम्बन्धी सीप र सिकाइको क्षमता अभिवृद्धि गर्नु । |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय कास्की । |
| बजेट वाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्चहरु, बालबालिकाको क्षमता तथा आवश्यकता अनुसार खेलौना, मेशिन र उपकरण खरिद, आवश्यकता अनुसार तालिम लगायतका शिर्षकमा खर्च गर्नको लागि कुल विनियोजित बजेटको ७० प्रतिशत जानकी मा वि महतगौडा र ३० प्रतिशत अटिजम केयर सोसाइटी गण्डकीलाई सञ्चालन अनुदान |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित विद्यालय तथा संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी अघिल्लो आर्थिक वर्षको प्रगति सहित यस बर्ष सञ्चालन गरिने क्रियाकलाप सहितको विस्तृत प्रस्ताव माग ।<br>(अटिजम केयर सोसाइटी गण्डकीको हकमा अनुदान रकम प्राप्त गरे पश्चात् अटिजम भएका बालबालिका वा तिनका अभिभावकहरुले सहुलियत प्राप्त गरेको पुष्ट्याईं खुल्ने कागजात समेत माग गर्ने)<br>• प्राप्त कागजातको आधारमा अनुगमन, मूल्याङ्कन तथा सम्झौता कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | कम्तिमा ९० जना अटिजम भएका बालबालिका तथा अभिभावकको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने। |

**२०.अमोर सेवा नेपाल (बालगृह) फेदीखोला १ स्याङ्जालाई सञ्चालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | स्याङ्जा जिल्लाको फेदिखोला गाउँपालिका वडा नं १ स्थित संचालनमा रहेको अमोर सेवा नेपालको संचालनमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । | | |
| कार्यक्रमको उद्देश्य | अमोर सेवा नेपाल बालगृहलाई संचालन अनुदान उपलब्ध गराउनु । | | |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय स्याङ्जा | | |
| बजेट वाँडफाँट | बालगृह संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी अघिल्लो आर्थिक वर्षको प्रगति सहितको विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा अनुगमन, मूल्याङ्कन तथा सम्झौता | | |
| प्रगति सूचक | अमोर सेवा नेपाल (बालगृह) फेदीखोला १ लाई संचालन अनुदान उपलब्ध भएको हुने । | | |

**२१. ज्येष्ठ नागरिक आश्रम बाग्लुङ न पा १४ लाई सञ्चालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | जेष्ठ नागरिक आश्रम बाग्लुङमा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । | | |
| कार्यक्रमको उद्देश्य | जेष्ठ नागरिक आश्रम बाग्लुङलाई संचालन अनुदान उपलब्ध गराउनु। | | |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय बाग्लुङ। | | |
| बजेट वाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु। | | |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी अघिल्लो आर्थिक वर्षको प्रगति सहित विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन | | |
| प्रगति सूचक | ज्येष्ठ नागरिक आश्रम बाग्लुङलाई संचालन अनुदान उपलब्ध भई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने। | | |

**२२.सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई सञ्चालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २२५२२ | जिल्ला | १ | दोस्रो/तेस्रो |
| शीर्षक | विवरण | | |
| पृष्ठभूमि | सर्वोदय सेवाश्रम लमजुङमा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । | | |
| कार्यक्रमको उद्देश्य | सर्वोदय सेवाश्रम राइनास ८ लमजुङलाई संचालन अनुदान उपलब्ध गराउनु | | |

| | |
|---|---|
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय लमजुङ । |
| बजेट बाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी अघिल्लो आर्थिक वर्षको प्रगति विवरण सहित विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | सर्वोदय सेवा आश्रमलाई संचालन अनुदान उपलब्ध भई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने । |

**२३. बुढीगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई सञ्चालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | बुढिगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखामा आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक आवास सम्बन्धी व्यवस्थापन कार्यमा संचालनमा सहयोग पुऱ्याई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग गर्ने अभिप्रायले यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | बुढिगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई संचालन अनुदान उपलब्ध गराउनु |
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय गोरखा । |
| बजेट बाँडफाँट | आश्रम संचालनका लागि आवश्यक खर्च व्यवस्थापन वापतको खर्चहरु |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • सम्बन्धित संस्थासँग समन्वय वैठक तथा कार्यक्रम संचालन सम्बन्धी अघिल्लो आर्थिक वर्षको प्रगति सहित विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा मूल्याङ्कन तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन<br>• आश्रम सञ्चालनका लागि गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालनका लागि छनौट भएको संस्था मानव सेवा आश्रमसँग पनि समन्वय गर्न सकिने । |
| प्रगति सूचक | बुढीगण्डकी वृद्धाश्रम विकास केन्द्र आरुघाट गोरखालाई संचालन अनुदान उपलब्ध भई आश्रित ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने । |

**२४. गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालन अनुदान**

| खर्च शीर्षक | इकाई | लक्ष्य | त्रैमासिक अवधि |
|---|---|---|---|
| २६४१३ | जिल्ला | १ | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको, परिवारको सदस्य भए पनि निजले पालन पोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेका ६० बर्ष उमेर पुगेका असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकहरुको लागि स्वास्थ्य उपचार, पारिवारिक पुनर्मिलन तथा सुरक्षित आवास सेवाका माध्यमबाट सम्मान जनक जीवनयापनको प्रत्याभूति गर्न गण्डकी प्रदेश सरकारद्वारा जारी भएको गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| कार्यक्रमको उद्देश्य | असहाय र अशक्त ज्येष्ठ नागरिकहरुको सम्मानजनक दैनिक जीवनयापनमा सहयोग गर्नु । |

| | |
|---|---|
| कार्य जिम्मेवारी | एकीकृत सेवा कार्यालय गोरखा । |
| बजेट बाँडफाँट | गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रम सञ्चालन कार्यविधि, २०८२ ले निर्दिष्ट गरेका खर्च शिर्षक बापतको रकम |
| क्रियाकलाप तथा कार्यान्वयन प्रकृया | • छनौट भएको संस्थासँग समन्वय वैठक तथा कार्यक्रम सञ्चालनका लागि विस्तृत प्रस्ताव माग<br>• प्राप्त कागजातको आधारमा अनुगमन, मूल्याङ्कन तथा सम्झौता<br>• कार्यक्रम कार्यान्वयन |
| प्रगति सूचक | गण्डकी प्रदेश ज्येष्ठ नागरिक आश्रमलाई संचालन अनुदान उपलब्ध भई आश्रितहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको हुने । |

## ख. शिक्षा, संस्कृति, युवा तथा खेलकुद तर्फ

### १. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.९.१२) अभिभावक शिक्षा

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ८ | १५ लाख (कास्की-३ लाख, नवलपुर, गोरखा, लमजुङ, तनहुँ र पर्वत-२ लाख, मनाङ र मुस्ताङ-१ लाख) | तेश्रो र चौथो |

**उद्देश्यःअभिभावकमा शैक्षिक सचेतना, बालबालिकाको सिकाइप्रति जिम्मेबारी तथा विद्यालय र अभिभावक बीचको सम्बन्ध सुधार गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रस्ताव आव्हानः स्थानीय तहहरूसँग कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूको विवरण एकिन गर्ने।<br>२. साझेदारी कायम गर्नेः अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहको साझेदारीका आधारमा सञ्चालन गर्ने ।<br>३. साझेदारी कायम गर्दा देहाय बमोजिम निर्धारण गर्ने<br>क. एकीकृत सेवा कार्यालयः<br>- प्रशिक्षक प्रशिक्षण, मसलन्द, साउण्ड सिष्टम र अनुगमन<br>- मन्त्रालयले विकास गरेका रोष्टर प्रशिक्षकको सहभागितामा प्रशिक्षण एवम् सहजीकरणको व्यवस्था मिलाउनु पर्नेछ ।<br>- विषयवस्तु अनुसार सकारात्मक सोच, नवप्रतिभा र तनाव व्यवस्थापन जस्ता विषयवस्तुमा अतिथि प्रशिक्षकको व्यवस्था मिलाउन सकिनेछ।<br>ख. स्थानीय तहः<br>- सहभागी छनौट, स्थान व्यवस्थापन, सम्पूर्ण व्यवस्थापकीय कार्य (खाजा र पानी समेत) र विद्यालयसँग समन्वय र पत्राचार।<br>- कार्यक्रम आयोजना गर्दा दुई वा दुई भन्दा बढी विद्यालयका अभिभावक, शिक्षक र विद्यार्थीलाई पायक पर्ने स्थानमा केन्द्र कायम गरी संयुक्त उपस्थितिको सुनिश्चित गर्ने ।<br>- कार्यक्रममा मनोसामाजिक परामर्श, सकारात्मक सोच, खुशी विज्ञान, जीवन विज्ञान, नवप्रतिभा र तनाव विसर्जन जस्ता बिषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्नुपर्नेछ ।<br>ग. विद्यालयः सहभागी छनौट, आमन्त्रण र समन्वय मन्त्रालयबाट निर्माण भएको सहजीकरण सामग्री प्रयोग गरी स्थानीय तह तथा विद्यालयमा सहजीकरणको व्यवस्थापन गर्ने।<br>४. मन्त्रालयमा रोष्टर सूची पठाउनेः | सचेतना सम्बन्धी सहजीकरण खर्च। | एकीकृत सेवा कार्यालय, स्थानीय तह र विद्यालयहरू | स्थानीय तह, विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक सहितको सहभागी सङ्ख्या। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| लागत साझेदारी गरेका स्थानीय तहहरुबाट रोष्टर प्रशिक्षक छनौट गर्दा देहायका आधारहरू लिनुपर्नेछः<br>क. शिक्षा शाखा प्रमुख<br>ख. शिक्षा शास्त्रमा कम्तिमा स्नातक उत्तीर्ण (शिक्षा क्षेत्रका सम्बन्धित विषयमा प्रशिक्षण प्राप्त)<br>ग. स्नातकोत्तर उत्तीर्ण निवृत्त माध्यमिक तहको शिक्षक/अधिकृतस्तरको कर्मचारी।<br>५. मन्त्रालयको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने,<br>६. प्रतिवेदन तयारी र सम्प्रेषण गर्ने। | | | |

**२. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३८०) विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम (११ वटै जिल्ला)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ११ | २० लाख (मनाङ र मुस्ताङ -१ लाख, बाँकी सबै-२ लाख) | दोश्रो/तेश्रो/चौथो |

**उद्देश्यः विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभा पहिचान गरी विद्यार्थीहरूलाई प्रोत्साहन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. विद्यार्थीहरूको प्रतिभा पहिचान एवम् प्रोत्साहनका लागि देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिने छ ।<br>क. प्रतिभा पहिचानका क्षेत्रहरू निर्धारणः प्रतिभा पहिचानका क्षेत्र र कार्यक्रम सञ्चालनको समय प्रदेशस्तरीय कार्यक्रम ब्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>ख. कार्यक्रम सञ्चालनः प्रतिभा छनौटका लागि स्थानीय तहबाट छनौट/सिफारिस भई आएका प्रतियोगीहरुका बीचमा जिल्लास्तरको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>२. जिल्लास्तरीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः जिल्लास्तरमा कार्यक्रम सञ्चालन एवम् ब्यवस्थापनका लागि देहाय बमोजिम एक समिति रहनेछः<br>क. कार्यालय प्रमुख, एकीकृत सेवा कार्यालय - संयोजक<br>ख. शिक्षा शाखा प्रमुख/प्रतिनिधि, कार्यालय रहेको स्थानीय तह - सदस्य<br>ग. समितिले तोकेको क्षेत्रगत विज्ञ -सदस्य<br>घ. शिक्षा विकास तथा समन्वय एकाइको प्रतिनिधि - सदस्य<br>ङ. सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव<br>३. समितिको बैठक एवम् जिम्मेवारी<br>समितिको बैठक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>क. जिल्लास्तरीय कार्यक्रम सञ्चालन गर्नुपूर्व स्थानीय तहबाट प्रतिभाहरू पहिचान गरी छनौट गर्न स्थानीय तहहरूसँग समन्वय गरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुनेहरूको विवरण तयार गर्ने,<br>ख. बजेटको सिमा भित्र रही कार्यक्रम सञ्चालनको ढाँचा तयार गर्ने तथा प्रदान गरिने पुरस्कार एवम् प्रमाणपत्र व्यवस्था गर्ने, | बैठक व्यवस्थापन, कार्यक्रम सञ्चालन व्यवस्थापन, प्रतिभा मूल्याङ्कन, पुरस्कार र प्रमाणपत्र सम्बन्धी खर्च। | एकीकृत सेवा कार्यालयहरु | कार्यक्रममा सहभागी सङ्ख्या, विधा अनुसार पुरस्कृत भएका बिद्यार्थी र शिक्षक सङ्ख्या। |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| ग. विधागत रुपमा जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गरी प्रथम भएका प्रतियोगीलाई प्रदेशस्तरको प्रतियोगितामा सहभागिताका लागि प्रतिवेदन सहित सिफारीस गरी पठाउने,<br>घ. कार्यक्रम सञ्चालन तथा ब्यवस्थापनसँग सम्बन्धित समितिले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने।<br>४. जिल्लास्तरमा सञ्चालन हुने प्रतियोगिताका लागि विधागत रुपमा प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गर्ने प्रतियोगीहरूलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुका साथै सम्बन्धित विद्यालयलाई प्रशंसा पत्र उपलब्ध गराउनु पर्नेछ।<br>५. सहभागीले प्राप्त गर्ने सुविधाः जिल्लास्तरमा सञ्चालन हुने कार्यक्रमको लागि सम्बन्धित एकीकृत सेवा कार्यालय मार्फत र प्रदेशस्तरमा सञ्चालन हुने प्रतियोगितामा जिल्लाबाट छनौट भएका विद्यार्थी र संरक्षकलाई शिक्षा विकास महाशाखाले बजेटको सिमाभित्र रही निर्वाह खर्च र यातायात वापतको रकम कार्यक्रमको समयमा उपलब्ध गराउने। | | | |

**३. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.१३.३८६) शिक्षक सशक्तीकरण, नविनतम ज्ञान (गोरखा चिन्तन समाज) कार्यक्रम (गोरखा)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ५ | ५०० | दोश्रो र तेश्रो |

**उद्देश्यः परिवर्तित समयअनुसार शिक्षकमा हुनुपर्ने ज्ञान अध्यावधिक गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. गोरखा चिन्तन समाजसँग बिस्तृत योजना सहित प्रस्ताव माग गर्ने,<br>२. सम्झौता गर्ने र कार्यान्वयन गर्ने। | कार्यक्रम सञ्चालन र व्यवस्थापन सँग सम्बन्धित खर्च। | एकीकृत सेवा कार्यालय गोरखा र गोरखा चिन्तन समाज | १. कार्यक्रम सङ्ख्या।<br>२. सहभागी सङ्ख्या।<br>३. लाभान्वित शिक्षक सङ्ख्या। |

४. क्रियाकलाप नं. र कार्यक्रमको नामः

(१.२.१३.८) हिमाली तथा दुर्गम क्षेत्रका नमुना आवासीय विद्यालयमा आवासीय व्यवस्थापन प्रभात किरण मा. वि.,धार्चे गा.पा.
(१.२.१३.६) हिमाली तथा दुर्गम क्षेत्रका नमुना आवासीय विद्यालयमा आवासीय व्यवस्थापन हेम मा.वि., धवलागिरी गा.पा.
(१.३.५.१) हिमाली तथा दुर्गम क्षेत्रका नमुना आवासीय विद्यालयमा आवासीय व्यवस्थापन शिख मा.वि., अन्नपूर्ण गा.पा.
(१.२.१३.१२) हिमाली तथा दुर्गम क्षेत्रका नमुना आवासीय विद्यालयमा आवासीय व्यवस्थापन जननर्मल मा.वि., वारागुङ्ग मुक्तिक्षेत्र गा.पा.

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | धार्चे गापा रू. ८००, धवलागिरि गापा रू. ८००<br>अन्नपूर्ण गापा रु. ८००, मुक्तिक्षेत्र गापा रु. १००० | सबै |

उद्देश्यः लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुँच र सिकाइ उपलब्धि बढाउने

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **प्रस्ताव माग गर्नेः** विद्यालयले आवासमा बस्ने विद्यार्थीको फोटो सहितको कक्षागत रुपमा विवरण र भान्सा तथा आवासमा चाहिने न्यूनतम सामग्री सहितको प्रस्ताव पेश गर्नुपर्ने,<br>२. विद्यालयले पेश गरेका विवरणहरु रुजु गरी एकिन गर्ने,<br>३. संघ सरकार वा स्थानीय तहबाट उक्त कार्यक्रमका लागि विद्यालयलाई निश्चित विद्यार्थी संख्याको लागि रकम उपलब्ध हुने गरेको र विद्यालयमा सो संख्याभन्दा वढी विद्यार्थी आवासीय रुपमा अध्ययनरत रहेको अवस्थामा उक्त वढी विद्यार्थी संख्यालाई मात्र शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम प्रति विद्यार्थी रु. ५० हजारसम्म वार्षिक अनुदान उपलब्ध गराउने ।<br>४. विनियोजन भएको रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार भान्सा तथा आवासीय व्यवस्थापनका लागि खर्च गर्न सकिनेछ ।<br>५. **प्रतिवेदनः** तोकिए बमोजिमको कार्य सम्पन्न भए पश्चात समग्र प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ । | छात्रवृत्ति रकम, आवास व्यवस्थापन रकम | एकीकृत सेवा कार्यालय, तोकिए बमोजिमका नमूना आवासीय विद्यालयहरु र विद्यालय रहने स्थानीय तहहरु | छात्रवृत्ति रकम र लाभान्वित विद्यार्थी संख्या |

५. क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.५७६) परम्परागत, मौलिक सीप तथा संस्कृति संरक्षण तथा प्रतिस्पर्धा (बागलुङ बाहेक)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १० | २७ लाख (मनाङ र मुस्ताङ-१.५ लाख, अन्य जिल्ला-३ लाख) | दोश्रो/तेश्रो/चौथो |

उद्देश्यः परम्परागत मौलिक सीप र संस्कृति संरक्षण गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. गण्डकी प्रज्ञा प्रतिष्ठानको समन्वय र सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्ने।<br>२. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन।<br>३. पुरस्कार र प्रमाणपत्र व्यवस्था। | प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिमका आवश्यक खर्च। | एकीकृत सेवा कार्यालय र गण्डकी प्रज्ञा प्रतिष्ठान | १. कार्यक्रम सङ्ख्या,<br>२. सहभागी सङ्ख्या,<br>३. लाभान्वित सङ्ख्या। |

६. **क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.४२९) गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम (मागमा आधारित) ११ वटै जिल्लाहरु**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ११ | ३१ लाख (मनाङ मुस्ताङ - २/२ लाख र बाँकी जिल्ला ३/३ लाख) | सबै |

**उद्देश्यः- जिल्लामा रहेका अमूर्त संस्कृति र परम्पराहरूको संरक्षण र संम्वर्द्धन गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. **निवेदन संकलनः** सूचना र मागका आधारमा निवेदन संकलन गर्ने।<br>२. प्रथम चौमासिकमा कूल विनियोजित रकमको अधिकतम ५०% ननाघ्ने गरी कार्यक्रम सहयोग वितरण गर्नुपर्नेछ।<br>३. संस्कृति संरक्षणसँग सम्बन्धित सामग्री खरिद गर्न र प्रतियोगिता एवम् कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न सकिने,<br>४. **छनौट समितिः-** प्राप्त निवेदन/प्रस्तावहरूको छनौट गरी अनुदान रकम वितरण गर्न एकीकृत सेवा कार्यालयमा देहायको छनौट समिति रहनेछः<br>क. कार्यालय प्रमुख - संयोजक<br>ख. प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>ग. कार्यालय प्रमुखले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ -सदस्य<br>घ. सम्बन्धित शाखाको शाखा प्रमुख - सदस्य सचिव<br>समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।<br>५. कार्यक्रम सञ्चालन गर्नु पूर्व कम्तिमा ७ दिन अगाडि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ। | १. अनुदान सिमा(अधिकतम):-<br>क. वडा स्तरीय कार्यक्रम -रु २०,०००।-<br>ख. स्थानीय तहस्तरीय कार्यक्रम -रु ३०,०००।-<br>ग. जिल्ला स्तरीय खुल्ला कार्यक्रमः- रू.४०,०००।<br>२. अनुदान रकम खर्च गर्न सकिने क्षेत्रः<br>धर्म संस्कृतिसँग सम्बन्धित सामाग्री खरिद (बाजा, वाद्यवादनका सामाग्री धार्मिक/ साँस्कृतिक पुस्तक र परम्परागत पोशाक) खरिदको लागि अधिकतम् रु २०,०००। | एकीकृत सेवा कार्यालयहरु। | अनुदान प्राप्त गरेका संघ, संस्था,क्लव, आमा समूह र लाभान्वित सङ्ख्या |

७. **क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.२५.६०३) युवा लक्षित मागमा आधारित उद्यमशीलता तालिम भिमाद ३**

८. **क्रियाकलाप नं. र कार्यक्रमको नामः- (२.७.८.२४६) वडा कार्यालयको सहकार्यमा मागमा आधारित उद्यमसिलता तालिम म्याग्दे ५**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | २ | ४००/४०० | दोस्रो, तेस्रो, चौथो |

**उद्देश्यः- युवाहरुको लागि मागमा आधारित उद्यमशीलता तालिम सञ्चालन गर्नु।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| सम्बन्धित स्थानीय तह र वडा कार्यालयसंगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने। | प्रदेश खर्चको मापदण्ड, २०७९ तथा अन्य प्रचलित खरिद कानून बमोजिम हुने । | एकीकृत सेवा कार्यालय, सम्बन्धित स्थानीय तह र वडा कार्यालयहरु | • युवाहरुको मागका आधारमा सञ्चालन गर्न एकीन गरिएको तालिमको विषयवस्तु<br>• तालिम लिएका युवाको संख्या |

९. **क्रियाकलाप नं. र नामः-(२.७.१४.१३४) खेलकुद सामग्री वितरण (११ जिल्ला)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ११ | २४५० (जम्मा ११ जिल्ला) | दोस्रो, तेस्रो, चौथो |

**उद्देश्यः- जिल्लास्थित विभिन्न विद्यालय, क्लब एवं संघ/संस्थाहरुलाई खेल सामग्री वितरण गर्नु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. जिल्ला खेलकुद विकास समितिसँग समन्वय गरी खरिद गरिने खेलकुद सामग्री पहिचान तथा स्पेसिफिकेशन निर्धारण,<br>२. निवेदन संकलन, सार्वजनिक खरिद ऐन एवं नियमावली बमोजिम खेलकुद सामग्री खरिद र वितरण गर्ने,<br>३. जिल्ला खेलकुद विकास समितिसँगको समन्वयमा वितरण गरिने विद्यालय/क्लब तथा अन्य संघ संस्थाहरुको छनौट र सामग्री वितरण,<br>४. कार्यालयले सामग्री वितरण सम्बन्धी विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ। | • विनियोजित बजेट (एकमुष्ट खेल सामग्री खरिद)<br>• सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम हुने। | एकीकृत सेवा कार्यालय र जिल्ला खेलकुद विकास समिति | लाभान्वित विद्यालय/युवा क्लव तथा अन्य संघ संस्थाहरुको संख्या। |

**१०. क्रियाकलाप नं. र नामः- (२.७.१४.१६३) अवसरको खोजी, नैतिकता, योग ध्यान तथा आरोग्यता सचेतना कार्यक्रम (११जिल्ला)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ११ | २६०० | दोस्रो, तेस्रो, चौथो |

**उद्देश्यः- तनावलाई न्यून गरी खुसी र उत्साहपूर्वक कार्य गर्नको लागि आरोग्यता अपनाउन सहयोग पुऱ्याउनु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. अवधारणा पत्र तयारी।<br>२. सम्बन्धित संघ संस्थाबाट निवेदन/प्रस्ताव संकलन।<br>३. कार्यक्रम कार्यान्वन गर्ने संस्था, सहभागी र स्थान छनौट।<br>४. कार्यक्रम सञ्चालन, प्रतिवेदन र भुक्तानी।<br>५. सम्बन्धित स्थानीय तह/संघ संस्था र कार्यालयको समन्वय/सहकार्यमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ । | प्रशिक्षक व्यवस्थापन,हल व्यवस्थापन, खाजा/खाना,यातायात, स्टेशनरी, म्याट र अनुगमन लगायतका खर्चहरु । | एकीकृत सेवा कार्यालय र जिल्लाका योग ध्यान सम्बद्ध संघ संस्थाहरु | • सहभागी संख्या<br>• प्रतिवेदन |

**११. क्रियाकलाप नं. र नामः- (२.७.१४.१५४)११ वटै जिल्ला खेलकूद विकास समितिहरुलाई खेलकूद प्रतियोगिता आयोजना खर्च (बागलुङ र म्याग्दीको हकमा छुट रकम मन्त्रालयबाट एकिकृत सेवा कार्यालयको बिबिध खातामा उपलब्ध हुने।)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ९ | ४५०० (९ जिल्ला) | दोस्रो, तेस्रो, चौथो |

**उद्देश्यः- जिल्ला खेलकुद विकास समितिलाइ जिल्लामा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनमा सहयोग पुऱ्याउनु ।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. जिल्ला खेलकुद विकास समितिबाट अवधारणा पत्र सहितको प्रस्ताव माग, स्वीकृती र सम्झौता।<br>२. जिल्ला खेलकुद विकास समितिले जिल्लास्थित खेलसँग सम्बन्धित संघ/सँस्थाहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने।<br>३. कार्यालयबाट कार्यक्रम अनुगमन।<br>४. जिल्ला खेलकुद विकास समितिले कार्यक्रम सम्पन्न पश्चात सक्कल बिल भरपाई सहितको प्रतिवेदनका आधारमा कार्यालयवाट भुक्तानी दिने। | • सम्झौता बमोजिम विल/भरपाई, कार्यक्रम खर्च<br>• जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा सहभागिता सम्बन्धी कार्यविधि २०७९ बमोजिमका खर्चहरु। | एकीकृत सेवा कार्यालय र जिल्ला खेलकुद विकास समिति | • विधागत खेलकुद गतिविधि र खेलाडी संख्या<br>• जिल्लामा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने । |

१२. क्रियाकलाप नं. र नामः- (२.७.२३.२५) विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान (११ जिल्ला)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक |
|---|---|---|---|---|
| २२५२२ | पटक | ११ | ३१०० | दोस्रो, तेस्रो, चौथो |

उद्देश्यः- स्थानीय/जिल्ला स्तरमा सञ्चालित खेलसम्बन्धी गतिविधिहरुलाई आर्थिक सहयोग प्रदान गर्नु ।

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. सूचना प्रकाशन गर्ने,<br>२. खेल आयोजक संघ/संस्थाहरूले लेटर प्याडमा तपसिल अनुसारका कागजात संलग्न गरी कार्यालयमा निवेदन पेश गर्नुपर्नेः-<br>क. सञ्चालन गर्न लागिएको खेलकुद प्रतियोगितासम्बन्धी विवरण खुलेको प्रस्ताव<br>ख. संस्था दर्ताको प्रमाण पत्र, नविकरण र आ.व. २०८२/०८३ सम्मको कर चुक्ता।<br>३. प्रस्ताव मूल्याङ्कन तथा सहयोग रकम सिफारिस समिति देहाय बमोजिम रहनेः-<br>क. कार्यालय प्रमुख वा निजले तोकेको कार्यालयको अधिकृत प्रतिनिधि-संयोजक<br>ख. प्रतिनिधि, जिल्ला खेलकुद विकास समिति -सदस्य<br>ग. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य<br>घ. शाखा प्रमुख, सम्बन्धित शाखा - सदस्य सचिव<br>४. भुक्तानीका लागि आवश्यक कागजातहरुः<br>क. अनुमति पत्र (स्थानीय स्तरको खेल सञ्चालनको लागि सम्बन्धित स्थानीय तहबाट र जिल्ला स्तरको खेल सञ्चालनको लागि जिल्ला खेलकुद विकास समितिबाट)<br>ख. भुक्तानीका लागि निवेदन।<br>ग. खेलकुद प्रतियोगिता सञ्चालन तथा सम्पन्न भएको विस्तृत प्रतिवेदन।<br>घ. प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनमा भएको खर्च अनुमोदन गरिएको निर्णय।<br>ङ. उक्त कार्यक्रमका लागि अन्य निकायबाट सहयोग लिएको भए सो को बिबरण।<br>च. स्वीकृत बजेट अनुसारको सक्कल बिल, भरपाई तथा खर्चका प्रमाणहरू।<br>छ. आयोजक संस्थाको बैंक खाता नम्बर र संस्थाको वैंक खातामा भए अनुसारको अंग्रेजी नाम सहित स्पष्ट खुलेको चेकको प्रतिलिपी।<br>ज. उपस्थिति पुस्तिकाको प्रतिलिपि र प्रतियोगिता सञ्चालन/सम्पन्न भएका तस्बिरहरू । | अनुदान रकमको सिमा (अधिकतम):<br>• वडास्तरीय प्रतियोगितका लागि रु.२५,०००।— (रु.पच्चीस हजार),<br>• स्थानीय तहस्तरीय प्रतियोगिताका लागि रु.५०,०००।— (रु.पचास हजार)<br>• जिल्लास्तरीय प्रतियोगिताका लागि रु.७५,०००।— (रु.पचहत्तर हजार) रुपैयाँ सम्म अनुदान उपलब्ध गराउने गरी रकम निर्धारण ।<br>अनुदानको लागि संस्था छनौट बैठक खर्च, अनुदान रकम, खाजा/खाना लगायतका खर्चहरु। | एकीकृत सेवा कार्यालय, जिल्ला खेलकुद विकास समिति, खेल प्रतियोगीता गर्ने संघ सँस्थाहरु। | • अनुदान प्राप्त गरेका खेल संघ/संस्था संख्या<br>• प्रतिवेदन। |

**१३. क्रियाकलाप नं र नामः- (२.७.१४.१५५) पृथ्वीनारायण गोल्ड कप आयोजना छेपेटार (गोरखा जिल्ला)**

**१४.क्रियाकलाप नं र नामः- (२.७.१४.१२९) त्रिवेणी कप राष्ट्रिय फुटबल प्रतियोगिता सञ्चालन (लमजुङ जिल्ला)**

**१५. क्रियाकलाप नं र नामः- (२.७.१४.१२२) थाक खेलकूद प्रतियोगिता सञ्चालन (मुस्ताङ जिल्ला)**

**१६. क्रियाकलाप नं र नामः- (२.७.१४.१६६) चापाकोट क्रिकेट लिग सञ्चालन (स्याङ्जा जिल्ला)**

**१७. क्रियाकलाप नं र नामः- (२.७.१४.१६९) आलमदेवी युवा भलिवल प्रतियोगिता लसर्गाविसी कालिगण्डकी (स्याङ्जा जिल्ला)**

**१८.क्रियाकलाप नं र नामः- (२.७.१४.१६७) क्लबस्तरीय लामा अमृत भलिबल प्रतियोगिता आयोजना तथा व्यवस्थापन (कास्की जिल्ला)**

**१९. क्रियाकलाप नं र नामः- (२.७.२५.६०१) गैंडाकोट फुटबल क्लव (गैंडाकोट च्याम्पियन्स कप) गैंडाकोट ४ नवलपुर (नवलपुर जिल्ला)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ५ | ५१ लाख (१० लाख गोरखा, १० लाख लमजुङ, ५ लाख मुस्ताङ, ३/३ लाख स्याङ्जा, ५ लाख कास्की र १५ लाख नवलपुर) | दोस्रो/तेस्रो/चौथो |

**उद्देश्यः- खेलाडीहरूलाई प्रतिस्पर्धात्मक अवसर प्रदान गरी उनीहरूको खेल कौशल, क्षमता र आत्मविश्वास अभिवृद्धि गर्ने।**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँड | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| १. प्रतियोगिता आयोजक संस्थासँग प्रस्ताव माग गर्दा देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछ।<br>२. प्रतियोगिता सम्बन्धी विवरण खुलेको प्रस्ताव,<br>३. संस्था दर्ता/नवीकरणको प्रमाण पत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र<br>४. प्रस्ताव मूल्याङ्कन गरी कार्यालयले सम्झौता गर्ने।<br>५. जिल्ला खेलकुद विकास समिति र कार्यालयसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने।<br>६. प्रतियोगिता सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्ने । | प्रदेश खर्चको मापदण्ड, २०७९ र जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा सहभागिता सम्बन्धी कार्यविधि २०७९ बमोजिमका खर्चहरु । | एकीकृत सेवा कार्यालय र खेल आयोजक संस्था | • लाभान्वित खेलाडी संख्या<br>• प्रतिवेदन |

## ११. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र (कास्की, पर्वत)

### छोटो तथा लामो अवधिको व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०८३

**<u>प्रस्तावनाः</u>**

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ। श्रम गर्न योग्य हरेक नागरिकलाई काम गर्न पाउने अवसर सुनिश्चितताको लागि स्वरोजगारमूलक व्यावसायिक तालिमहरूको अवसर उपलब्ध हुन आवश्यक छ। अतः आन्तरिक तथा वाह्य श्रमबजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा स्वदेशमै रोजगारी र उद्यमशीलताको अवसर सिर्जना गर्ने गरी दैनिक रूपमा विदेश पलायन भइरहेको सक्रिय र उत्पादनशील जनशक्तिलाई स्वदेशमै रोक्ने वातावरण सिर्जना गर्न आवश्यकतानुसार छोटो तथा लामो अवधिका व्यावसायिक तथा सिपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी देहायको मापदण्ड बनाएको छ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यो मापदण्डको नाम "छोटो तथा लामो अवधिको व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ ।

(ख) यो मापदण्ड सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "मन्त्रालय" भन्नाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सम्झनु पर्छ ।

(ख) "मन्त्री" भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रीलाई सम्झनु पर्छ र यो शब्दले राज्यमन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ ।

(ग) "सचिव" भन्नाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिवलाई सम्झनु पर्छ र यो शब्दले सचिवको जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "महाशाखा प्रमुख" भन्नाले प्रशासन तथा योजना महाशाखा प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले व्यावसायीक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र र एकिकृत सेवा कार्यालयलाई सम्झनु पर्छ।

(च) "प्रतिष्ठान" भन्नाले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानलाई सम्झनुपर्छ।

(छ) "संस्था" भन्नाले कानुन वमोजिम दर्ता भएका सार्वजनिक तथा निजी तालिम प्रदायक संस्था र सामाजिक संघ संस्था समेतलाई सम्झनु पर्छ ।

(ज) "लामो अवधिको तालिम" भन्नाले ३ महिने (३९० कार्य घण्टा) सो भन्दा वढि अवधिको तालिमलाई सम्झनु पर्दछ ।

(झ) "छोटो अवधिको तालिम" भन्नाले ७ कार्यदिन (३५ कार्य घण्टा) देखि ४५ कार्यदिन (२२५ कार्य घण्टा) सम्मका अवधिको तालिमलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## तालिम सञ्चालनका प्रक्रिया र विधिहरु

**३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः**

(क) मन्त्रालय वा मन्त्रालय मातहत रहेका तालिम केन्द्र, प्रतिष्ठान, एकिकृत सेवा कार्यालय एवं अन्य निकायहरू मार्फत तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ख) मन्त्रालय तथा कार्यालयको कार्यचाप, समयावधि एवं जनशक्ति उपलब्धताको अवस्थालाई मध्यनगर गर्दै मन्त्रालय तथा कार्यालयले बाह्यस्थलमा सञ्चालन गर्नुपर्ने तालिम कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को अधिनमा रही तालिम प्रदायक संस्थाहरूसँग सम्झौता गरी सञ्चालन गर्न सक्नेछ।

(ग) सम्बन्धित स्थानीय तह र सरकारी निकायसँगको सहकार्यमा पनि आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(घ) तालिम सञ्चालनको लागि आवश्यक पर्ने खर्च सम्बन्धी व्यवस्था अनुसूची-५६ मा तोकिए बमोजिम हुनेछ।

(ङ) सञ्चालन गरिने तालिमहरु अनुसूची-५७ मा उल्लेख भए बमोजिम हुनेछन्।

(च) एकै पटकमा एक भन्दा बढि विषय र स्थानमा तालिम कार्यक्रम सञ्चालन भएको अवस्थामा तालिम कार्यक्रमको प्रभावकारीताको लागि केन्द्रले आफ्नो कर्मचारी मध्येबाट तालिम संयोजक तोकी तालिमको प्रभावकारी समन्वय सहजिकरण र सुपरिवेक्षणको व्यवस्था मिलाउन सक्नेछ। साथै केन्द्र प्रमुखले सम्पूर्ण तालिमहरुको नियमित सुपरिवेक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

**४. कार्यक्रमको लक्षित समूहः** यस कार्यक्रमको लक्षित समूह अन्तर्गत गण्डकी प्रदेशका १८ देखि ४५ वर्ष उमेर समूहभित्र पर्ने नागरिकहरू हुनेछन् तर मिनिटिलर (कृषि हलो) मर्मत तालिम, वाध्यवादन, पञ्चेबाजा जस्ता कृषिसँग सम्बन्धित तालिम तथा परम्परागत पेशा एवम् सँस्कृति जोगाउने किसीमका तालिमको हकमा १८ देखि ५० वर्ष उमेर हद कायम हुनेछ।

**५. प्रशिक्षार्थीहरुको छनौट प्रक्रियाः** प्रशिक्षार्थीहरूको छनौट देहायबमोजिम हुनेछः

(क) प्रशिक्षार्थी छनौटका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आव्हान गरिनेछ।प्रथम पटकको सूचनामा प्रशिक्षार्थीहरुको संख्या नपुगेमा पुनः ७ दिनको सूचना आव्हान गरिनेछ। उक्त सूचनाको म्याद भित्र समेत संख्या नपुगेमा उक्त स्थानको तालिमलाई अन्यत्र स्थानान्तरण गर्न सकिनेछ ।

(ख) यस तालिम केन्द्रबाट कुनै विषयमा तालिम लिइसकेपछि कम्तिमा दुइ वर्ष नभई अर्को विषयको तालिम लिन पाइनेछैन तर उक्त तालिमसंग सम्वन्धित स्तरवृद्धिका तालिमहरु लिन कुनै बाधा पर्ने छैन जस्तै मोटरसाइकल मर्मतको तालिम लिनेले अटोमोवाइलको तालिम लिन सक्ने त्यस्तै कुनै विषयका आधारभूत तालिम लिएकाहरुले त्यसैसंग सम्वन्धित एडभान्स तालिम लिन सक्नेछन यसैगरी सिलाइ तालिम लिएकाहरुले बुटीक डीजाइन तालिम लिन सक्नेछन ।

(ग) इच्छुक योग्य उम्मेदवारहरूले अनुसूची-५८ बमोजिमको दरखास्त फारम भर्नुपर्नेछ।

(घ) उपदफा (२) अनुसार दरखास्त दिने आवेदकहरुको संख्या तोकिएको संख्याभन्दा बढी भएमा अन्तर्वार्ता विधि मार्फत प्रशिक्षार्थी छनौट गरिनेछ । प्रशिक्षार्थी छनौटका लागि देहाय बमोजिमको प्रशिक्षार्थी छनौट समिति रहनेछ र समितिले नै छनौटका आधारहरु तय गर्नेछ ।

**(अ) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको हकमाः**

| | |
|---|---|
| क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख - | संयोजक |
| ख) मन्त्रालयको श्रम तथा रोजगार शाखा प्रमुख/प्रतिनिधि | सदस्य |
| ग) गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको प्रतिनिधी | सदस्य |
| घ) लेखा प्रमुख - | सदस्य |
| ङ) सम्बन्धित विषयको प्रशिक्षक/सहायक प्रशिक्षक | सदस्य |
| च) प्रशासन/योजना शाखा प्रमुख - | सदस्य सचिव |

*(आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)*

**(आ) स्थानीय तहमा संचालन हुने तालिमको हकमाः**

क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख - संयोजक

ख) स्थानीय तहको श्रम तथा रोजगार हेर्ने शाखा प्रमुख/प्रतिनिधि - सदस्य

ग) सम्बन्धित विषयको प्रशिक्षक/सहायक प्रशिक्षक सदस्य

घ) लेखा प्रमुख/प्रशासन प्रमुख - सदस्य सचिव

*(आवश्यकता अनुसार स्थानीय तहको जनप्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ)*

६. **तालिम सञ्चालन हुने स्थानः** तालिम कार्यक्रमहरू सम्वन्धित तालिम केन्द्र, स्थानीय तह वा प्रशिक्षार्थीहरुलाई पायक पर्ने स्थानमा सञ्चालन हुनेछ। तालिम सञ्चालनको मिति र समय सूचनामा तोकिएबमोजिम हुनेछ।

७. **पाठ्यक्रम र अवधिः** सञ्चालन गरिने तालिमको पाठ्यक्रम र अवधि नेपाल सरकार वा गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारको तालिम चलाउने आधिकारीक संस्थाबाट तयार भएका आधिकारिक पाठ्यक्रम बमोजिम हुनेछ। स्वीकृत पाठ्यक्रम उपलब्ध हुन नसकेमा सम्बन्धित विज्ञको सहभागितामा कार्यालयले तयार गरेको पाठ्यक्रम मन्त्रालयले स्वीकृत गरेपछि लागु हुनेछ।

## परिच्छेद ३

## तालिम प्रदायक संस्थामार्फत तालिम सञ्चालन हुने विधि

८. **रोष्टर तयार गर्नेः** मन्त्रालय तथा मातहतका तालिम सञ्चालन गर्ने कार्यालयहरुले सिप विकास तालिम नलिएका नागरिकहरुको लागि तालिम प्रदान गर्न तालिम प्रदायक संघ संस्थाहरुसँग निवेदन माग गरी निवेदनका आधारमा संघसंस्थाहरूलाई सूचीकृत गरिनेछ। यसरी सूचीकृत हुन आएका तालिम प्रदायक संघसंस्थाहरुको रोष्टर तयार गरी राखिनेछ।

९. **आर्थिक/प्राविधिक प्रस्तावको माग र मूल्याङ्कनः**

(क) दफा (८) बमोजिम सूचीकृत हुन आएका तालिम प्रदायक संस्थाहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ । प्राविधिक प्रस्ताव अनुसूची ५९ र आर्थिक प्रस्ताव अनुसूची ६० बमोजिम हुनेछ। प्रस्ताव पेश गर्दा निम्नानुसारका कागजातहरू पेश गर्नुपर्नेछः

- संस्था दर्ता/समूह दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपी
- नवीकरण गर्नुपर्ने भएमा नवीकरणको प्रतिलिपी
- कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी
- सूचनामा तोकिएबमोजिमका अन्य कागजातहरूको प्रतिलिपी

(ख) प्राविधिक प्रस्ताव मूल्याङ्कनको आधार यसै दफाको उपदफा (घ) बमोजिम हुनेछ ।

(ग) छनौट भएका तालिम प्रदायक संस्था मार्फत तोकिएको स्थानमा तालिम सञ्चालन गरिनेछ ।

(घ) प्राविधिक प्रस्तावको माग तथा मूल्याङ्कन गर्दा देहायका आधारमा गरिने छ ।

अ) तालिम केन्द्रको भौतिक पूर्वाधारको अवस्था र क्षमता

आ) तालिम प्रदान गर्ने विषयविज्ञको उपलव्धता

इ) विगतमा तालिम सञ्चालन गरेको अनुभव

ई) तालिम सञ्चालन गर्ने अनुमति प्राप्तिको अवस्था

उ) अन्य (अडिट, कालो सूची, पुरस्कार/प्रशंसा पत्र आदि)

(ङ) मूल्याङ्कनबाट छनौट भएका तालिम प्रदायक संस्थाहरुको सूची प्रकाशित गरिनेछ। तत् पश्चात सम्झौता गरी तालिम सञ्चालन हुनेछ ।

माथि जुनसकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुनले तोकिएबमोजिमका प्रक्रियाको हकमा सोही बमोजिम हुनेछ ।

**१०. आर्थिक प्रस्तावको मूल्याङ्कनः** आर्थिक प्रस्तावको मूल्याङ्कन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

**११. मूल्याङ्कन समितिः**

(क) दफा (९) बमोजिम प्राप्त भएका प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन गर्न देहायबमोजिमको मुल्याङ्कन समिति रहनेछ। मूल्याङ्कनको अंकभार विभाजन अनुसूची-६१ मा उल्लेख भए बमोजिम हुनेछ।

**(अ) <u>तालिम केन्द्र/प्रतिष्ठान/कार्यालय/स्थानीय तहमा संचालन हुने तालिमको हकमा मूल्याङ्कन समितिः</u>**

| | |
|---|---|
| क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख - | संयोजक |
| ख) मन्त्रालयको श्रम तथा रोजगार शाखा प्रमुख/प्रतिनिधि - | सदस्य |
| ग) लेखा प्रमुख - | सदस्य |
| घ) संयोजकले तोकेको विषय विज्ञ - | सदस्य |
| ङ) प्रशासन/योजना प्रमुख - | सदस्य सचिव |

*(आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)*

**१२. भुक्तानी सम्बन्धी व्यवस्थाः** तालिम प्रदायक संस्थाले तोकिएको कार्यक्रम सम्पन्न भएपछि भुक्तानीका लागि देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

(१) सम्बन्धित तालिम प्रदायक निकायको भुक्तानी माग निवेदन ।

(२) तालिम र सहभागीहरुको नामावली विवरण

(३) प्रशिक्षक तथा सहभागिहरुको हाजिरी विवरण,

(४) खर्चका विल भर्पाइहरु,

(५) तालिम सञ्चालनका फोटोहरु,

(६) अनुगमनकर्ताको अनुगमन प्रतिवेदन,

(७) अनुसूची-६२ बमोजिमको ढाँचामा तालिम सम्पन्न भएको प्रतिवेदन,

(८) उत्पादनमूलक तालिमको हकमा उत्पादित सामानको दाखिला प्रतिवेदन ।

(९) तालिम सम्पन्न भएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

(१०) सि.टि.इ.भि.टि. का आङ्गिक तथा सम्बन्धन प्राप्त तालिम प्रदायक संस्थाको हकमा व्यवस्थापन समितिको वैठकको खर्च अनुमोदनको निर्णय तथा भुक्तानीको लागि सिफारिस पत्र ।

माथि जुनसकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुनले तोकिएबमोजिमका प्रक्रियाको हकमा सोही बमोजिम हुनेछ ।

**१३. प्रशिक्षक सम्बन्धी व्यवस्था :**

(१) सामान्यतया २० जना प्रशिक्षार्थीको लागि एकजना प्रशिक्षक रहनेछ ।

(२) मन्त्रालय वा मातहतका तालिम प्रदायक निकायहरुले स्वीकृत तालिम कार्यक्रममा उल्लेख भएको मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने तालिम कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रूपमा आफ्नै कार्यालयमा कार्यरत प्रशिक्षक/सहायक प्रशिक्षकलाई खटाउनुपर्नेछ। बाह्य तालिमका लागि कार्यालयमा प्रशिक्षक/सहायक प्रशिक्षकको अभाव भएमा कार्यालयले बाह्य प्रशिक्षक/सहायक प्रशिक्षकलाई तालिम अवधी भर सेवा करारमा लिन सकिनेछ।

(३) तालिम सञ्चालन गर्नको लागि आवश्यकताअनुसार प्रशिक्षकको सूची (Roster) तयार गरिनेछ।

(४) उद्यमशीलता विकास तालिमका लागि प्रशिक्षक सूची (Roster) तयार पार्दा स्नातक उपाधि (सीप परिक्षण तह २) हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिइसकेको प्रशिक्षक छनौट गर्नुपर्नेछ। उल्लेखित योग्यता भएका प्रशिक्षक उपलब्ध नभएका तह १ (लेवल १) उत्तिर्ण भएका प्रशिक्षकलाई समेत छनौट गर्न सकिनेछ ।

(५) परम्परागत पेसा तथा व्यवसायहरूसँग सम्बन्धित तालिमको हकमा औपचारिक उपाधि प्राप्त प्रशिक्षक नभेटिएमा विषय विज्ञताको आधारमा प्रशिक्षक छनौट गर्न सकिनेछ।

(६) तालिम कार्यक्रमको अन्तिममा तालिमको विषय र उपयुक्तता हेरी प्रशिक्षार्थीको लिखित वा प्रयोगात्मक वा दुवै परीका लिई तालिमको मुल्याङ्कन गरिनेछ। प्रशिक्षकले तालिम कार्यक्रम सम्पन्न हुनु अगावै परीक्षाको नतिजा सहितको प्रतिवेदन केन्द्रलाई बुझाउनु पर्नेछ ।

१४. **कार्यक्रमको अनुगमनः** कार्यक्रमको अनुगमन आवश्यकता अनुसार मन्त्रालय तथा कार्यालयबाट हुनेछ र अनुगमनका लागि आवश्यकताअनुसार विषय विज्ञहरुलाई समेत खटाउन सकिनेछ साथै तालिम प्रदायक संस्था/प्रतिष्ठान/कार्यालयले तालिम सम्पन्न गरेको प्रतिवेदन एक हप्ताभित्र मन्त्रालय/कार्यालयमा अनिवार्य पेश गर्नु पर्नेछ ।

१५. **तालिमको क्रममा उत्पादित उपभोग्य वस्तुहरुको नियमानुसार बिक्री गर्नु पर्नेछ। बिक्री तथा वितरणका लागि देहाय बमोजिमको मुल्य निर्धारण समिति गठन गरिनेछः**

| | |
|---|---|
| क. केन्द्र प्रमुख | अध्यक्ष |
| ख. प्र.ले.नि.का/प्रदेश लेखा ईकाई कार्यालयको प्रतिनिधि | सदस्य |
| ग. सम्बन्धित विषयको विज्ञ | सदस्य |
| घ. भण्डारण शाखाको प्रमुख | सदस्य सचिव |

उल्लेखित समितिबाट निर्धारण भएको मुल्यमा उत्पादित सामान सम्बन्धित तालिमका प्रशिक्षार्थिलाई विक्रिवितरण गर्न प्राथमिकता दिईनेछ। प्रशिक्षार्थी आफुले तालिमको क्रममा तयार गरेको सबै वस्तु आफैले खरिद गरेमा प्रोत्साहन स्वरुप एकमुष्ट सहुलियत मुल्य कायम गरि निजलाई विक्रि गर्न सकिनेछ। प्रथम पटक कायम भएको मुल्यमा उक्त सामानहरु विक्रिवितरण नभएमा उक्त समितिको वैठक वसी पुनः मुल्य कायम गर्नेछ। उक्त मुल्यमा समेत विक्रिवितरण हुन नसकेमा प्रक्रियाअनुसार लिलामी गर्नु पर्नेछ। लिलाम गर्दा समेत उक्त सामानहरु कसैले सकार नगरेमा अनाथालय, शिक्षालय तथा वृद्धाश्रम जस्ता कल्याणकारी संस्थाहरुमा कार्यालयले निर्णय गरी वितरण गर्न सक्नेछ।

१६. **बाधाअड्काउ फुकाउने अधिकारः** यस मापदण्ड कार्यान्वयनमा कुनै बाधाअड्काउ परेमा केन्द्र प्रमुखले त्यस्तो बाधाअड्काउ फुकाउन सक्नेछ, तर कार्यक्रमको कार्यान्वयनको ढाँचा र थप आर्थिक दायित्व पर्ने विषयमा मापदण्डमा सम्सोधन गर्नु परेमा मन्त्रालयमा लेखि पठाउनु पर्नेछ ।

## १२. दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर)

**१ : क्रियाकलाप नं. र कार्यक्रमको नाम : (२.७.८.३१६) आ.व. २०८१/८२ मा छनोट भइ प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम संचालन निरन्तरता**

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २७२११ | प्रशिक्षार्थी | १०२ | ६५०० | दोस्रो र चौथो |

**उद्देश्यः प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालनका लागि अनुदान उपलब्ध गराउने**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • आ.व. २०८१/८२ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमको सम्झौता अनुसार तपसिलमा उल्लेखित शिक्षालय/विद्यालयहरुलाई पहिलो, दोस्रो, तेस्रो र चौथों किस्ता रकम भुक्तानी गरिसकिएको र बाँकी किस्ता रकम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम चालु आ.व. मा विद्यालय/शिक्षालयको कार्यक्रमको प्रगति प्रतिवेदन र प्रशिक्षार्थी संख्याको आधारमा तपसिल बमोजिमको कार्यक्रम अनुसार रकम निकासा दिने । (तपसिल तल) <br>• प्रचलित नियमानुसार सम्झौतामा उल्लेख भए बमोजिमका खर्चको भरपाई अनुसारका कागजातहरु शिक्षालय/विद्यालयहरुले मन्त्रालयमा पेश गर्ने । | • सम्झौतामा उल्लेख भएका खर्च शिर्षकहरू। | प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाइ | • शिक्षालय/विद्यालय संख्या <br>• लाभान्वित प्रशिक्षार्थी संख्या। <br>• बजेट निकासा विवरण |

| क्र.सं | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम | भर्ना संख्य |
|---|---|---|---|
| १ | गोर्खा बहुप्राविधिक शिक्षालय, पालुङ्टार न. पा. -०४, गोरखा | Pre-diploma in Electrical Engineering | १३ |
| | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| २ | निर्मल माध्यमिक विद्यालय. व्यास न.पा.-०१, तनहुँ | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| ३ | पोखरा प्राविधिक शिक्षालय, पोखरा म.न.पा. -११, कास्की | Pre-diploma in Hotel Management | ४० |
| | | Pre-diploma in Automobile Engineering | २६ |
| ४ | रणबीर जनहित माध्यमिक विद्यालय, वालिङ्ग न. पा.-०१, स्याङ्जा | Pre-diploma in Electrical Engineering | १९ |
| ५ | धवलागिरी प्राविधिक शिक्षालय, थसाङ गा. पा.-०३, मुस्ताङ | Pre-diploma in Hotel Management | २० |
| ६ | गण्डकी बहुप्राविधिक शिक्षालय, पोखरा म.न.पा.-२९, कास्की | Pre-diploma in Civil Engineering (Building Construction) | १९ |
| | | जम्मा | १९७ |

## २ : क्रियाकलाप नं. र कार्यक्रमको नाम : (२.७.८.३०९) आ.व. २०८२/८३ मा छनोट भइ प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम संचालन निरन्तरता

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २७२११ | प्रशिक्षार्थी | १०५ | १५०० | दोस्रो र चौथो |

**उद्देश्यः प्रशिक्षणरत औद्योगिक प्रशिक्षार्थी तालिम (२४ महिने) सञ्चालनका लागि अनुदान उपलब्ध गराउने**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • आ.व. २०८२/८३ मा शुरू भएको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमको सम्झौता अनुसार तपसिलमा उल्लेखित शिक्षालय/विद्यालयहरुलाई पहिलो र दोस्रो किस्ता रकम भुक्तानी गरिसकिएको र बाँकी किस्ता रकम कार्यक्रम निरन्तर सञ्चालनका लागि सम्झौता बमोजिम चालु आ.व. मा विद्यालय/शिक्षालयको कार्यक्रमको प्रगति प्रतिवेदन र प्रशिक्षार्थी संख्याको आधारमा रकम निकासा दिने ।<br>• यस आ.व. को सुरुवातिमा तपसिलको तालिका बमोजिम कार्यक्रमको निरन्तरता रहेको छ । | • सम्झौतामा उल्लेख भएका खर्च शिर्षकहरू। | प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाइ | • शिक्षालय/विद्यालय संख्या<br>• लाभान्वित प्रशिक्षार्थी संख्या।<br>• बजेट निकासा विवरण |

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम | भर्ना भएको विवरण जम्मा | नियमित संख्या जम्मा |
|---|---|---|---|---|---|
| १ | निर्मल माध्यमिक विद्यालय. व्यास न.पा.-०१, तनहुँ | TECS | Pre-diploma in Civil Engineering (Building Construction) | २० | १९ |
| २ | पोखरा प्राविधिक शिक्षालय, पोखरा म.न.पा. -११, कास्की | आंगिक | Pre-diploma in Hotel Management | २० | १९ |
| ३ | रणबीर जनहित माध्यमिक विद्यालय, वालिङ्ग न. पा.-०१, स्याङ्जा | TECS | Pre-diploma in Electrical Engineering | २० | १८ |
| ४ | धवलागिरी प्राविधिक शिक्षालय, थसाङ गा. पा.-०३, मुस्ताङ | आंगिक | Pre-diploma in Hotel Management | २० | १९ |
| ५ | | साझेदार | Pre-diploma in Civil Engineering | १४ | १४ |

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | | | | | | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | गण्डकी बहुप्राविधिक शिक्षालय, पोखरा म.न.पा.-२९, कास्की | | (Building Construction) | | | | | |
| | | | Pre-diploma in ECDF | २० | २० | | | |
| | | | जम्मा | ११४ | १०९ | | | |
| • प्रचलित नियमानुसार सम्झौतामा उल्लेख भए बमोजिमका खर्चको भरपाई अनुसारका कागजातहरु शिक्षालय/विद्यालयहरुले मन्त्रालयमा पेश गर्ने । | | | | | | | | |

**३ : क्रियाकलाप नं. र कार्यक्रमको नाम : (२.७.८.२६६) मन्त्रालय, शिक्षालय र औद्योगिक प्रतिष्ठानमा औद्योगिक प्रशिक्षार्थी तालिमको समिक्षा**

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | दोस्रो |

**उद्देश्यः औद्योगिक प्रशिक्षार्थी तालिमको अभिमुखीकरण र समिक्षा गर्ने**

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • अवधारणा पत्र सहितको कार्यक्रम तयारी एवं स्वीकृत गर्ने ।<br>• सहभागी छनौट र पत्राचार गर्ने ।<br>• शिक्षालय र औद्योगिक प्रतिष्ठान/औद्योगिक छलफल तथा समीक्षा कार्यक्रम सञ्चालनका लागि व्यवस्थापकीय कार्य गर्ने।<br>• अभिमुखीकरण तथा समीक्षा कार्यक्रम सञ्चालन गर्ने।<br>• कार्यक्रमको प्रतिवेदन तयार गर्ने । | • सहभागीहरुको यातायात तथा दैनिक भ्रमण भत्ता ।<br>• सहभागीहरुको खाना/खाजा खर्च ।<br>• सहजकर्ता पारिश्रमिक।<br>• लजिस्टिक खर्च (ब्यानर, फोटोकपी, प्रिन्ट, स्टेशनरी, गोष्ठी/तालिम हल) । | प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाइ | • शिक्षालय एवं सहभागी संख्या |

४: क्रियाकलाप नं. र कार्यक्रमको नाम : (२.७.८.२६३) परियोजना प्रगति समीक्षा र योजना तर्जुमा सम्बन्धि बैठक र कार्यशाला गोष्ठी

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो, तेस्रो र चौथो |

उद्देश्यः वार्षिक कार्ययोजना, मापदण्ड विकास तथा परियोजनाको प्रगति समीक्षा गर्ने

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • वार्षिक कार्ययोजना र मापदण्ड विकास गर्ने ।<br>• अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा सञ्चालन गर्ने ।<br>• आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयारी गर्ने।<br>• वार्षिक कार्ययोजना, मापदण्ड एवं बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने । | • सहभागीहरुको यातायात तथा दैनिक भ्रमण भत्ता।<br>• सहभागीहरुको खाना/खाजा खर्च।<br>• लजिस्टिक खर्च (व्यानर, फोटोकपी, प्रिन्ट, स्टेशनरी, गोष्ठी/तालिम हल)।<br>• बैठक सम्बन्धी खर्च | प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाइ | • प्रगति समीक्षा तथा योजना तर्जुमा कार्यशालाको उपस्थिति विवरण।<br>• कार्यक्रम प्रतिवेदन।<br>• आगामी आ.व. को योजना तथा बजेटको विवरण । |

५ : क्रियाकलाप नं. र कार्यक्रमको नाम : परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक, अनुगमन, सुपरिवेक्षण तथा प्रशासनिक कार्य

| खर्च शीर्षक | इकाइ | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २११३४ | महिना | १२ | ५०० | प्रथम, दोस्रो, तेस्रो र चौथो |

उद्देश्यः कार्यक्रम कार्यान्वयनको प्रभावकारीताको लागि अनुगमन, सुपरिवेक्षण गरी आवश्यकता अनुसार निर्णय गर्ने

| क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | बजेट बाँडफाँट र आवश्यक मुख्य कागजात | कार्य जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|---|
| • बैठकको एजेन्डाहरु तयारी गर्ने ।<br>• परियोजना दस्तावेजमा व्यवस्था भए बमोजिम बैठक सञ्चालन गर्ने।<br>• कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण योजना तयारी र कार्यान्वयन ।<br>• प्रशासनिक कार्यका लागि आवश्यक पर्ने सामग्रीहरुको सूची तयार गरी सामग्रीहरु खरिद गर्ने ।<br>• सामग्री खरिद गर्दा आवश्यक खरिद प्रक्रियाहरु अवलम्बन गर्ने ।<br>• आवश्यकता अनुसार प्रतिवेदन तयार गर्ने । | • अनुगमन तथा बैठक सम्बन्धी खर्च।<br>• सहभागीहरुको बैठक भत्ता/यातायात/ खाना/खाजा खर्च ।<br>• लजिस्टिक खर्च (इन्धन तथा आवश्यकता अनुसार गाडी मर्मत, व्यानर, स्टेशनरी) ।<br>• परियोजना हेर्ने महाशाखा व्यवस्थापनका लागि आवश्यक सामाग्री (ल्यापटप, स्मार्ट बोर्ड, प्रिन्टर) खरिद खर्च। | प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन इकाइ | • बैठक संख्या र सहभागीहरुको संख्या<br>• अनुगमन गरिएको कार्यक्रम संख्या<br>• सामग्री खरिद गरिएको बिल भर्पाइहरु । |

# अनुसूचीहरुः

## क. प्रशासन, योजना तथा अनुगमन शाखाः

*(सिपमूलक तथा व्यावसायिक तालिमहरुको प्रभाव अध्ययन र तथ्याङ्क सङ्कलनसंग सम्बन्धित)*

अनुसूची-१

तालिम प्राप्त गरेका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. आ.व. २०८०/०८१ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

२. आ.व. २०८१/०८२ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. आ.व. २०८२/०८३ :

| सि.नं. | नाम | ठेगाना | शैक्षिक योग्यता | लिङ्ग | लिएको तालिम | तालिमको अवधि | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-२

### तालिम लिए पश्चात तालिमसँग सम्बन्धित रोजगारी प्राप्त गरेका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. नामः ........................................................................
२. ठेगानाः ................................................
३. सम्पर्क नंः ...................................... उमेर : ................ लिङ्गः ................
४. शैक्षिक योग्यताः ..........................................
५. वैवाहिक अवस्थाः .................................. पारिवारिक भूमिकाः ....................................
६. परिवारमा सदस्य संख्याः .......................... परिवारको आम्दानीको स्रोतः ................................
७. हालसम्म लिएका तालिमहरूः

| क्र.सं. | तालिमको नाम | अवधि | लिएको साल | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**८. रोजगारी सम्बन्धी विवरण**

क) प्राप्त रोजगारीको नामः ............................................
ख) रोजगारी प्रदायक निकायः ..........................................
ग) किसिम (स्थायी/अस्थायी/करार)ः ..............................
घ) पारिश्रमिकः ..................................... रोजगारी प्राप्त गरेको मितिः ................................
ङ) रोजगारी परिवर्तन गरेको भए कहाँ/कहाँ गर्नुभयोः ................................................

**९. रोजगारीबाट परिवारमा भएको लाभः** ......................................................................................................

**१०. रोजगार प्राप्तिमा तालिमको प्रभावकारिता कस्तो लाग्यो?**

..............................................................................................

**११. थप तालिमको आवश्यकता छ? छ भने कुन तालिम लिन चाहनु हुन्छ?**

...........................................................................

**१२. सुझाव केही छ?**

.............................................................................................................................................

**१३. अपेक्षा के छ?** ......................................................................................................................

**१४. भावी योजना के छ?**

.............................................................................................................................................

विवरण दिनेको दस्तखतः ..........................................
नाम, थरः .........................................................
ठेगानाः .........................................................

## अनुसूची-३

## तालिम लिए पश्चात स्वरोजगार भएका व्यक्तिहरूको विवरण सङ्कलन फाराम

१. नामः ..........................................................................

२. ठेगानाः ..........................................................................

३. सम्पर्क नंः ........................................... उमेर : ...................... लिङ्गः .........................

४. शैक्षिक योग्यताः .................................................

५. वैवाहिक अवस्थाः ..................................... पारिवारिक भूमिकाः ................................................

६. परिवारमा सदस्य संख्याः ............................ परिवारको आम्दानीको स्रोतः .............................

७. हालसम्म लिएका तालिमहरूः

| क्र.सं. | तालिमको नाम | अवधि | लिएको साल | तालिम प्रदायक संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**८. स्वरोजगारी सम्बन्धी विवरण**

क) सञ्चालन पेसा/व्यवसाय/इलमको नाम र ठेगाना ...................................................................

ख) पेसा सञ्चालन गर्न गरेको लगानी रुः ......................................

ग) लगानीको स्रोत (स्वलगानी/ऋण/अनुदान): .................................

घ) वार्षिक आम्दानीः .................................... ङ) कति जनालाई रोजगारी दिइएको छ? .......................

च) सम्बन्धित निकायमा दर्ता/नवीकरण छ/छैन? .......................................

**९. स्वरोजगारीबाट परिवारमा भएको लाभः**

